३१७

# भक्तपुर मासिक

Bhaktapur Monthly
पुस २०७९
ISSN 2705-4454
9 772705 445004



## ख्वप अस्पतालको नयाँ भवन उद्घाटन

- महाकाली नदीमा बनाइएको भारतीय तटबन्ध अविलम्ब भत्काउनुपर्नेमा नेमकिपाको जोड
- प्रजातन्त्रविपरीतको कानुनी व्यवस्था मतसीमा खारेज गराउन सङ्घर्ष चालु राख्ने
- 'ख्वप अस्पताल जनताको आफ्नै अस्पताल हो'
- नागरिकप्रति स्थानीय सरकारको जिम्मेवारीबोध-ख्वप अस्पताल
- राजनीतिमा नैतिकताको प्रश्न
- सय वर्षपछिको भक्तपुर
- नाटकया न्हूगु रूप-उपन्यास
- वान्दिमगलमा योमरी प्रदर्शन
- भक्तपुर नपाका गतिविधि

## ख्वप अस्पतालको भवन उद्घाटनका केही चित्र






# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì$)⋆cÆ @⋆g};॥!$#⋆lj=;॥@)&(k'; ⋆A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘भूतकालको अनुभवबाट बुद्धिमान् मानिसले भविष्यको अनुमान लगाउँछन् ।’– सोफोक्लिज

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | महाकाली नदीमा बनाइएको भारतीय तटबन्ध अविलम्ब भत्काउनुपर्नेमा नेमकिपाको जोड | – | ३ |
| २) | प्रजातन्त्रविपरीतको कानुनी व्यवस्था मतसीमा खारेज गराउन सङ्घर्ष चालु राख्ने | – | ४ |
| ३) | ‘ख्वप अस्पताल जनताको आफ्नै अस्पताल हो’ | सुनिल प्रजापति | ५ |
| ४) | देशभरि नै स्वास्थ्य सेवा सहज, सुलभ र व्यवस्थित होस् | – | ८ |
| ५) | नागरिकप्रति स्थानीय सरकारको फराकिलो जिम्मेवारीबोध-ख्वप अस्पताल | नीरज लवजू | ९ |
| ६) | राजनीतिमा नैतिकताको प्रश्न | विवेक | १२ |
| ७) | सय वर्षपछिको भक्तपुर (७) | नारायणमान बिजुक्छेँ | १४ |
| ८) | समालोचनाया सिद्धान्त (१०) | प्रो.माणिकलाल श्रेष्ठ | १९ |
| ९) | वान्दिमगलमा योमरी प्रदर्शन–इतिहास ब्युँताउँदै | ओम धौभडेल | २४ |
| १०) | कला वायुगु (जुठो फाल्ने) | लक्ष्मीनारायण दुवाल | २७ |
| ११) | तलेजु मन्दिरका भित्ते चित्रहरूबारे | – | २८ |
| १२) | ख्वप अस्पतालको नयाँ भवनको उद्घाटन | – | ३० |
| १३) | भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न | – | ३७ |
| १४) | भक्तपुरलाई खेलकुद क्षेत्रमा पनि नमुना बनाउने लक्ष | सुनिल प्रजापति | ४० |
| १५) | नगरब्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण | – | ४१ |
| १६) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ५० |
| १७) | योमारी पुन्हीको अवसरमा सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुति | – | ६२ |
| १८) | अनुभवको आदान-प्रदान | – | ६९ |
| १९) | भक्तपुर नपा गतिविधि | – | ७० |
| २०) | विविध समाचार | – | ७८ |
| २१) | महान् खेलाडी पेलेको निधन | – | ८७ |
| २२) | दाहालको ‘सिध्याउने’ कुरा (सम्पादकको पृष्ठ) | – | १०० |

**साथमा** : बसिबियाँलो-४९ /संक्षेपमा-८९/ हाम्रो स्वास्थ्य-९१/ थाहा पाइराखौं-९२/ विश्वमा कोभिड-१९ को स्थिति-९३/प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित सांसदहरू २०७९-९५/ FIFA World Cup 2022 Qatar–९७/ Khwopa Hospital Mansir Report–९८/ मंसिर महिनाको पर्यटक तथ्याङ्क-९९ ।





“Creation of predecessors — Our art and culture”

# महाकाली नदीमा बनाइएको भारतीय तटबन्ध अविलम्ब भत्काउनु पर्नेमा नेमकिपाको जोड

*नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिले नेपालको दार्चुला र भारतको धार्चुलामा जोड्ने महाकाली नदीको झोलुङ्गे पुलमुनि नेपालतर्फ अतिक्रमण गरेर भारतले बनाएको तटबन्धको विरोध एवम् भर्त्सना गर्दै सरकारको ध्यानाकर्षण गरेको छ। नेमकिपाका सचिव प्रेम सुवालद्वारा मङ्सिर २१ गते प्रकाशित प्रेस वक्तव्यमा भनिएको छ –*



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६
ई-मेल : nwpp@ntc.net.np

च.नं. ३६/०७९/८०

मिति: २०७९/०८/२१

प्रेस वक्तव्य

अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले महाकाली नदीमा स्काय्भेटरहरू चलाएर नदीको धार नेपालतर्फ धकेल्दै छ। नेपालको दार्चुला र भारतको धार्चुला जोड्ने महाकाली नदीको झोलुङ्गे पुलमुनि १० मिटरभन्दा बढी नेपालतर्फ अतिक्रमण गरेर तटबन्ध निर्माण गर्दै छ। भारतीय विस्तारवादले नेपाली भूमि अतिक्रमण अझै नरोकेको हुँदा नेपाल मजदुर किसान पार्टी भारतीय विस्तारवादको विरोध एवम् भर्त्सना गर्दछ र उक्त तटबन्ध अविलम्ब भत्काउन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

भारतीय विस्तारवादले बारा जिल्लाको नेपाल-भारत सीमा स्तम्भ ३६३/१६ समेत उखेलेर नेपालीको नम्बरी जग्गामा सारेको छ। सो सीमा स्तम्भ अविलम्ब यथास्थानमै राख्नु जरुरी छ। २०७० असार २ गते महाकाली नदीको बाढीले भारततर्फ पारेको दार्चुलाको २ सय रोपनी नेपाली भूमि पनि फिर्ता ल्याउन अविलम्ब प्रक्रिया चाल्नु आवश्यक छ।

यही मंसिर १८ गते दार्चुलामा भारतीय विस्तारवादले नेपालतर्फ हानेको ढुङ्गाले नेपाली बालक प्रेमसिंह कुँवर घाइते भयो भने बिनासूचना महाकालीपारि पहाड विस्फोट गरी सडक निर्माणको क्रममा कात्तिक ११ गते ९ वर्षीय नेपाली बालकको मृत्युसमेत भयो।

२०७८ साउन १५ गते भारतीय सुरक्षाकर्मीले महाकाली नदीको तुइन खुस्काइदिएर ३३ वर्षीय जयसिंह धामीलाई महाकाली नदीमा बेपत्ता पार्‍यो। २०७८ मंसिरमा नेपालको ब्यास गाउँपालिका-१ छाङरु र टिङ्करको जनगणना गर्न नेपाली कर्मचारीलाई भारत सरकारले बाटो दिएन। नेपालविरुद्ध भारतीय विस्तारवादको बलमिचाइ, र ज्यादतीको नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ।

सुगौली सन्धिअनुसार महाकाली नदीपारिमात्र भारत पर्दछ अर्थात् सिङ्गो महाकाली नदी नेपालको हो। नेपालको हितविपरीत महाकाली नदीको अधिकांश भाग भारतकोसमेत साझा उल्लेख गरिएको 'महाकाली नदी एकीकृत विकास सन्धि' खारेज गर्नु आवश्यक छ। नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने बेलायत, भारत र नेपालबीचको त्रिपक्षीय गोर्खा भर्ती सन्धि, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, नेपालको हितविपरितका कोशी र गण्डक सम्झौतालगायत सबै असमान सन्धि सम्झौता अविलम्ब खारेज गर्नु जरुरी छ।

नेपालको सार्वभौमिकता रक्षा र नेपाली जनताको सुरक्षामा सचेत हुन र भारतअतिक्रमित ६० हजार हेक्टरभन्दा बढी नेपाली भूभाग फिर्ता ल्याउन नेपाल मजदुर किसान पार्टी बर्तमान सरकार र अब गठन हुने सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।

प्रेम सुवाल
सचिव

'अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले महाकाली नदीमा स्काय्भेटरहरू चलाएर नदीको धार नेपालतर्फ धकेल्दै छ। नेपालको दार्चुला र भारतको धार्चुला जोड्ने महाकाली नदीको झोलुङ्गे पुलमुनि १० मिटरभन्दा बढी नेपालतर्फ अतिक्रमण गरेर तटबन्ध निर्माण गर्दै छ। भारतीय विस्तारवादले नेपाली भूमि अतिक्रमण अझै नरोकेको हुँदा नेपाल मजदुर किसान पार्टी भारतीय विस्तारवादको विरोध एवम् भर्त्सना गर्दछ र उक्त तटबन्ध अविलम्ब भत्काउन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

भारतीय विस्तारवादले बारा जिल्लाको नेपाल–भारत सीमा स्तम्भ ३६३/१६ समेत उखेलेर नेपालीको नम्बरी जग्गामा सारेको छ। सो सीमा स्तम्भ अविलम्ब यथास्थानमै राख्नु जरुरी छ। २०७० असार २ गते महाकाली नदीको बाढीले भारततर्फ पारेको दार्चुलाको २ सय रोपनी नेपाली भूमि पनि फिर्ता ल्याउन अविलम्ब प्रक्रिया चाल्नु आवश्यक छ।

यही मङ्सिर १८ गते दार्चुलामा भारतीय विस्तारवादले नेपालतर्फ हानेको ढुङ्गाले नेपाली बालक प्रेमसिंह कुँवर घाइते भयो भने बिनासूचना महाकालीपारि पहाड विस्फोट गरी सडक निर्माणको क्रममा कार्तिक ११ गते ९ वर्षीय नेपाली बालकको मृत्यु भयो।

२०७८ साउन १५ गते भारतीय सुरक्षाकर्मीले महाकाली नदीको तुइन खुस्काइदिएर ३३ वर्षीय जयसिंह धामीलाई महाकाली नदीमा बेपत्ता पार्‍यो। २०७८ मङ्सिरमा नेपालको ब्यास गाउँपालिका–१ छाङरु र टिङ्करको जनगणना गर्न नेपाली कर्मचारीलाई भारत सरकारले बाटो दिएन। नेपालविरुद्ध भारतीय विस्तारवादको बलमिचाइ र ज्यादतीको नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ।

सुगौली सन्धिअनुसार महाकाली नदीपारिमात्र भारत पर्दछ अर्थात् सिङ्गो महाकाली नदी नेपालको हो। नेपालको हितविपरीत महाकाली नदीको अधिकांश भाग भारतको समेत साझा उल्लेख गरिएको 'महाकाली नदी एकीकृत विकास सन्धि' खारेज गर्नु आवश्यक छ। नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने बेलायत, भारत र नेपालबीचको त्रिपक्षीय गोर्खा भर्ती सन्धि, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि, नेपालको हितविपरीतका कोसी र गण्डक सम्झौतालगायत सबै असमान सन्धि सम्झौता अविलम्ब खारेज गर्नु जरुरी छ।

नेपालको सार्वभौमिकता रक्षा र नेपाली जनताको सुरक्षामा सचेत हुन र भारत अतिक्रमित ६० हजार हेक्टरभन्दा बढी नेपाली भूभाग फिर्ता ल्याउन नेपाल मजदुर किसान पार्टी वर्तमान सरकार र अब गठन हुने सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।'

नेमकिपाको ३४ औं केन्द्रीय परिषद् सम्पन्न

# प्रजातन्त्रविपरीतको कानुनी व्यवस्था मतसीमा खारेज गराउन सङ्घर्ष चालु राख्ने




नेपाल मजदुर किसान पार्टीको ३४ औँ केन्द्रीय परिषद् (पुस ८–१०) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका प्रस्ताव र निर्णयहरूसहित पुस १० गते सम्पन्न भयो।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा सम्पन्न बैठकले पार्टीको ४९ औं स्थापना दिवस २०७९ माघ १० गतेको अवसरमा एक हप्ताअगाडि र एक हप्तापछाडि दुई हप्ता जिल्लाको पालिका र वडा तहसम्म पार्टी प्रकाशन अध्ययन र अन्तरक्रियालगायतका गतिविधि गर्ने गराउने निर्णय गरेको छ।

नेमकिपाका केन्द्रीय समितिका पदाधिकारी, जिल्ला समितिका अध्यक्ष प्रतिनिधि, जनवर्गीय सङ्गठनका अध्यक्ष तथा प्रतिनिधि, विभिन्न पेशागत सङ्गठनका अध्यक्ष तथा प्रतिनिधिसहितको तीनदिनसम्म भक्तपुरमा बसेको पार्टीको केन्द्रीय परिषद्ले मार्क्स, एंगेल्स, लेनिन, स्तालिन, माओ त्सेतुङ र विश्वका कम्युनिस्ट आन्दोलनका क्रान्तिकारी नेता र नेतृहरूको जन्मदिवसको अवसरमा नयाँ पुस्तालाई उहाँहरूको जीवनी तथा कृतिबारे अध्ययन र अन्तरक्रिया गर्ने गराउने निर्णय पनि गरेको छ। त्यस्तै नेमकिपाले अक्टोबर समाजवादी क्रान्ति, चिनियाँ जनक्रान्ति, क्युवाली समाजवादी क्रान्ति, कोरियाली समाजवादी क्रान्तिलगायत विश्वका प्रसिद्ध मजदुर र कम्युनिस्ट आन्दोलन तथा मुक्ति आन्दोलनहरूबारे युवा-विद्यार्थीसमेतलाई संलग्न गराई अध्ययन र अन्तरक्रिया चालु राख्ने निर्णय गरेको छ।

नेमकिपाको केन्द्रीय परिषद्ले प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा ३ प्रतिशत मत प्राप्त गरेका राजनीतिक दललाई मात्र राष्ट्रिय दलको मान्यता र समानुपातिक निर्वाचनको स्थान प्राप्त हुने तथा प्रदेशसभाको समानुपातिक चुनावमा एक स्थान प्राप्त गर्न समानुपातिक चुनावमा एक दशमलव पाँच प्रतिशत मत प्राप्त गर्नुपर्ने प्रजातन्त्रविपरीतको कानुनी व्यवस्था खारेज गराउन सडक र संसद्मा सङ्घर्ष चालु राख्ने निर्णय गरेको छ।

नेमकिपाले अमेरिकी स्वार्थको लगानी तथा वर्तमान र भविष्यको अमेरिकी कानुन एवम् नीतिसमेत पालना गर्नुपर्ने र नेपाललाई अमेरिका अनि भारतको नवउपनिवेश बनाउने देशघाती एमसीसी सम्झौता खारेज नभएसम्म जनताको समेत साथ लिएर सडक र सदनमा सङ्घर्ष चालु राख्ने; नेपालको सैनिक ब्यारेकलाई अमेरिकी सेनाले कब्जा गर्ने गरी नेपालले अमेरिकी राज्य 'युटा' सँग गरेको सैन्य साझेदारी (एसपीपी कार्यक्रम) खारेज गराउन सङ्घर्ष चालु राख्ने बताएको छ।

त्यस्तै, नेमकिपाले गएको मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा नेमकिपालाई आफ्नो अमूल्य मत दिने सम्पूर्ण मतदाता र अन्य सहयोगी एवम् शुभेच्छुकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छ।

नेमकिपाले पुँजीवादी सरकारको लुछाचुँडीको लागि सिद्धान्तहीन निर्वाचन गठबन्धन र चुनावी तालमेल गरेका, नगद र सामान बाँडेका, भोजभतेर खुवाएका तथा आचारसंहिता उल्लङ्घन गरेका शासक दलहरूको दुईदलीय तानाशाही र फासीवादी नीतिको विरोध एवम् भर्त्सना कार्यक्रमलाई चालु राख्ने, देश हितविपरीतको नागरिकता विधेयक खारेजीको लागि सडक र सदनमा सङ्घर्ष चालु राख्ने निर्णय गरेको छ।

# 'ख्वप अस्पताल जनताको आफ्नै अस्पताल हो'



भक्तपुर नगरपालिकाको ७३ स्थापना दिवसको अवसरमा यहाँ उपस्थित सम्पूर्ण दाजुभाइ तथा दिदी बहिनीहरूलाई हार्दिक शुभकामना दिन चाहन्छौँ।

भक्तपुर नगरपालिकालाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन समाजका अगुवा र सामाजिक कार्यकर्ताहरू तथा स्थानीय जनताले धेरै मिहिनेत, परिश्रम र दुख गर्नुभयो। नगरपालिकाको हरेक काममा प्रत्यक्ष र अप्रत्यक्ष साथ र सहयोग गर्ने यहाँका तमाम नगरवासी दाजुभाइ तथा दिदी बहिनीहरूलाई हार्दिक नमस्कार गर्न चाहन्छौँ।

२०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनमा भक्तपुर नगरका जनताले नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराउनु भएकोमा आजको यस अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। निर्वाचन घोषणापत्रमार्फत स्वास्थ्य क्षेत्रमा हामीले ख्वप अस्पताललाई सय शय्याको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने, वडा वडामा स्वास्थ्य केन्द्रहरूको विस्तार गर्ने, विशेषज्ञहरूमार्फत नियमित स्वास्थ्य शिविरहरू सञ्चालन गर्नेलगायतका प्रतिबद्धता व्यक्त गरेका थियौँ।

२०७९ जेठ ६ गते हामीले दोश्रो कार्यकालका

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

लागि शपथ ग्रहण गऱ्यौँ र लगतै हामी निर्वाचनको बेला जनताबीच गरेका प्रतिबद्धताहरू पूरा गर्नमा केन्द्रित भयौँ। २०७९ जेठ २३ गते बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको तर्फबाट **ख्वप अस्पताल सय शय्याको स्तरोन्नति भएको पत्र** प्राप्तभयो। त्यस कार्यमा धेरै मित्रहरूले सहयोग गर्नुभयो। विशेष गरी प्रदेश स्वास्थ्य मन्त्रालय, निर्देशनालय र बागमती प्रदेशसभाका सदस्यहरू मा. सुरेन्द्रराज गोसाई, सृजना सायंजू, जिल्ला जन स्वास्थ्य कार्यालयलगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने तमाम सहयोगी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

भक्तपुर नगरवासीहरूको स्वास्थ्य उपचारको सहज पहुँचका लागि **घर दैलो नर्सिङ सेवा**लाई निरन्तरता दिँदै भनपा १ सल्लाघारी, भनपा २ ब्यासी र भनपा ५ भगवतीस्थानमा चिकित्सकसहितको **स्वास्थ्य केन्द्रहरू स्थापना गरी नियमित सेवा प्रदान** गर्दै आएका छौँ। भनपा ९ च्याम्हासिंहस्थित ख्वप अस्पतालले दैनिक ७५० भन्दा बढी बिरामीलाई सेवा प्रदान गर्दै आएको छ। यस अस्पतालमा विभिन्न रोगका विशेषज्ञसहित ३६ जना चिकित्सकहरू विभिन्न तहमा गरी **कूल १५६ जनाभन्दा बढी कर्मचारीहरू** कार्यरत छन्। आवश्यकताअनुसार स्वास्थ्य उपकरणहरू र जनशक्ति व्यवस्थाको लागि अस्पताल व्यवस्थापन समिति प्रयासरत छ।

यस अस्पतालले गत आ.व. २०७८।७९ मा ५० भन्दा बढी जिल्लाका **१ लाख ७५ हजार ९ सयभन्दा बढी बिरामीहरू**लाई स्वास्थ्य उपचार सेवा प्रदान गऱ्यो। नगरवासीहरूलाई अझ सहज सेवा पुऱ्याउने उद्देश्यले हाल भनपा १० मा स्वास्थ्य केन्द्र निर्माणाधीन अवस्थामा छ भने यो वर्ष भनपा ७ खँचामा स्वास्थ्य केन्द्र निर्माणका लागि प्रक्रिया अगाडि बढाउँदै छौँ। यो वडा वडामा स्वास्थ्य केन्द्रहरू विस्तार गर्ने चुनावी प्रतिबद्धता कार्यान्वयनको सिलसिला हो। हाल वडा वडामा दम खोकी सम्बन्धी स्वास्थ्य परीक्षण शिविरहरू चल्दैछन्।

ख्वप अस्पताल २०७५ साल फागुन ९ गते शिलान्यास भई झन्डै ३ वर्ष १० महिनामा आज उद्घाटन

हुँदैछ। यस भवन निर्माणका लागि **प्रारम्भिक ल.इ. रु. ७६ करोड** भएकोमा नेपाल सरकारको तर्फबाट ६ करोड, जिल्ला समन्वय समितिबाट १ करोड ५० लाख आर्थिक सहयोग प्राप्त भयो भने बाँकी सबै नगरपालिका कोषले व्यहोरेको हो र बाँकी कामको लागि आवश्यक बजेट नगरपालिकाले नै व्यहोर्ने छ। **स्वास्थ्य उपकरण**को लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट आइसियुका लागि २ करोड ७९ लाख र एचडियुको लागि १ करोड २८ लाख ८४ हजार तथा बागमती प्रदेश सरकारबाट रु.१ करोड प्राप्त भएको थियो। त्यसै गरी भक्तपुर नगरपालिकाको भगिनी सम्बन्ध भएको जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको शान्नान शहरबाट पहिलो पटक २०७८ जेठ ३० गते भेन्टिलेटर १ थान, अक्सिजन कन्सन्ट्रेटर ३२ थान, अक्सिजन सिलिण्डर(४० लिटरका) १०० थान र बेड ५० वटा तथा दोश्रो पटक २०७९ साउन ८ गते भेन्टिलेटर १ थान, ओटी टेबुल १ थान र ओटी लाइट सहयोग प्राप्त भएको थियो। चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट नेपाल मजदुर किसान पार्टीलाई प्राप्त स्वास्थ्य सामग्रीहरूमध्ये १५ हजार थान एन ९५ मास्क र ५ थान हाइड्रोजन अक्सिजन जेनेरेटर पार्टी सचिव प्रेम सुवालबाट २०७८ जेठ २४ गते ख्वप अस्पताललाई प्राप्त भयो। पछिल्लो चरणमा चीन सरकारको तर्फबाट रु. १ करोड बराबरको रकम प्राप्त भएकोमा स्वास्थ्य उपकरण खरिद प्रकृया चलिरहेको छ।

हामीलाई थाहा छ, नेपालमा स्वास्थ्य सेवा अत्यन्त महँगो छ। गरिब जनताहरू उपचारबिना मर्नुपर्ने अवस्थामा छन्। विश्व स्वास्थ्य सङ्गठन (डब्लु.एच.ओ.) काअनुसार नेपालमा स्वास्थ्य उपचारको कारण हरेक वर्ष ५ लाख मानिसहरू गरिबीको रेखामुखी झर्छन्। नेपालजस्तो विकासोन्मुख देशले प्रतिव्यक्ति स्वास्थ्यमा ८६ अमेरिकी डलर खर्च गर्नुपर्ने भनिएपनि नेपाल सरकारले प्रतिव्यक्ति १७.३ डलरमात्रै खर्च गरिरहेको उल्लेख छ। राज्यको कूल बजेटको १० प्रतिशत भन्दा माथि स्वास्थ्यमा लगानी गर्नुपर्ने मान्यता रहे पनि आ.व. २०७९/८० मा ६.८७ प्रतिशत मात्रै लगानी भएको तथ्याङ्क छ। यस अर्थमा अहिले पनि **नेपाली जनता झण्डै ८० प्रतिशत निजी क्षेत्रमा गएर सेवा लिनुपर्ने बाध्यता छ।** सरकारी अस्पतालहरूमा सुधार नगर्ने र बिरामीहरू उपचारको लागि निजी अस्पतालहरूमा गइरहनुपर्ने बाध्यताको अन्त्य गर्न सकेनौं भने जनता स्वास्थ्यकै कारण घरखेत बेच्न बाध्य हुनुपर्ने र ऋणको पासोमा परेर अकाल मृत्युवरण गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछैन। हामी जनतालाई त्यो अवस्थाबाट मुक्त गर्न चाहन्छौं।

त्यसको निम्ति हामीले २०३० सालदेखि सञ्चालित च्याम्हासिंहस्थित जन स्वास्थ्य केन्द्रलाई **२०७८ साल वैशाख १७ गतेबाट ख्वप अस्पतालको रूपमा सञ्चालन** गर्‍यौँ। जिल्ला जनस्वास्थ्य कार्यालयबाट २०७३ सालमै २५ शय्याको स्वीकृति पाएका थियौँ। कोभिड महामारीबीच ख्वप अस्पताल सञ्चालन गर्दा हाम्रा सामु कोभिड बिरामीहरूको जीवन रक्षा, ठाउँको समस्या, स्वास्थ्य सामग्रीहरू र जनशक्तिको अभाव जस्ता थुप्रै चुनौतीहरू थिए। तर जनप्रतिनिधिहरूमा इच्छा शक्तिमा कुनै कमी थिएन। अत्यन्तै प्रतिकूल अवस्थामा पनि स्थानीय जनतासँग हातेमालो गरी निरन्तर जनताको सेवामा अगाडि बढी रह्यौँ। जनताको साथ र सहयोग भयो भने हरेक क्षेत्रमा सफलता हासिल गर्न सम्भव छ भने एउटा उदाहरण बन्यो भक्तपुर नगरपालिका।

विश्वव्यापी महामारीको रूपमा कोरोना फैलिएको बेला जनता अत्यन्तै त्रसित थिए। अक्सिजनको अभावमा विभिन्न ठाउँका जनताको अकाल मृत्यु हुन थालेपछि भक्तपुरवासी जनताको जीवनरक्षालाई हामीले पहिलो प्राथमिकतामा राख्यौँ र निर्माणाधिन ख्वप अस्पतालमा अक्सिजन प्लान्ट राख्ने निष्कर्षमा पुग्यौँ। अक्सिजन प्लान्ट र अन्य स्वास्थ्य उपकरण खरिद गर्न विपद व्यवस्थापन कोष खडा गरी **आर्थिक सहयोग सङ्कलन** गर्‍यौँ। छोटो अवधिमै ६ करोड २६ लाखभन्दा बढी सहयोग सङ्कलन भयो। कोरोनाका बिरामीहरू र आइसोलेसनमा बस्नुभएका तमाम सङ्क्रमित दाजुभाइ तथा दिदी बहिनीहरूको निःशुल्क सेवा गर्‍यौँ। त्यतिबेला ४५५ भन्दा बढी कोरोनाका बिरामीहरूलाई भर्ना गरी निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्‍यौँ।

अक्सिजन प्लान्ट राख्न नगरवासी मात्रै होइनन्, देश र विदेशमा बस्ने धेरै मित्रहरूले आर्थिक र स्वास्थ्य उपकरण सहयोग गर्नुभयो। त्यही सहयोगले आज **भक्तपुरका जनताले निःशुल्क अक्सिजन** पाउनु भएको छ भने अन्य नागरिकहरूले न्यून शुल्कमा अक्सिजन पाउनुकासाथै सारा जनताले सस्तो र सहज उपचार पाइरहनु भएको छ। उहाँहरूको उच्च मूल्याङ्कन गर्दै रु. ५ लाखभन्दा बढी सहयोग गर्ने सहयोगी दाताहरूलाई आजका दिन **कदर पत्र** दिने व्यवस्था गरेका छौँ।

कोभिड रोकथाम र नियन्त्रणको क्रममा जात्रा पर्वहरूलाई औपचारिकतामा सीमित गर्ने, कीटनाषक औषधी छर्ने, राहत वितरण, घरघरमा गएर कोभिड सङ्क्रमितहरूको

सेवा गर्ने तथा जनतालाई स्वास्थ्य सम्बन्धी जानकारी दिन नियमित रूपमा सूचना प्रवाह गर्ने काम गर्‍यौँ। कोरोना महामारीबीच भक्तपुर नगरपालिकाले गरेको कामको उच्च मूल्याङ्कन गर्दै बागमती प्रदेश सरकारले भक्तपुर नगरपालिकालाई प्रदेश राजधानी हेटौंडामा २०७९ असार ३० गते **विपद सेवी पदक**बाट सम्मान गर्‍यो। यहाँका जनताले गरेका कामको उच्च मूल्याङ्कन भएकोमा हामी खुशी छौँ।

कामको सिलसिलामा हाम्रा थुप्रै कमी कमजोरीहरू भए होलान् तर जनताको सेवा गर्ने भावना नै हाम्रो मुख्य उद्देश्य हो। आज ती सबैको विवरण सङ्ग्रहित पुस्तक **'कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका'** पुस्तक नेमकिपाका श्रद्धेय अध्यक्ष का. नारायणमान बिजुक्छेँज्यूबाट सार्वजनिकीकरण भयो। भक्तपुर नपाले कोभिडमा जनतासँग मिलेर कसरी काम गर्‍यो भन्ने कुरा त्यस पुस्तकबाट यहाँहरूले जानकारी पाउनु हुनेछ।

ख्वप अस्पताल स्थान अभावको कारण अन्तरङ्ग विभाग ब्रम्हायणीको भवनमा सञ्चालन हुँदै आएकोमा अब क्रमशः नयाँ भवनमा सार्नेछौँ। ब्रम्हायणीको भवनलाई **प्रसुति केन्द्रको रूपमा विकास गर्ने** योजना छ। त्यसको लागि हामी तयारी गर्दैछौँ।

भक्तपुर नपाले **श्वासप्रश्वास पुनःस्थापना केन्द्र** र नगरस्तरीय **आयुर्वेदिक उपचार केन्द्रहरू** व्यवस्थापन गरी स्वास्थ्य क्षेत्रमा जनताको सेवा गर्दै आएको छ। तिलगंगा आँखा प्रतिष्ठानसित समन्वय गरी नगरपालिकाकै व्यवस्थापनमा **सामुदायिक आँखा उपचार केन्द्र** सञ्चालन गर्दै आएकोमा उक्त केन्द्रबाट गत आ.व.२०७८।७९ मा २३,०३७ जनाको उपचार गरिएकोमा मोतिबिन्दुको ३९० ओटा अपरेशन भएको थियो।

कोभिड १९ रोकथाम र नियन्त्रणका लागि खोप नै भरपर्दो उपाए भएको चिकित्सकहरू कुरालाई ध्यानमा राखी व्यापक **खोप अभियान** चलायौँ। त्यस क्रममा ख्वप अस्पतालबाट कोभिशिल्ड १८,२४४, भेरोशिल्ड १,१७,७९२, जोन्सन एण्ड जोन्सन ३,८९२, मोर्डना २६,५४५ र फाइजर १३,८५६ गरी कूल १,८०,३२९ डोज खोप लगाउन सफल भयौँ।

जनताको सहज पहुँचका लागि हरेक दिन बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म दैनिक ११ घण्टा ओपीडी सेवा, शनिबार र कुनै पनि सार्वजनिक बिदाको दिन बन्द नहुने गरी **वर्षको ३६५ दिन नै ओपीडी सेवा**को व्यवस्था मिलाएका छौँ। गुणस्तरीय स्वास्थ्य उपचारको लागि थप स्वास्थ्य उपकरण र आवश्यक जनशक्ति जुटाउन प्रयासरत छौँ।

**उपचारबिना कुनै पनि नागरिकले मृत्युवरण गर्न नपर्ने अवस्थाको लागि हाम्रो अधिकत्तम प्रयास जारी रहनेछ।** नेपाल सरकारको विशिष्टिकृत अस्पतालहरू भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त अङ्ग प्रत्यारोपन केन्द्र भक्तपुरमै छन्। बागमती प्रदेशअन्तर्गतको जनरल अस्पतालको रूपमा भक्तपुर अस्पताल छ। भक्तपुर देशकै सानो नगरपालिका भए पनि यहाँ चारओटा महत्त्वपूर्ण सरकारी अस्पतालहरू छन्। बालबच्चा र आमाहरूको लागि सिद्धि स्मृति अस्पतालले सेवा दिइरहेको छ। भक्तपुरका जनता उपचारको लागि भक्तपुर बाहिर जान नपर्ने व्यवस्थाको लागि हाम्रो प्रयास निरन्तर रही आएको छ। यी अस्पतालहरूले राम्रो सेवा दिन सकेमा व्यापारका लागि खोलिएका महँगा महँगा निजी अस्पतालहरूमा गएर उपचार गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ।

अन्त्यमा, ख्वप अस्पतालमा बरोबर निरीक्षण गर्नु भई सुधारको निम्ति सधैँ हामी जन प्रतिनिधिहरूलाई प्रेरणा दिइरहनुहुने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। अस्पतालको विकासको निम्ति सहयोग गर्ने मा. प्रेम सुवालप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौँ। कोरोनाको समयमा आफ्नो जीवन दाउमा राखेर अहोरात्र खट्नुभएका जनप्रतिनिधि, कर्मचारी, राजनैतिक कार्यकर्ता, स्वयम्सेवक, चिकित्सकलगायत आर्थिक र भौतिक सहयोग गर्ने तमाम जनतालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। हाम्रा गतिविधिहरू प्रचारप्रसार गरी सुसूचित गर्ने पत्रकार मित्रहरू पनि धन्यवादका पात्र हुनुहुन्छ। ख्वप अस्पताल जनताको आफ्नै अस्पताल हो भन्ने भावनालाई मनन गर्दै विगतका दिनहरूमा झैँ निरन्तर सहयोगको अपेक्षा गर्दछौँ। यहाँहरूको नैतिक सहयोग नै हाम्रो निम्ति जनताको सेवा गर्ने उत्प्रेरणाको स्रोत बन्नेछ।

*(भक्तपुर नगरपालिकाको ७३ औँ स्थापना दिवसको अवसरमा ख्वप अस्पताल उद्घाटन समारोह २०७९ पुस २ गते प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

eQmk'/ gu/kflnsfåf/f ;~rflnt Vjk c:ktfnaf6 nfe p7fpg'xf]; \.

# देशभरि नै स्वास्थ्य सेवा सहज, सुलभ र व्यवस्थित होस्

देशभरिका जनतालाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु राज्यको दायित्व हो । सरकारले आफ्नो जिम्मेवारी पूरा नगर्दा अनाहकमा हजारौँ लाखौँ मानिसको ज्यान गइरहेको छ । राज्यले सुगम होस् या दूर्गम, विकट होस् या सुविधा सम्पन्न सबै ठाउँमा जनताको स्वास्थ्य सेवा सहज पुऱ्याउनुपर्छ । समयमा उपचार गर्न नपाएर, औषधि नभएर या पैसाको कारण कुनै पनि व्यक्तिको ज्यान नजाओस् भन्ने उद्देश्यले राज्यले स्वास्थ्य सेवामा ध्यान पुऱ्याउनुपर्ने हो । तर, देशमा औषधि नपाएर, औषधि किन्न नसकेर, बिरामीको समयम उपचार गर्न नपाएर या नजिकै जनस्वास्थ्य केन्द्र र अस्पताल नभएर धेरैको ज्यान गइरहेको छ । यसकारण, राज्यले आवश्यकताअनुसार या देशभरि नै जनस्वास्थ्य केन्द्र र अस्पतालहरू खोल्नुपर्छ । अस्पतालमा आवश्यक उपकरण, जनशक्ति र औषधिको व्यवस्था गर्नुपर्छ । तर, सरकारले यसतर्फ चासो राखेको देखिँदैन ।

कुनै पनि नागरिक उपचार गर्न नपाएर मर्न नपरोस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले नर्सिङ सेवामात्र होइन वडा वडामा जनस्वास्थ्य सेवा केन्द्र विस्तार गरिरहेको छ । जनस्वास्थ्य केन्द्रको रूपमा सञ्चालित केन्द्रलाई अस्पतालको रूपमा परिवर्तन गरेको छ । ख्वप अस्पताललाई भक्तपुर नपाले जनताको अस्पतालको रूपमा लिएको छ । तर, सत्तासीन दलका नेताहरू, जिम्मेवार व्यक्तिहरू इमानदार नहुँदा, जनताको घर आँगनमा हरेक नागरिककहाँ स्वास्थ्यसेवा पुऱ्याउनुपर्छ भन्ने विचार र भावना नहुँदा अनाहकमा जनता मरिरहेका छन् । सबै पक्षले जनताको सेवा गर्नुपर्छ भन्ने अठोटका साथ अघि नबढेसम्म जनताले राम्रो स्वास्थ्य सेवा पाउने छैनन् ।

जनताको साथ र सहयोगमा अघि बढ्यो भने शिक्षा, सम्पदा, सरसफाइमा मात्र होइन स्वास्थ्य सेवामा पनि उदाहरणीय काम गर्न सक्छ भन्ने कुरा भक्तपुर नगरपालिकाले ख्वप अस्पताल खोलेर देखाएको छ । ख्वप अस्पताल सञ्चालन गर्ने उद्देश्य धेरै पहिलेदेखिको हो । ख्वप अस्पताल सञ्चालन हुनुमा नेमकिपाका अग्रज नेता, जनप्रतिनिधि, बुद्धिजीवी, देश र जनताप्रति समर्पित कार्यकर्ता, अगुवा र नगरवासीहरूको देन छ । उनीहरूको विचार, चिन्तन र सहयोगको ठूलो साथ छ । एसियाकै सफा नगर बनाउन, शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा उत्कृष्ट र नमुना नगर बनाउन नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरू सफल भएका छन् । यो नगरवासी, जिल्लावासी र देशवासीहरूकै निम्ति खुसीको खबर हो ।

नेमकिपाका अग्रज नेता तथा कार्यकर्ताहरू इमानदार र निःस्वार्थपूर्वक देश र जनताको सेवामा लागिरहे, लागिरहेका छन् । जनतामाझ पुगेर जनताको सेवा गर्नु नै नेमकिपाको लक्ष्य हो । नेमकिपा र भक्तपुर नपाको लक्ष्य भक्तपुरमा मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय खोलेर अझ बढी देशको जनताको सेवा गर्नु हो । भक्तपुर नपाले गरिरहेको काम राज्यले गर्नुपर्ने हो । यस्तै सेवा राज्यले देशभरि पुऱ्याउनुपर्ने हो । भक्तपुर नपाले गरेको यो स्वास्थ्य सेवाले सरकारलाई पनि सघाइरहेको छ । यसले देशकै सेवा गरिरहेको छ । अझ जनताको जनतामा घर आँगनमै स्वास्थ्य सेवा पुऱ्याउन भक्तपुर नपा लागिरहने छ । ख्वप अस्पतालले सुलभ, गुणस्तरीय र सहज स्वास्थ्य सेवा पुऱ्याउन सकोस् । ख्वप अस्पताललाई साँच्चै जनताको अस्पताल बनाउन सकोस् ।

*(मजदुर दैनिक, सम्पादकीय, पुष ३, २०७९)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# नागरिकप्रति स्थानीय सरकारको फराकिलो जिम्मेवारीबोध-ख्वप अस्पताल



नीरज लवजू

राज्यले नागरिकलाई दिने सेवा सुविधाको परिधि कतिसम्म फराकिलो हुन सक्छ ? यो प्रश्नको उत्तर अपरिमित छ। समाजवादी विचारका पक्षधरको निम्ति नागरिकप्रति राज्यको दायित्व बृहत् हुन्छ। समाजवादीहरू नागरिकप्रति 'गर्भदेखि अन्तिम कर्मसम्म' (उम टु टोम) राज्यको जिम्मेवारी हुने मान्यता राख्छन्। पुँजीवादी राज्य व्यवस्थाका पक्षपातीहरू भने नागरिकको जीवनमा राज्यको उपस्थिति सकेसम्म न्यून हुनुपर्ने तर्क गर्छन्। नागरिकप्रति राज्यको भूमिका बढ्दा नागरिकको स्वतन्त्रता कुण्ठित हुने र नागरिक स्वतन्त्र बनाउनु नै राज्य व्यवस्थाको मूल अभियान्तर हुनुपर्ने उनीहरूको अवधारणा हो। नागरिकको जीवनमा राज्यको भूमिका शून्यप्राय हुनुपर्ने पुँजीवादी चिन्तनकै पछिल्लो उत्कर्ष नवउदारवाद हो जसले नागरिकका जीवनसँग जोडिएका सबै क्षेत्रमा राज्यको भूमिकालाई अस्वीकार गर्छ। नागरिक र राज्यबीच यो शक्ति स्पर्धासम्बन्धी वैचारिक बहस निकै अगाडिबाट हुँदै आएको छ।

नागरिकको जीवनमा राज्यको भूमिका हुन नहुने चिन्तनको परिणामस्वरूप जनजीवनका आधारभूत पक्षमा समेत राज्यको भूमिका मूकदर्शकमा सीमित हुने गर्छ। अनि पुँजीपति वर्गले ती क्षेत्रमा राज्यको भूमिकाविहीनतालाई नाफाको खेलमैदानको रूपमा उपयोग गरिरहेका हुन्छन्। स्वास्थ्य, शिक्षा, खाद्य उत्पादन र बजार, आवास, खानेपानीजस्ता जनताका दैनन्दिनीका अपरिहार्य क्षेत्रलाई व्यापारको क्षेत्र बनाइँदा ती क्षेत्रमा गुणस्तर, मूल्य र सुलभताबारे आउने समस्याले जनजीवन कष्टकर बनाउने गरेको छ। त्यसकारण त्यस्ता आधारभूत क्षेत्रमा राज्य निस्क्रिय बस्ने कुरा समाजवादीहरूका लागि अकल्पनीय हो। उदार पुँजीवादका पक्षधरहरू समेत ती क्षेत्रमा राज्यको भूमिका हुनुपर्ने मान्यता राख्छन्। उदार पुँजीवादको यो धारा नै लोककल्याणकारी राज्य प्रणालीको स्रोत हो।

'समाजवादउन्मुख' शब्दले संविधानको शृङ्गार गरे पनि वैचारिकरूपमा अस्पष्ट नेपालका शासक दलहरूले समाजवादको कुरा अलाप्दै बाटो भने नवउदारवादको लिइरहेका छन्। जनजीवनसँग प्रत्यक्ष जोडिएका क्षेत्रको जिम्मेवारीसमेत राज्यले निजी क्षेत्रलाई र ठेकेदारीमा दिने प्रणाली नवउदारवादी प्रणालीका द्योतक हुन्। शासक दलको यस्तो वैचारिक बेइमानीको कारण उनीहरूले भनेजस्तो समृद्धि र विकासको गन्तव्य अझ टाढा धकेलिएको छ किनभने कुन बाटो लिने प्रश्न कस्तो खालको समृद्धि र विकास खोजेको भन्ने आधारभूत प्रश्नसँग अन्योन्याश्रितरूपमा जोडिएको हुन्छ।

नवउदारवादी बाटोमा हिँड्दा पुगिने 'समृद्धि र विकास' र समाजवादी बाटोमा अघि बढ्दा पुगिने 'समृद्धि र विकास' को गन्तव्य फरक हुन्छ। अघिल्लो बाटोबाट पुगिने समृद्धि र विकास आर्थिक असमानतासहितको सामाजिक न्याय कमजोर भएको भौतिक विकास हो। पछिल्लो बाटो सामाजिक न्याय र आर्थिक समानतासहितको भौतिक, सांस्कृतिक र वैचारिक समृद्धि र विकासको बाटो हो। अघिल्लो बाटो व्यक्तिवाद हाबी हुने व्यवस्था हो भने समाजवादको बाटो सामूहिकता, सहकार्य र साझा लक्ष्यको बाटो हो। नेपालका शासक दल र अहिले उदाएका केही नवोदित राजनीतिक दलहरूले कुरा समाजवादी समृद्धि र विकासको गरे पनि त्यो गन्तव्यमा पुग्नै नसकिने नवउदारवादी प्रणालीको पक्ष लिइरहेका छन्। उनीहरू सामूहिकताको पक्षमा वकालत गर्छन् तर बाटो भने राज्यको भूमिका साँघुरो बनाएर आधारभूत क्षेत्रसमेत निजी क्षेत्रलाई व्यापार गर्न दिने र ठेकेदारी प्रणालीको पक्ष लिने गर्छन्। यो विरोधाभासले न देशलाई कुनै उल्लेखनीय उपलब्धि दिन सक्छ न जनतालाई सुखदायी जीवन नै।

भक्तपुर नगरपालिकाले ७३ औँ स्थापना दिवसको



मेसो पारेर पुस २ गते शनिबार नगरपालिकाले सञ्चालन थालेको ख्वप अस्पतालको नवनिर्मित भवन उद्घाटन गऱ्यो। एक सय शय्याको अस्पतालले नगरवासीमा मात्र होइन, छिमेकी नगरका बासिन्दा र विभिन्न जिल्लाबाट भक्तपुर बसेका जनतामा खुसीको सञ्चार गरेको हो। भक्तपुर नगरपालिकाले नगर पञ्चायत हुँदै विभिन्न आकार र स्वरूपमा सञ्चालन गर्दै आएको जनस्वास्थ्य केन्द्रले आज अस्पतालको पाको रूप लिएको छ। आजको ख्वप अस्पताल एकै रातको कमाल थिएन। बरु दशकौँ दशकको लामो प्रवाहको एउटा कुईँनेटो हो आजको ख्वप अस्पताल। यात्रा भने अझै लामो छ।

नागरिकको जीवनमा राज्यको उपस्थितिको अर्को द्योतक हो- ख्वप अस्पताल। नवउदारवादी पुँजीवादका पक्षधरहरू स्थानीय तहको कुरा त पर, केन्द्रीय सरकारले पनि सरकारी अस्पताल सञ्चालन गर्न नहुने सोच राख्छन्। सरकारी अस्पतालहरू राज्यले निजी क्षेत्रलाई ठेक्कामा सञ्चालन गराउनुपर्ने विचार नै नवउदारवादी विचार हो। विशेषतः सरकारी क्षेत्रले सञ्चालन गर्ने निकायको व्यवस्थापन कमजोर हुने मान्यताको आधारमा सरकारले पूर्वाधार बनाए पनि सञ्चालन ठेक्का भने निजी क्षेत्रलाई दिनुपर्ने पुँजीवादी राज्य व्यवस्थाको अभ्यास हो। त्यस्तो अभ्यासको परिणामस्वरूप राज्यले बनाएको पूर्वाधार अथवा राज्यबाट सहुलियत पाएर बनाएका पूर्वाधारमा चुस्त व्यवस्थापन र सेवा प्रदान गरेको नाममा नाफामूलक महसुल उठाउने र स्वास्थ्यमा समेत विभेद सिर्जना गर्ने परिस्थिति बन्छ। त्यस्तो परिस्थितिले राज्यलाई नागरिकले सामना गरिरहेका समस्याबाट टाढा राख्छ। नागरिक राज्यको निम्ति पर वा अप्रत्यक्ष जिम्मेवारीको विषयमात्र बन्छ। अनि पुँजीवादी चिन्तन प्रणालीले नागरिकप्रति राज्यको दायित्व त्यसैमा मात्र सीमित हुनुपर्ने सोच्छ। त्यसै कारण नेपालका अधिकांश स्थानीय तहले अस्पताल सञ्चालन जस्तो काम आफ्नो जिम्मेवारी ठान्दैनन्। किनभने, उनीहरूको शब्दमा यसले राज्यको बोझ बढाउँछ वा निजी क्षेत्रको क्षेत्राधिकार साँघुरो बनाउँछ। तर, भक्तपुर नगरपालिकाले अन्यत्र नगर अस्पतालकै स्तरमा सञ्चालनमा रहेको जनस्वास्थ्य केन्द्रको स्तरोन्नति र क्षेत्रगत विस्तार गर्दै सुविधासम्पन्न अस्पतालको जग राखेको छ। अर्थात्, भक्तपुर नपा नागरिकको जीवनमा आफ्नो भूमिका अझ फैलाउने क्रममा छ। नागरिकलाई आफ्नो प्रत्यक्ष जिम्मेवारीअन्तर्गत राख्दै ऊ जनसेवाको कष्टसाध्य काममा आफै होमिन चाहेको छ।

भक्तपुरको यो अभ्यासले एकातिर नागरिक र राज्यबीचको सम्बन्ध अझ गाढा बनाएको छ। ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गा भनेझैँ नगरपालिकाले जनतालाई सहयोग गर्ने र जनताले नगरपालिकालाई सहयोग गर्ने अवस्था बनेको छ। नागरिकले प्रत्येक पाइला पाइलामा स्थानीय सरकारको प्रत्यक्ष अनुभव गर्छन्। नगरवासी बिहान फोहोर सङ्कलन गर्न आउने गाडीको आवाजसँगै बिउँझन्छन्। सखारै छोराछोरी नगरपालिकाले सञ्चालन गरेका कलेजमा पढ्न जान्छन्। घरकी बुढी आमालाई असञ्चो हुँदा घरदैलोमा आएकी नर्सले स्वास्थ्य परीक्षण गर्छिन्। अलि गम्भीर अवस्था भए ख्वप अस्पतालमा स्वास्थ्योपचारको निम्ति लगिनेछ। दिउँसो नगरपालिकाले उत्पादन गरेको प्राङ्गारिक मल कौसीमा रोपेको तरकारी खेतीमा राखी गोडमेल गर्छन्। नगरपालिकाको अगुवाइमा बन्दै गरेको मन्दिर पुनःनिर्माणको निम्ति श्रमदानमा केही घण्टा बित्छ। साँझ नगरपालिकाले आयोजना गरेको सम्पदा पदयात्रामा बाजा बजाएर सहभागी बन्नेछन्। यसप्रकार भक्तपुरमा स्थानीय सरकार जनताको दैनिक जीवनमा कहीँ न कहीँ कुनै न कुनै तरिकाबाट जोडिएकै हुन्छ।

यसले नगरका हरेक काम ठेकेदारी अथवा सीमित व्यक्तिको चासो र सहभागितामा होइन, व्यापक जनताको सहभागितामा सञ्चालन र सफल हुन्छ। जनसहभागिताको यो संस्कृति नै भक्तपुर अन्य स्थानीय तहभन्दा पृथक हुनुको मूल कारण हो। जनसहभागिताको अर्थ कुनै पनि काम जनताको स्वामित्वको कुरुसले बुन्नु हो। स्वामित्वसँगै त्यसप्रति माया पनि जोडिएका हुन्छ। अनि जनताको त्यस्तो स्वामित्व र मायाले गुनासो र आलोचना पनि बढाउनु स्वाभाविक प्रक्रिया हो। जहाँ सहभागिता र स्वामित्व हुन्छ, त्यहाँ आलोचना र गुनासोको परिधि पनि फराकिलो हुन्छ। त्यस्ता आलोचनालाई जनताको खबरदारी वा स्वामित्वबोधको अर्थमा लिइनुपर्छ। भक्तपुर नपाले सञ्चालन गरेको जनस्वास्थ्य केन्द्रबारे बारम्बार गुनासो सुनिनुको अर्थ जनताले त्यसप्रति गरेको माया र स्वामित्वबोध थियो। जनताले त्यो संस्थाप्रति आफ्नो पनि स्वामित्व भएको अनुभव गरेसम्म त्यस्ता गुनासो र आलोचनाको ढोका खुल्ला हुनेछ। कुनै निजी अस्पतालप्रति जनताले त्यस्तो गुनासो सायदै गर्लान् किनभने ती अस्पताल सञ्चालनको आधार लिनु र दिनु हो। जति डिपोजिट गर्न सक्छौ, त्यति लामो जीवन दिने हो। तर, अहिले बनेको ख्वप अस्पतालमा त्यस्तो व्यवहार गर्ने छुट कसैलाई छैन। ख्वप अस्पतालको भवन उद्घाटनको दिन मुख्य पाहुनाले दीप प्रज्वलन गर्दा सहभागी ज्येष्ठ नागरिकहरूको आँखामा टिलपिलाएको आँसुले त्यस्तो व्यवहार गर्न कसैलाई छुट दिँदैन। समाजवादी संस्कृति सुन्दर हुनुको निहितार्थ त्यसको सामूहिकता सहकार्यमूलक

स्वामित्व हो ।

नागरिकको जीवनमा राज्यको भूमिका बृहत् हुनुपर्ने समाजवादी वैचारिकीमा आधारित भएर भक्तपुर नगरपालिकाले नगरवासीका जीवनमा सकेसम्म बढी सहयोगात्मक सहभागिता देखाउँदै आएको छ । शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, भौतिक पूर्वाधार, मूर्त–अमूर्त सम्पदा र संस्कृतिमा स्थानीय सरकारको रूपमा नगरपालिकाले भूमिकाको परिधि फराकिलो बनाउँदै गएको छ । किसान बाहुल्य नगरवासीलाई मद्दत गर्न प्राङ्गारिक मलको उत्पादन र बिक्री वितरणलाई यसको पछिल्लो नयाँ क्षेत्र मान्न सकिन्छ । मलको उत्पादन र बिक्री सेवासँगै वस्तुको उत्पादन क्षेत्रमा नगरपालिकाको उपस्थितिको अर्को प्रयोग भएको छ । यसअघि कागज पुनः प्रयोगबाट विभिन्न हाते सामग्रीको उत्पादन सानो आकारको वस्तु उत्पादनको प्रयोग थियो । अब यसलाई फराकिलो बनाउँदै जाने आधार क्रमशः बन्दै जानेछ । यसले नगरमा रोजगारीको अवसरलाई थप फैलाउनेछ । आजसम्म तालिम र औपचारिक शिक्षामार्फत नगरपालिकाले रोजगारी सिर्जनामा खेल्दै आएको अप्रत्यक्ष भूमिकाले फड्को मारेर अब वस्तु उत्पादनमार्फत प्रत्यक्ष रोजगारी सिर्जनाको चरणमा उक्लेको छ । भक्तपुर नगर सभ्यता र संस्कृतिको प्रतिनिधित्व गर्ने विभिन्न वस्तुको उत्पादन र बिक्री वितरण अर्को सम्भावित क्षेत्र हुन सक्छ ।

मुख्य चुनौती भने फेरि पनि व्यवस्थापन र प्रभावकारी सेवा नै हो । पूर्वाधार बलियो भएर पनि सरकारी सेवा प्रभावकारी नहुनुको कारण कमजोर व्यवस्थापन भएको आमबुझाइ भक्तपुर नगरपालिकाको सन्दर्भमा लागु भए समाजवादी चिन्तनप्रति विपक्षीले लगाउने गरेको आरोप प्रमाणित गर्ने आधार बन्नेछ । व्यवस्थापन कसरी चुस्त र सेवा प्रभावकारी कसरी बनाउने प्रश्नको हल लघु कायामा भए पनि समाजवादमाथिको प्रश्नको हल गर्ने प्रयास नै हुनेछ ।

भक्तपुर नगरपालिकाले आज गरिरहेको अभ्यास सम्पूर्णतः समाजवादी अभ्यास होइन । तर, समाजवादी विशेषतालाई पाइला पाइलामा पछ्याउँदै समाजवादसम्म पुग्ने तातीसम्म भन्न मिल्ला । त्यसकारण, केही पर्यवेक्षकहरूले भन्ने गरेको 'भक्तपुरको समाजवादी मोडल' अतिरञ्जनामात्र हो । निश्चय नै समाजवादी विचारधाराबाट प्रभावित राजनीतिको इमानदार प्रयास भक्तपुरमा भइरहेको छ । यसले जनतालाई समाजवादको आँखीझ्याल भने देखाएको छ । वस्तुतः नेपालको संविधानअनुसार देशका शासक दलहरूले समाजवादउन्मुखताका यस्ता अभ्यास थाल्नुपर्ने हो । यसर्थ समाजवादउन्मुखताको संवैधानिक व्यवस्थाप्रति भक्तपुर इमानदार देखिएको छ । शासक दलहरू भने अझै समाजवादको उल्टो बाटो हिँडिरहेका छन् ।

(मजदुर, पुस ४, २०७९)


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# राजनीतिमा नैतिकताको प्रश्न

**विवेक**

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भर्खर सम्पन्न भयो । ती दुवै देशका महत्त्वपूर्ण जनप्रतिनिधि संस्थाहरू हुन् । जनप्रतिनिधिहरू समाजका अगुवा हुने हुँदा उच्च नैतिकताका धनी हुनुपर्ने मान्यता छ । नेपालको राजनीतिक इतिहासलाई पल्टाएर हेर्दा राणा शासनको विरुद्धमा आन्दोलन गर्ने होस् या पंचायती निरंकुशता विरुद्ध, त्यसबेलाको नेतृत्वप्रति जनताको विश्वास थियो । त्यसको मुख्य कारण राजनैतिक व्यक्तिहरूमा भएको नैतिक चरित्र नै हो । समाज परिवर्तनको निम्ति अगुवाइ गर्ने नेताहरूले सामान्य नागरिकले जस्तै परिवार, धन सम्पत्ति र अन्य व्यक्तिगत काममा ध्यान दिन सक्दैनन् । उनीहरूमा रहेका त्याग, समर्पण, इमानदारी र नैतिक बल नै जन विश्वास प्राप्त गर्ने आधार हुने गर्छन् । तर आज शासक राजनैतिक दलका नेतृत्व तहदेखि कार्यकर्ता तहसम्मै नैतिकतामा खडेरी परेको देखिन्छ । विचार र सिद्धान्तलाई छाडेर सबै व्यक्तिगत फाइदाको लागि मरिमेटिरहेका छन् । जनताको आक्रोश र असन्तोषको मुख्य कारण यही हो ।

तत्कालीन शासकहरू विपक्षी नेता र कार्यकर्ताहरूलाई दबाउन अनेक खालका नैतिक पतन हुने जाली मुद्दाहरूमा फसाउने गर्थे । ज्यान, कीर्ते, जालसाजी, खुन–डाँका, भ्रष्टाचार, लागु औषध कारोबार जस्ता मुद्दामा अदालतले दोषी ठहर गरेमा व्यक्तिको नैतिक पतन हुने र त्यस्तो व्यक्ति निर्वाचनमा उठ्न र कुनै सरकारी सेवामा नियुक्तिको लागि अयोग्य मानिन्छ । अहिले कानून संशोधन गरेर निश्चित अवधि पछि नैतिक पतन हुने फौजदारी अपराधमा सजाय पाएका व्यक्ति पनि निर्वाचनमा उठ्न पाउने व्यवस्था गरिएको छ ।

नैतिकता रहेन भने उसँग जतिसुकै धन सम्पत्ति रहे पनि केही पनि नरहेको सरह हुन्छ अर्थात नैतिकता आफैमा अमूल्य सम्पत्ति हो । यस अर्थमा राजनीतिमा नैतिकताको उच्च स्थान हुन्छ र हुनुपर्छ । तर पछिल्लो चरणमा निर्वाचित सांसद, मेयर, उपमेयरहरूको अवस्था हेर्दा राजनीतिमा नैतिकता एउटा आदर्श वाक्य जस्तो मात्रै बनेको छ । समाजमा बदनाम, कानूनी रूपमा अपराधी ठहर गरी जेल जीवन भुक्तान गरेका, फौजदारी अपराधमा अभियुक्त भई फरार सूचीमा रहेका व्यक्तिहरू नै प्रतिनिधि सभा र प्रदेश सभा जस्ता महत्त्वपूर्ण ठाउँमा निर्वाचित भएका छन् । मनाङबाट निर्वाचित दिपक मनाङ्गे, गुण्डा डन भनी बदनाम व्यक्ति हुन् । त्यसै गरी हुम्लाबाट माओवादीको तर्फबाट निर्वाचित छिरिङ्ग डम्डुल लामा मूर्ति चोरी कसुर ठहर भई दुई वर्ष जेल भुक्तान गरेका, मनाङबाट निर्वाचित नेकाँका टेक बहादुर गुरुङ्ग ३१ करोड भ्रष्टाचार मुद्दामा विचाराधीन, एमालेबाट महोत्तरी–१ बाट निर्वाचित लक्ष्मी महत्तो कोइली र अभिराम शर्मा (लोसपा) असइ थमन वि.क.को हत्यामा संलग्न आधारमा फरार सूचीमा रहेको, विक्रम पाण्डे भ्रष्टाचार मुद्दामा विचाराधीन (राप्रपा) र वादशाह कुर्मी हत्या र सम्पत्ति हिनामिना केशमा मुद्दामा संलग्न भनी सार्वजनिक भएका व्यक्तिहरू हुन् । सार्वजनिक हुन बाँकी प्रतिनिधि सभा र प्रदेश सभामा कति छन् विस्तारै खुल्दै जानेछ । मुख्य कुरा आगामी केही समयपछि ती मध्ये कतिजना मन्त्री बन्छन् भन्ने हो । प्रहरीको फरार सूचीमा रहेका, मूर्ति चोर र भ्रष्टाचारी भनी बदनाम व्यक्तिहरू मन्त्री पद पाएपछि प्रहरीकै सुरक्षा घेरामा बस्नेछन् र प्रहरीहरूबाट सलाम खाँदै हिँडेको नेपाली जनताले देख्नुपर्ने छ ।

नयाँ पुस्ताले नेतृत्वबाटै सिक्ने हो । जस्तो नेतृत्व छ शिष्यहरू त्यस्तै हुन्छन् । भ्रष्ट, बेइमान र नैतिकताहीन शासक दलका नेतृत्वबाट आजका युवा पुस्ताले के सिक्ने ? युवा–विद्यार्थी आफ्नो नेतृत्वलाई आदर्श मान्छन् । त्यसैले नेतृत्व स्वच्छ, इमानदार र नैतिकवान होस् भने जनताले आशा गरेका हुन्छन् । समाजलाई कस्तो बनाउने भन्ने कुरा शासन सत्तामा जाने राजनैतिक दलहरूको नेतृत्व र त्यसका कार्यकर्ताहरूमै भर पर्छ ।

आफ्नो नैतिकतामा आँच नपुगोस् भनेर सचेत व्यक्तिहरू सामान्य घटनाहरूलाई लिएर पनि जिम्मेवारीबोध गरी पदबाट राजीनामा दिने गर्छन् । त्यस्ता थुप्रै घटनाहरू हाम्रा सामु छन् । तत्कालीन कृषि मन्त्री शैलजा आचार्यले आफ्नो मन्त्रालयमा भ्रष्टाचार भएको भनी संसदमा बोलेको २४ घण्टाभित्रै राजीनामा दिएकी थिइन्, रङ्गशाला काण्डमा तत्कालीन खेलकुदमन्त्री केशर बहादुर विष्टले राजीनामा दिए भने मन्त्री पदमा बसेर निर्वाचनमा पराजय हुनासाथ मिनेन्द्र रिजालले राजीनामा दिएका थिए । यी र यस्ता

केयौं उदाहरणहरू छन् जसले राजनीतिमा लाग्नेहरूलाई नैतिकवान बन्न प्रेरित गर्दछन् । विचार सिद्धान्तको हिसाबले कुन पार्टीका हुन् भन्नुभन्दा पनि नैतिकता जोगाइराख्न चालेका कदम सबैको निम्ति उदाहरणीय हुन् ।

भर्खर सम्पन्न निर्वाचनमा मन्त्री पदमा बसेरै निर्वाचनमा लड्दा थुप्रै मन्त्रीहरूले पराजय भोग्नु पर्‍यो । बालकृष्ण खाण, पम्फा भुषाल, जीवनराम श्रेष्ठ, महेश्वर गहतराज, उमाकान्त चौधरी, उमेश श्रेष्ठलगायत निर्वाचनमा पराजित भए तर उनीहरू मध्ये कसैले पनि पदबाट राजीनामा दिएनन् । अर्को सरकार गठन नभएसम्म अन्तिम दिनसम्म मन्त्री पदमा बहाली भइरहने मानसिकताले कुर्सीमा टाँसीरहने सोच बनाएको देखिन्छ । अझ कतिले त आफ्ना कार्यकर्ताहरूलाई पैसा बाँड्ने, योजना स्वीकृत गर्ने विभिन्न योजनाको उद्घाटन गर्ने गरेको समेत समाचारहरूमा आइरहेका छन् । हदैसम्मका अनैतिक कामहरू हाम्रा मन्त्रीहरूले गरिरहेका छन् । नेता र मन्त्रीहरूको व्यवहार हेर्दा नैतिकता कुन चराको नाउँ हो जस्तो भइसकेको छ । शासक दलका नेता र मन्त्रीहरू नाङ्गा नाचे हजार दाउका ठेकेदारहरू सावित भएका छन् ।

नेका, राप्रपा, मधेशी दलहरू, घोषित पूँजीवादी पार्टीहरू भएकाले कम्युनिष्ट भन्नेहरूमा कमसेकम तिनीहरूमा भन्दा अलिकति भएपनि नैतिकता हुनुपर्ने हो । कम्युनिष्टहरूमा त झन् सर्वहारा वर्गीय नैतिकता हुनुपर्छ । व्यक्तिगत स्वार्थलाई त्यागेर व्यापक जनताको हितमा निरन्तर सङ्घर्ष गर्नु र सर्वहारा वर्गको हुकुम स्थापना नहुन्जेल लड्नु सर्वहारा वर्गीय नैतिकता हो । तर आफूलाई कम्युनिष्ट पार्टीको मूलधार दाबी गर्ने एमाले र माओवादी नेताहरूमा नैतिकता के हो बत्ती बालेर खोज्नुपर्ने अवस्थामा पुग्यो । ती नेताहरू कम्युनिष्ट आचरण र अनुशासनलाई पूर्ण रूपमा त्यागेर पूँजीवादी राजनीतिमै रमाउँदै छन् । नेका, राप्रपा, मधेसी जस्ता कुनै पूँजीवादी दलभन्दा आफूलाई नैतिक रूपमा फरक देखाउन सकेनन् । का. रोहित भन्नुहुन्छ 'पैसा खाने कार्यकर्ता र कर्कलो खाने सुंगुर' बराबर हुन्छ । विभिन्न एनजिओ, आइएनजिओ चलाएर प्रशस्त सम्पत्ति कमाएका व्यक्तिहरू नै अहिले एमाले र माओवादीका नेता र मुख्य मुख्य कर्यकर्ता बनेका छन् । तिनीहरूले सर्वहारा वर्गको सेवा गर्छ भन्ने ठान्नु बालुवा निचोरेर पानी निकाल्ने भने जस्तै हो ।

नैतिकता र इज्जत पैसाले किन्न पाइने वस्तु होइन । राजनैतिक नेतृत्वसँग धन दौलत नभए पनि सारा जनताले सम्मान गर्नुको कारण नैतिकता र इज्जतलाई हो । तर नैतिकताहीन शासक दलका नेतृत्व तहमा बस्ने नेताहरूले इज्जत पनि पैसाले खरिद बिक्री गर्ने वस्तुमा रूपान्तरण गरी दिए । यहाँ ३/४ करोड रुपैयाँमा सांसद पद खरिद बिक्री गर्न पाइन्छ भने २०/२५ करोड रुपैयाँमा मन्त्री पद । राजनीतिमा विकृति र विसङ्गतिको यो श्रृंखलाले अहिले शासक दलहरूमा त्यस्तै अपराधिक चरित्र भएका नेताहरू माथिल्लो तहमा उक्लिँदै छन् । समयमै रोक्न सकेनन् भने आगामी १०/१५ वर्षमा अहिलेका शासक दलहरूको नेतृत्वबाट जेल नेल भोगेका, इमानदार, देशभक्त नेता र कार्यकर्ताहरू विस्थापित हुनेछन् र ठेकेदार, गुण्डा, तस्कर, भ्रष्टाचारी भनी बदनाम व्यक्तिहरूले पार्टी कब्जा गर्ने छन् । त्यसलाई कसैले रोक्न सक्ने अवस्था रहने छैन ।

भर्खर सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा १९ जनाभन्दा बढी व्यापारिक घरानाका व्यक्तिहरू निर्वाचित भएका छन् । तिनीहरू मध्ये अर्ब डलरपति भनेर चिनिने विनोद चौधरीदेखि वीरेन्द्र महतो, राजेन्द्र बजगाई, सुनिल शर्मा, किसान श्रेष्ठ लगायतका नाम अग्रिम पङ्क्तिमा छन् ।

सिद्धान्तहीन र विचारबिनाको राजनीतिलाई प्रश्रय दिनाको परिणाम आज निर्माण ठेक्का लिएर जनतालाई ठगिरहेका ठेकेदारहरू प्रतिनिधि सभा र प्रदेश सभामा निर्वाचित भएर आफ्नो निम्ति आफै कानून बनाउँदै देश र जनतालाई ठग्ने भएका छन् । यो सिद्धान्तहीन राजनीतिकै परिणाम हो । अहिले निर्माणको मात्र ठेक्का लिएर देश बर्बाद गरिरहेका ठेकेदाहरूले कुनै पनि बेला 'देश हाम्रो जिम्मामा देउ देश हामी बनाउँछौं' भनेर छात्ती फुलाएर आजका शासक दलका नेताहरूलाई चुनौती दिन बेर छैन । त्यतिबेला राजनीतिका ठूला ठूला गफ गरेर देशलाई डुबाउन भूमिका खेल्ने आजका शासक दलका नेताहरूले पश्चाताप गर्नु बाहेक केही गर्न सक्ने छैनन् ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरू सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।




# सय वर्षपछिको भक्तपुर (७)



नारायणमान बिजुक्छेँ

## सय वर्षपछिको भक्तपुर

रातको १२ बज्न लागेको थियो । राष्ट्रिय टेबुलटेनिस खेलाडी रामुले आफ्नो डायरी लेख्दै गयो ।

आज २३ डिसेम्बर २०९९ ।

म बिहान ७ बजे कौसीमा गएँ, वातावरण चिसो थियो र हुस्सुले सबै छर्लङ्ग देखिएन । टेलिफोनको घण्टी बजेको आवाज आयो, म कोठामा आएँ । क्युवाको हवाना विश्वविद्यालयका एकजना मित्रले मार्च र अप्रिलको बीचमा नेपाल आउने सूचना दियो । पूर्वी एशियाको संस्कृतिसम्बन्धी विद्यावारिधि गर्ने मार्टि भन्ने त्यस साथीले टेलिफोनमा नेपाल र भक्तपुरको कला र संस्कृतिको अध्ययनबाट साह्रै प्रभावित भएको र आफ्नो विद्यावारिधिको शोधपत्र पनि भक्तपुरकै विषयमा हुने बतायो ।

मैले दराज खोलेँ, मेरो हात अचानक एक मोटो पुस्तकमा पुग्यो । पुस्तकको शीर्षक थियो- **'भक्तपुर सन् १९९९।'**

पानाका पङ्क्ति र हरफहरूमा मेरो आँखा सलल बग्यो । लेखिएको थियो- योम्हरी पुन्ही, २२ डिसेम्बर १९९९ । भक्तपुर नगरका झन्डै एक चौथाइ भवनहरू सिमेन्ट वा कंक्रिटको बनिसकेका छन् । टौमढी र लायकुबीचकै कति भवनहरू सिमेन्ट, डण्डी र ढलानका छन् र बाहिर मानिसहरूका लुगा जस्तै नेपाली इँटा र झिँगटी टाँसिदै छन् । नगरपालिकाको भवनको मापदण्डलाई मिचेर पाँच/छ तलाका घरहरू बनेका छन् र छाना तथा कौसीमा काला काला पानीका भाँडा वा ट्याङ्कीहरू छन्, टीभीका एन्टेना र सौर्य ऊर्जाबाट पानी तताउने साधनहरूले भक्तपुरको भवनको माथिल्लो वास्तुकलाको स्वरुप कुरूप देखिएको छ । पाँचतले देवल र भैरव मन्दिरका माथिल्ला तलाहरू मात्रै देखिएका छन् । नेपाली शैली र झिँगटीका छाना र कौसी होइन खरानीजस्तो खैरो र अत्यन्त अग्ला र होचा, बेढङ्ग आकारका सिमेन्टका कौसी र छानाहरू मात्र देखिन्छन् । जहाँतहीं विविध रङ्ग र मोटाइका तारहरू मात्र छन्- माकुराका जाल जस्तै विद्युतका तार, टेलिफोनका तार, टीभीका एन्टेनाका तारहरू !

सुकुलढोकाको बजारमै वर्षौंदेखि घरहरू भत्केका छन् । विभिन्न देशका राजकीय पाहुनाहरूले 'यी घरहरू किन नबनाएका, वातावरण कस्तो नराम्रो छ हगि ?' भनेर सांस्कृतिक मन्त्री, पुरातत्त्व विभागका निर्देशक र नगरप्रमुखहरूलाई सोधे । तर 'हामी बन्दोबस्त गर्दैछौं' भनेर वर्षौंसम्म टार्दै गए- जिम्मेवार व्यक्तिहरूले । ग:हितिको एउटा राम्रो घर पनि भत्किँदै थियो, त्यसलाई जोगाउनुको सट्टा प्रहरीले पानीको फोहरा हानेर एक डेढ वर्ष अगाडि भत्काइ दियो । वातावरण वीभत्स छ ।

क्यामेरा क्लिक क्लिक गर्दै विदेशी पर्यटकहरू सुकुलढोकाको मठको काष्ठकलाका तस्बिरहरू खिच्दै गोल्मढीतिर बढ्यो । एउटा कपडा पसल र जुत्ता पसल (रुद्रप्रसाद कायष्ठ र माधवशंकर जोशी) को घरनेर टक्क रोकिँदै आपसमा कुरा गर्न थाले- 'यी कस्तो रूप नमिलेका घरहरू हगि ! के यहाँ नगरपालिकाले जस्तो पनि घर बनाउन दिन्छ ?'

त्यसैबेला डिजेलको धुवाँ उडाउँदै ट्याक्टर गुञ्जन्छ, मोटरसाइकल, कार, मिनीट्रक, जीप जस्ता यातायातका साधनहरू हर्न बजाउँदै ओहोरदोहोर गर्छन् । पर्यटकहरू कोही नाक छोप्छन् र कोही पछाडि फर्कन्छन् ।

मुख अँध्यारो पार्दै गएका पर्यटकहरूले राम झोपडीको उत्तरतिरको गहिरो धारातिर हेरे । एकजना पर्यटकले नाक खुम्च्याउँदै टिप्पणी गऱ्यो- 'कस्तो फोहोर पोखरी !'

इनाचो र दत्तात्रयको बीचमा ती पर्यटकहरू दायाँबायाँका घरहरू हेर्दै गए । खासखुस कुरा गर्दै गए- 'एउटै घर किन आधा प्राचीन र सुन्दर, आधा नयाँ कुरूप घर ? यहाँ विदेशीहरू आएर नेवारी कला र संस्कृति भाँड्न पो खोजेका छन् कि ? सायद यस देशमा सांस्कृतिक मन्त्रालय र नगरपालिका छैनन् क्यारे ?'

मलाई डर लाग्यो, कस्तो विवरण ठीक सय वर्ष अगाडि । मेरो नगर पुन: अवलोकन गर्न मन लाग्यो । पुस्तक बन्द गरेँ, फेरि कौसीमै पुगेँ ।

घाम झुल्किसकेको थियो। अहँ, अग्ला र होचा छाना र कौसीहरू थिएनन्, सबै राताराता झिँगटी भएका सुन्दर छानाहरू मात्र छन्, काला काला पानीका वीभत्स ट्याङ्कीहरू, विद्युत, टेलिफोन र एन्टेना र त्यसका जालजस्तो फैलिएका तारहरू थिएनन्। ङातापोंलको पाँचै तला छाना र भैरवनाथको तीन तला छाना देखें। मलाई अत्यन्त खुशी लाग्यो। मेरो मन गर्वले फुल्यो- मेरा छाना, कौसी र मन्दिरहरू पहिले जस्तै गौरवमय र सुन्दर छन्।

पुस्तकका वीभत्स बयानले मलाई गःहिति पुऱ्यायो। त्यहाँ पुरानै घरहरू यथावत् छन्, सुकुलढोकामा कुनै घर भत्केको थिएन, मठको लहरै प्राचीन शैलीका घरहरू छन्। गोल्मढीका दुईटा घर पसल पनि नेपाली शैलीका दायाँबायाँका घर र झ्यालहरू जस्तै बनिसके।

इनाचो र तचपालको बीचमा पनि पुरानै गौरव फर्किसकेको थियो।

गोल्मढीको गहिरोधाराका धाराहरू, इनार र कुवालाई विदेशीहरू चाख मानेर हेर्दै थिए। केही भक्तपुरकै कला संस्थानमा अध्ययनरत विदेशी छात्रछात्राहरू चित्र कोर्दै थिए।

एउटी जापानी युवतीले अर्को जर्मन केटोसँग सोध्दै थिई, नेवारी भाषामा – 'तपाईं कति वर्षदेखि नेपालमा हुनुहुन्छ ?' जर्मन केटोले पनि नेवारी भाषामा उत्तर दियो– 'म यहाँको भाषा विश्वविद्यालयमा पढ्दैछु। ४ वर्ष भयो, म हरेक वर्ष २ महिनाको निम्ति घर जान्छु।'

जापानी केटीले जर्मन केटोको उत्तरमा थप्दै गई– 'म त ४ वर्षदेखि नेपाली वास्तुकलामा यहाँ इञ्जिनियरिङ अध्ययन गर्दैछु। मेरो विशेष ध्यान यहाँका मन्दिरहरूको वास्तुकला सिक्नमा गएको छ। मेरा अरू पनि जापानी साथीहरू चोक भएको नेवारी शैलीको घर, संझ्या (भोटे झ्याल) आदिबारे व्यावहारिक तालिम लिँदैछन्। त्यसो त हाम्रा केही साथीहरू अन्य ल्याटिन अमेरिकी विद्यार्थीसँग यहाँको भाषा र संस्कृतिको पनि अध्ययन गर्दैछन्।'

विदेशी छात्रछात्राहरूको नेवारी भाषाको त्यस संवादले मेरो मन प्रफुल्ल भयो। हो त, भक्तपुर जिल्लाको गाउँ गाउँमा आज भाषा, इञ्जिनियरिङ, संस्कृति, पुरातत्त्व आदि विषयका महाविद्यालय र विश्वविद्यालयहरू स्थापित भएका छन्। सय वर्ष पहिलेजस्तै भक्तपुरमा इँटा भट्टाहरूको नामनिशाना छैन। ती धुवाँ फाल्ने ठाउँहरूमा आज उच्चस्तरीय विद्यालयहरू छन्। यहाँका चिकित्सा अध्ययन संस्थानमा पश्चिमी चिकित्सा शास्त्र (एलोपेथी) मात्र होइन, आयुर्वेद, होमियोपेथी, प्राकृतिक, सियोले घोच्ने अकुपंचर, चुम्बकीय र अन्य प्रकारका उपचार विधिको पनि अध्यापन हुन्छ। थिमि, नगदेश र बोडेमा पनि नेवारी नाचगानका संस्थानहरूमा विभिन्न महादेशका छात्रछात्राहरू अध्ययन गर्दैछन्। नगरको सडक र गल्लीमा अब कुनै ट्याक्टर, ट्रक, कार, जीप, मोटरसाइकल जस्ता धुवाँ फाल्ने कुनै साधान आवतजावत गर्दैनन्।

रातको १२ बज्यो, म अब सुत्छु।

## हाम्रा नगर र शहरहरू

सन् २०९९ डिसेम्बर २५ को दिन बिहान ८ बजे, नेपाली साहित्यको महाविद्यालयको एक चिटिक्क परेको छात्रावासको सभाभवनमा विद्यावारिधिका नेपाली विद्यार्थी रामुले भन्दै गए– 'मित्रहरू, आज हामी भक्तपुरबाट पश्चिम नेपालका नगर र सहरहरू यात्रा गर्न जाँदैछौं। ठीक सय वर्ष अगाडि नेपालका राजनीतिज्ञहरू, सरकारी विद्वान्हरूले देशका सहर र नगरहरूको आकार, विशेषता, नगरवासीहरूको रोजगार, सफाइ, ढल र फोहोर पानी सफा गर्ने उपचारपोखरी, फोहोर गाड्ने डम्पिङ साइट र पुनःप्रयोगका उपायहरूको बारे ध्यान दिएका थिए। यसको अर्थ हो– एक सय वर्ष अगाडि नेपालका सहर र नगरहरू साऱ्है फोहोर, अव्यवस्थित र अनियमित आवासहरू बन्दै गएका थिए। हरेक राष्ट्रिय राजमार्गको दायाँबायाँ जोडिँदै बस्तीहरू बढ्दै गएका थिए, त्यसैले दुर्घटनाहरू हुने, आवासलाई बन्दोबस्त गर्न नसकिने, प्रदूषण बढ्ने, सवारीको गतिमा बाधा आउने आदिबारे न यातायात मन्त्रालय, न आवास तथा भौतिक मन्त्रालय न त स्थानीय विकास मन्त्रालयलाई मतलब थियो। मन्त्रीहरू र मन्त्रालयका सचिव र निर्देशकहरू राज्यबाट प्राप्त अधिकार र सहुलियतहरूबाट व्यक्तिगत स्वार्थ मात्रै सिद्ध गर्थे। नगर र सहरका मेयर, उपमेयर, जनप्रतिनिधिहरू तथा जिविस र गाविसका सभापति र अध्यक्षहरूलाई पनि आफ्नो पार्टी र व्यक्तिका स-साना स्वार्थभन्दा अरू मतलब थिएन। तिनीहरूमा न वैचारिक उचाइ थियो, न त व्यापकता र कर्तव्यप्रति गम्भीर चिन्ता ! तिनीहरू विकास रकमहरू समेत आ-आफ्नो मानिसहरूलाई विकासका झूटा योजनाहरू बनाई पैसा बाँड्दै राजनैतिक कार्यकर्ताहरूको चरित्र बिगार्ने गर्थे। पार्टी नेताहरू तल्लास्तरका कार्यकर्ताहरूबाट ठगिन्थे।'

'विश्वमा आएका अनेक परिवर्तन र जानकारीहरू, देश र विदेशमा नेपाल सरकार र राजनैतिक पार्टीहरूप्रति देखापरेका आलोचना र निन्दाले बिस्तारै पदमा बस्ने मानिसहरूमा चेतना जाग्यो। देशविदेशबाट आएका नेपालीहरूमा विदेशी भक्ति हट्दै आफ्नो देश राम्रो भएन भने विदेशमा पनि हेलाहोचो हुने तथा श्रीहीन र गौरवहीन जीवन साऱ्है कष्टप्रद

हुने अनुभव गरे। भौतिक सुविधाका निम्ति मर्यादा र इज्जतबिनाको जीवन बाँच्ने भावनामा परिवर्तन आयो। जनताको चर्को विरोध, ऐन-नियममा कडाइ, जाँचबुझका नयाँ नयाँ संयन्त्र तथा पारदर्शिताको आन्दोलनले भ्रष्टाचारमा लगाम लाग्दै गयो। त्यसमा ठूलो भूमिका कर्मचारीहरूको तलबमा दोब्बर वृद्धिले खेल्यो। आवास र खाद्यान्न, स्वास्थ्योपचार र छोराछोरीको निम्ति शिक्षाका सहुलियतहरू पाए। त्यही नियम शिक्षक, मजदुर वा अन्य कामदारहरूलाई पनि लागू भयो।'

बैठकमा सबै सहभागीहरू विभिन्न देशका छात्र-छात्राहरू आ-आफ्नै शैलीका लुगा लगाइरहेका, त्यस्तै मिलेर बसेका थिए। रामुले आफ्नो भनाइलाई अन्त गर्दै भने- 'आज नेपालमा ३०० सहर र नगरहरू छन्, त्यसमध्ये १५ ओटा ५ लाखभन्दा बढी जनसङ्ख्या भएको, ५० ओटा १ लाखसम्मको जनसङ्ख्या भएको र २०० ओटा २५००० जनसङ्ख्याभन्दा कमका नगरहरू छन्। तर सबै नगरहरूका ढलहरू छोपिएका छन्, खुला छैनन्, ती सबै ढलका फोहोर उपचार पोखरीमा जान्छ र सफा गरेपछि मात्रै खोला र नदीमा बग्न दिइन्छ, २-४ ओटा सहरहरूको फोहोरको थान्को लगाउने एक एक ठाउँमा बन्दोबस्त भइसकेको छ। हरेक नगरपालिकाहरूको आ-आफ्नो नगर अस्पताल, शिशुशालाहरू, बालोद्यानहरू, विद्यालय र महाविद्यालयहरू छन्। पुराना केही नगरपालिकाहरूले विश्वविद्यालयसमेत सञ्चालन गरेका छन्। नगरपालिकाहरूको आफ्नै उद्योगधन्दा, बजार व्यवस्था, आवास क्षेत्रहरू, खानेपानीको बन्दोबस्त, अतिथि सदन, भोजनालयहरू छन्। ती सबै आम्दानीका श्रोतहरू हुन्। वर्षमा नेपालमा ३० लाखभन्दा बढी पर्यटकहरू आउँछन्। नेपालका नगर, जिविस र केही गाविसहरूका आम्दानीको श्रोत नै पर्यटन उद्योग भएको छ। छरिएका गाउँहरू विस्तारै एक ठाउँमा केन्द्रित हुँदै सहरहरूको सङ्ख्या बढ्यो, गाउँको सङ्ख्या घट्यो।'

रामुको भनाइ नटुङ्गिँदै एक नयाँ भियतनामी छात्राले सोधिहालिन्- 'पासा रामु, नेपालका पुराना र नयाँ सहर र नगरहरूको जानकारीको लागि धन्यवाद दिन चाहन्छु र भियतनामको मुक्तिको बेला सन् १९६५ तिर नेपालको संवत् २०१७ सालपछि पहिलो पटक सं.रा. अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा भियतनामी जनताको समर्थनमा प्रदर्शन गर्ने भक्तपुरका र नेपाली जनताप्रति आभार प्रकट गर्न चाहन्छु। नेपालको भाषा र साहित्यको अध्ययन गर्न म ४-५ महिना पहिले मात्र नेपाल आएकी हुँ। नेपाली भाषा म अहिले पढ्न, लेख्न र बोल्न सक्छु, संस्कृत र हिन्दीसँग सम्बन्धित शब्दहरू अलि उच्चारण गर्न गाऱ्हो अनुभव गर्छु। तर मलाई नेवारी भाषा तुलनात्मक रूपले सजिलो लाग्छ। के हाम्रो पश्चिम नेपालको यात्रा १५ दिनको हो, पासा रामु ?'

'हो, पासा डिन्, हामी नारायणी नदीको किनारको पुरानो नारायणघाट र भरतपुरको नयाँ ५ लाखभन्दा बढी जनसङ्ख्या भएको औद्योगिक सहर, त्यस्तै भगवान् बुद्धको जन्मस्थल लुम्बिनी (भैरहवा) र व्यापारिक नगर बुटवलमा एक एक दिन बस्नेछौँ। बीचबीचका राजमार्गका दायाँ-बायाँका स-साना नगरहरूमा चिया खाँदै त्यहाँका विभिन्न जाति र भाषाभाषीहरूका नाचगान हेर्दै हामी अगाडि बढ्नेछौँ। तर अहिले राजमार्गहरूसँगै जोडिएका बस्तीहरू छैनन्। सबै नगरहरू राजमार्गहरूभन्दा ५-१० मिनेटकै टाढा-टाढा बनेका छन्, व्यवस्थित छन्। सबै नगरहरूमा तार, टेलिफोन, विद्युत, महाविद्यालय, हुलाक, पुस्तकालय आदि सबैको राम्रो बन्दोबस्त छ। जाडोको मौसममा तराईको हावापानी राम्रो हुन्छ। पूर्व-पश्चिम राजमार्गमा अब विद्युतका रेल र ट्रलिबसहरू चल्छन्।'

लक्ष्मीप्रसाद देवकोटाको काव्यबारे विद्यावारिधि गर्ने एक अर्जेन्टिनी छात्र भेनाले भने- पासा रामु, नेपालमा सबभन्दा पहिले अर्जेन्टिनी क्रान्तिकारी सिपाही तथा विचारक चेको बारेमा पढ्ने र लेख्ने नेपाली नगर भक्तपुर नै हो। यस्तो सहर र देशमा आएर नेपालका एक परिवर्तनवादी कविको बारेमा अध्ययन गर्न पाउनु गौरवको कुरा हो। म देवकोटालाई हाम्रो स्पेनियाली कवि पाब्लो नेरुदासँग तुलना गर्न मन पराउँछु। के पश्चिम नेपालमा हामी कुनै साहित्यिक वा कवि गोष्ठीमा भाग लिने कार्यक्रम बनाउन सक्दैनौँ ?'

'हो, हो, मित्र, तपाईंले मेरो मुखकै वाक्य थुतेर बोल्नुभयो। भैरहवामा बुद्धको जन्मस्थान लुम्बिनीको यात्रापछि हामी दाङको संस्कृत विश्वविद्यालय पुग्नेछौँ। पहिले जस्तो त्यो यात्रा लामो हुनेछैन, बीचको पहाडमा सुरुङ मार्ग बनिसकेको छ। त्यहीँ हामी एउटा साहित्य सम्मेलनमा भाग लिनेछौँ। हाम्रो देशको सबभन्दा ठूलो विश्वविद्यालय अहिले त्यही हो। अहिले त्यसलाई हामी भाषा, आयुर्वेद, पुरातत्त्व र इतिहासको विश्वविद्यालयको रूपमा हेर्छौं। सङ्ख्याको हिसाबले यो देशको सबभन्दा बढी छात्रछात्रा र विद्वान्हरूको अध्ययन र अध्यापन गर्ने स्थल भएको छ। यो नेपालको सबभन्दा ठूलो उपत्यका हो। दाङ किसान आन्दोलनको थलो पनि हो।'

'मित्रहरू, हामी बीचबीचमा वनजङ्गल, तलाउ, पोखरी र नदीहरूको पनि सयर गर्दै सुर्खेत पुग्नेछौँ, त्यो देशको तेश्रो ठूलो उपत्यका हो, त्यहाँ एउटा प्राचीन विहार छ,

कांक्रेबिहार भन्ने त्यस बौद्ध क्षेत्रको जीर्णोद्धार यसै शताब्दीमा भएको हो। त्यहाँ हामी एक दिन बस्छौँ, गर्मी बिदामा हामी सुर्खेतबाट रज्जुमार्ग हुँदै जुम्ला, हुम्ला र मुगुको रारामा पुग्नेछौँ।'

वातानुकूल बन्दोबस्त भएको, विद्युत र सौर्य ऊर्जाले समेत चल्ने त्यो बसले ९ बजेतिर भक्तपुर छोड्यो। त्यस यात्रा दलसँग धिमाय् बाजा, बाँसुरी र मादल आदि बाजागाजाका सामान पनि थिए। त्यस यात्रा दलमा सबै महादेशका छात्रछात्राहरू र अन्वेषकहरू थिए।

## उत्सवको सहर

एकजना गाइड स्पेनियाली भाषामा बोलिभिया, पेरु, कोलम्बिया, चिली र ग्वाटेमालाका पर्यटकहरूको दललाई भक्तपुर नगरबारे बताउँदै जान्छ– 'ठीक सय वर्ष अगाडि यहाँका नगरका जनताले आफ्नै अगुवाइमा यस नगरको पुनःनिर्माण गर्न सुरु गरेका थिए। १६५ वर्षदेखि २०० वर्ष अगाडिको भूकम्पहरूले यहाँका पुराना दरबार, बस्ती र नगरभित्र पस्ने ढोका तथा पर्खालहरू भत्काएका थिए।

'२५० वर्षसम्म नगरको विकास अवरुद्ध भयो। यस नगरको ठाउँ-ठाउँमा २००० वर्ष पहिलेका किराँत र लिच्छवि शासन अवधिका अवशेषहरू र चालू ढुङ्गेधाराहरू छन्। स्थानीय नेवारी भाषाको नाममा यहाँका ठाउँका नामहरूले इतिहास र अर्थलाई अभिव्यक्त गर्छ। तुलाछेँ (इनारहरू भएको बस्ती वा बाटो), खिछेँ-खिउँगु छेँ (अँध्यारो बाटो), चोछेँ (उचाइमा रहेको बस्ती), ताला-तुंछी (गहिरो इनारको ठाउँ), तहा मला (लामो गल्ली), याता (पारिलो ठाउँ), गःहिति (गहिरो धारा) जस्ता ठाउँका नामहरू स्थानीय भाषामा २-४ अक्षरले चिटिक्क परेको नामहरू अहिले पनि प्रचलित छन्। यहाँकै धेरैजसो मठ-मन्दिर, विहार, पौवा, पाटी, ढुङ्गेधारा, इनार र कुवा २ सयदेखि २ हजार वर्षभन्दा पुराना छन्। तर ती सबै अहिलेसम्म प्रयोगमा छन्। त्यसैले यस सहरलाई विदेशी विद्वान्हरू 'जीवित स्मारकहरूको सङ्ग्रहालय' पनि भन्ने गर्छन्।'

गाइडले भन्दै जान्छ– 'अहिले यस सहरका केही ढोकाहरू, पर्खालहरू यसै शताब्दीमा पुनस्थापित गरिएका छन्। आज पर्खालभित्रको प्राचीन नगरमा १ लाख जनता बस्छन् तर आधा जति पर्यटकहरू छन्। विदेशी पर्यटकहरू हरेक दिन ५ हजारभन्दा बढी आउँछन्। तिनीहरूमध्ये एक तिहाइले यही रात बिताउँछन्। राति तिनीहरू विभिन्न सांस्कृतिक कार्यक्रमहरू हेर्छन्, नेपालका विभिन्न जाति र भाषाभाषीहरूका खाना चाख्छन्। बिहान तिनीहरू नगरकोट, चाँगु, सूर्यविनायक, ल्हासापाको ससुद्यः आदि मन्दिर, वन-जङ्गल, पार्क र मनोरञ्जनका स्थलहरू घुम्छन् र त्यहीँ ८ बजे चिया वा बिहानको खाजा खान्छन्।

'दिउँसो सिद्धपोखरी, भाज्यापुखू, नपुखू, कमलपोखरी आदि पोखरीमा स-साना डुङ्गाहरूको शयर गर्छन् र नगरकै टोल-टोलका खाने पसलहरूमा रोजीरोजी खाना खान्छन्। आश्चर्य के हो भने पर्यटकहरू खाना खाँदा भक्तपुरे दही मागेर खान्छन् र जाने बेलामा एक पोका पुष्टकारी वा मिश्रिपाक किन्न बिर्सँदैनन्, 'नेपाली चकलेट' भन्दै।'

गाइड बोल्दै जान्छ– 'साँझ-साँझ हरेक टोलमा सांस्कृतिक कार्यक्रमहरू भैरहन्छन्। बाँसुरी, धेमा, देवीनाच, नागाचा नाच जस्ता अनेकौँ प्राचीन नाचगान कार्यक्रमहरू चोक-चोकमा बन्दोबस्त गरिएको हुन्छ भने ठाउँठाउँमा आधुनिक सङ्गीत र साहित्यिक गतिविधिसमेत भैरहेको हुन्छ। ती सबै नाच, गान र साहित्यिक गतिविधिबारे धेरै विदेशी भाषामा लेखिएका पुस्तिकाहरू हुन्छन् र हेडफोन (कानमा राखेर सुन्ने यन्त्र) ले आफूले बुझ्ने भाषामा सुन्छन्।

'गल्ली र टोलहरू सार्है सफा छन्, पर्यटकहरूको घुइँचो सबै ठाउँमा त्यत्तिकै छ। स-साना घरहरू ठूल-ठूला भैसकेका छन् तर उचाइ भने मापदण्डअनुसार नै छ। दक्षिणको हनुमन्ते र उत्तरको खासाङ्खुसुङ्गलगायत सबै ठाउँमा पुराना र नयाँ घाटहरू छन् र मिचेका सबै जग्गा फिर्ता लिएर चौडा पारिएका छन्। ५/६ फिटसम्म पानी सदा रहिरहन्छ। ब्रम्हायणी, माहेश्वरी, त्रिवेणी (हनुमानघाट), चुपींघाट, राममन्दिर र बाराही घाटको दायाँबायाँ रेष्टुराँ र पसलहरू पर्यटकहरूले भरेका छन्। पुरानो नगरको बाहिर चारैतिर अर्थात् लिबालिबी, कमलविनायक, ब्यासी आदि ठाउँमा नयाँ शैलीका बस्ती, महाविद्यालय, संस्थान र विश्वविद्यालयका विभागहरू बनिसकेका छन्, सँगसँगै छात्रावासहरू बनेका छन्। तर ती नयाँ बस्तीहरूमा स-साना बगैंचा र बोटबिरुवाहरूको कमी देखिन्न।

एकजना जापानी केटी पर्यटकले एकजना भक्तपुरे पसलेसँग आफ्नो भाषामा सोध्छिन्– 'के मलाई एक महिना नेपाली परिवारमै खाने र बस्ने बन्दोबस्त हुनसक्छ ?' जापानी केटीले झोलाभरि भक्तपुरका सामान किनेकी छिन्। ती सबै भक्तपुरकै गल्ली र चोकमा बनाइएका हुन्। बुट्टा कुँदेका काठका, धातुका, ढुङ्गाका र कपडाका उपहार दिने सामान र केही पुस्तक उनको झोलामा थियो।

'अवश्य !' नेपालीले जापानी भाषामा सम्झाउँदै भन्छ– 'यहाँ तपाईँ कुनै पनि टोलमा गएर बस्न सक्नुहुन्छ, तपाईँले आफ्नो परिचयपत्र वा राहदानी देखाउनु होला, मूल्य निश्चित छ, आफ्नो मनपर्ने खाजा र खाना अनि खाने समय मिलाउनु होला, घरकी आमा वा घरपतिले कोठाको पनि

बन्दोबस्त गरिदिनु हुनेछ ।'

जापानी केटी सोध्छिन् – 'के घरपति आमा र बाले जापानी भाषा बोल्नु हुन्छ ?' 'अँ, यहाँका हरेक तेश्रो व्यक्ति जापानी, जर्मन र ल्याटिन भाषा बोल्छन् र बुझ्छन् । अङ्ग्रेजी त झन्डै आधी मानिसहरू बोल्छन् र बुझ्छन् । त्यस्तै यहाँ मानिसहरू चिनियाँ र भारतीय भाषाहरू पनि बोल्छन् ।'

'कसरी ?'– जापानी केटी जिज्ञासा पोख्छिन् ।

'यहाँ हरेक विद्यार्थीले दुई विदेशी भाषा पढ्छन् । माध्यमिक शिक्षापछि अन्य भाषाहरू पनि पढ्छन् । यहाँ विभिन्न भाषाका धेरै अध्ययन संस्थान र महाविद्यालयहरू छन्'– नेपालीले पाहुनाको जिज्ञासा मेटाउँछ ।

साँझपख सबै पोखरीहरूमा रङ्गीचङ्गी झिलिमिली बत्ती बलिरहन्छन् । चारैतिर फोहराले वर्षाएका पानीका थोपाहरूमा रङ्गीचङ्गी बत्तीले इन्द्रेणीलाई फिक्का बनाइदिन्छ । नगरभित्र यातायातको कुनै साधन चल्दैनन्, सबै पर्यटकहरू फुर्तिसाथ चारैतिर हेर्दै फोटो खिच्दै पैदल घुम्छन् । बाटोको बायाँबाट जाने र दायाँबाट आउने बन्दोबस्तले गर्दा भीडको अनुभव हुँदैन । तर हरेक पुरुष पर्यटकले एउटा भादगाउँले टोपी लगाएकै हुन्छ भने केटी पर्यटकले एउटा सानो भक्तपुरे खास्टो वा झोला भिरेकै हुन्छ ।

लायक्कु, टौमढी, दत्तात्रय चोक र गल्ली सबै बत्तीले झकिझकाउ छन् । एक क्यानाडेली युवकले आफ्नो केटी साथीलाई ङातापोंल पोष्टकार्डमा पत्र लेख्दै थियो– 'भक्तपुर आश्चर्यजनक नगर हो । बिहान प्राचीन सहर जस्तो ! दिउँसो विश्वविद्यालय जस्तो र राति साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरी जस्तो ! म एक महिना नेपाल बस्छु, यहाँको जनजीवन अध्ययन गर्छु, त्यतिबेलासम्म तिमी आइपुग्ने छौ भन्ने म आशा र विश्वास गर्छु । यो साँच्चै पृथ्वीको स्वर्ग हो । यहाँका मानिसहरू साह्रै सरल, मिलनसार र मायालु छन् । नेपाल तिमीलाई पराई लाग्ने छैन, यहाँ तिम्रो भाषा बुझ्ने मात्र होइन बडो राम्रो बोल्छन् पनि । यहाँ अब मानिसले मानिसलाई शोषण गर्दैन ।'

विभिन्न देशका पर्यटकहरू आ–आफ्नै देशका भेषभूषा वा मनपर्ने लुगा लगाएर आवतजावत गर्दा र विविध भाषा र उच्चारण सुन्दा भक्तपुर साँच्चै 'उत्सवको सहर' वा 'बाह्रैमासे चाडको नगर' भनी पर्यटकहरू टिप्पणी गर्छन् ।

एकजना चिनियाँ पत्रकारले नेपाली मित्रलाई भन्छ– 'के तपाईँलाई थाहा छ, आज संसारमा सबभन्दा बढी चित्र भक्तपुरकै छापिन्छ ।' भारतीय मित्रले हिन्दीमा थप्यो – 'यो कुरो त मैले पनि सुनें ।'

त्यसैले भन्दैछन्– 'नेपाल आएर भक्तपुर आएन भने उसले आधा संसारकै यात्रा नगरे सरह हुन्छ ।'

(पुस २०५६)

**(समाप्त)**


## भक्तपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा नि:शुल्क रगतको व्यवस्था गरिने भनी उल्लेख भएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-१०)

– प्रो. माणिकलाल श्रेष्ठ



## नाटकया न्हूगु रूप – उपन्यास

रूपयात अपो महत्व मबिसे दुनेया सार सोसा उपन्यास नं छगू प्रकारया नाटक खः, अझ धुकथं धाये छिं– उपन्यास कनेगु नाटक खः। अर्थात नाटकं छुं खँ दबुली क्यंसा व हे खँ उपन्यासं कनी। अले मेगु कथं धायेसा उपन्यास थौंया युगया नाटक खः, नाटकया न्हूगु रूप खः। थौंतक नं विश्वे प्रसिद्ध जुया च्वंगु प्राचीन ग्रीसया साहित्ये उपन्यास मदु, निदो दँ सिकं न्ह्यो नाटकया दकले उत्कृष्ट प्रकार त्रासदि पिहाँ वया गाक्क विकास जूगु ग्रीसे, होमर एस्काइलस व सोफोकल्स् थें जोपिं कवि नाटककारपिं दुगु ग्रीक साहित्ये उपन्यास मदु। थनी झिगुँसः दँ न्ह्यो **'स्वप्नवासवदत्ता'** नाटक पिहाँ वये धुंकूगु संस्कृत साहित्ये उपन्यास मदु। धायें पुलां पुलांगु भाषाय् उपन्यास धयागु शब्द हे मदु, नेपाल भाषा नं छगू पुलांगु भाषा ख, थुकी नं उपन्यासया थःगु हे भाषाया शब्द मदु।

उपन्यास न्हू विकास जूगु साहित्य प्रकार खः, न्हू कथंया नाटक हे खः। अंग्रेजी साहित्ये निसः दँ न्ह्यो निसेंतिनि उपन्यास साहित्य क्वातुक दत, यूरोपया फुक्क भाषाय् थ्व हे सछि निसः दँ न्ह्यो निसेंतिनि उपन्यास दत। स्पेनिस भाषाय् प्यसः दँ न्ह्यो पिहाँ वोगु **'डोन क्विकजोट'**या बाखं नं कोजिक्क हे उपन्यास धाये थाकु। भारतया भाषातय् साहित्ये थ्व हे शताब्दीनिसें तिनि उपन्यास दत। नेपाले उपन्यास पिहाँ वोगु बासः दँ मदुनि, नेपाल भाषाया उपन्यासया इतिहास ला झन २००७ साल क्रान्ति धुंका तिनि शुरू जुल।

उपन्यास नाटकसिकं यक्को लिपातिनि विकास जूगुया छता कारण थ्व निगु प्रकारया काव्यया रूप पागुलिं नं खः। ख जा नाटकं व उपन्यासं नितां नं क्यनीगु वा कनीगु छता हे बस्तु खः– व खः मनुखं यागु छुं खँ बा मनूयात जूगु छुं खँ। झीके झी थेंजोपिं हे मनूया जीवन प्रति चिउता दुगुलिं हे नाटक व उपन्यास स्वयेगु व ब्वनेगु प्रेरणा वइगु, अले नाटककार व उपन्यासकार निखलःसिके नं नाटक व उपन्यास सिर्जना यायेगु प्रेरणा नं व हे मनूया जीवन प्रति चिउता खः। क्यने छिंतले नाटकयात लेखकं थः भाव संचारया माध्यम यात, क्यनां मगाना कने नं मालेव उपन्यासया जन्म जुल। थुकथं स्वयेवेले थथे नं स्पष्ट जू – समाज क्लिष्ट जुया वोलिसे नाटकं मगाना उपन्यास पिदन। थ्व हे कारणं दबुली प्याखं क्यनेगु व स्वयेगु सांस्कृतिक परम्परा दुपिं नेवातय् समाजे उपन्यास लिपा तिनि वल। थ्व हे कारण खः नेपाल भाषाय् नेपालया दकले पुलांगु साहित्य जुया नं उपन्यास लिपा तिनि वल।

नेपाली भाषा व नेपाल भाषाया साहित्य निगू तुलना यायेबेले नं नेपाली भाषा भाषी जनता छथाय् मुना मच्वंसे देशे छरे जुया च्वंगु व नेपाल भाषा भाषीत छथाय् मुना च्वंगुलिं नेपालीसिकं लिपा तिनि नेपाल भाषाय् उपन्यास पिदंगु खः।

प्राचीन ग्रीक साहित्ये उपन्यास ला द हे मदु, तर मेमेगु प्रकारया काव्य ला तस्सकं विकसित जुइ धुंकूगु खः। थनी निदोदं न्ह्यो हे प्रसिद्ध ग्रीक विद्वान **अरिस्टोटलं** ग्रीक साहित्ये पिहाँ वये धुंकूगु काव्य (विशेष याना त्रासदि या अध्ययन याना च्वया दीगु **'काव्यशास्त्र'** (Poetics) धयागु सफुली त्रासदि नाटकयात जीवनया अनुकरण (mimesis) धया तःगु दु। अर्थात जीवन स्वया जीवन थें च्वंक मेगु सिर्जना याइगु नाटक खः। उबले उपन्यास मदुनि, थौंया उपन्यासयात नं शायद अरिस्टोटलं थथे हे धाइगु जुइ। न्ह्यागु जुइमा नाटकं थें तुं उपन्यासं नं जीवन थें तुं च्वंगु छुं सिर्जना याइ। *उपन्यास जीवन मखु, जीवनया अनुकरण खः*। छुं छता सिर्जना जूगुलिं थ्व लेखकया कल्पनाया उत्पादन खः, तर कल्पनाया नामं आकसे ब्वया वनीगु कल्पना थ्व मखु।

मेगु खँ नाटके लेखक न्ह्योने वइ मखु, मनूया छुं ज्या दबुली क्यनीगु जुगुलिं प्याखंमोतसें ह्मता क्यनीगु जुगुलिं लेखकं थह्मं वर्णन याये मछिं। अले नाटके अनेक नियमं चिना तगु दई, विभिन्न प्रकारया मछिं मजिउया सीमितता‌ं लिकुंका तइ। उदाहरण स्वरूप छगू हे बेले निगू थासे निता

घटना जूसा नितां दबुली क्यने मछिं, अथे हे दबुली क्यने मफुगु मनूया आपालं ज्या दु। तर उपन्यासे प्रतिनिधित्वया नाप नापं वर्णन याये जिउगुलिं अर्थात पात्रतय् सम्बाद व परस्पर व्यवहार क्यनेगु व लेखकं नं छुं कने जिउगुलिं थ्व जोगु सीमितता मदु। तर लेखक न्ह्योने वये जिउ धायेवं तुं थः हे मू पात्र जुया छ्वया थः धाये माक्को तप्यंक धया छ्वये मजिउ। लेखकं जीवनया प्रतिविम्ब बिइत सनीबेले नाटके क्यने मछिंक यक्को नित्तुनिउगु खँत दत, समाजया वा जीवनया समस्यात तस्सकं क्लिष्ट जुल धायेव उपन्यासया माध्यम ज्वने माली। उपन्यासे नियमया नियन्त्रण नाटके थें मदुगु अःपुकेत मखु, मयासे मगाना खः। अथे जूगुलिं नियमया नियन्त्रणं उपन्यासकारयात चिना मतःगुलिं उपन्यासकार भचा स्वचछन्द खने दुसां उपन्यासं क्यनीगु जीवन नाटकया सिकं भन क्लिष्ट, भन नित्तुनिउगु व भन यक्को तःब्यागु व भन आपालं क्रिया प्रतिक्रिया ल्वाक ज्यागु जुइ। नाटककारयात पात्रया हृदय थुइके फइगु कल्पना अर्थात समवेदना मा, अले जीवनया ज्ञान मा। उपन्यासकारयात जन-जीवनया ज्ञान दकले अपो मा। विश्वे लिपातक्क मसीकथं प्रसिद्ध जुया वंगु उपन्यासत पात्रतय् जीवन दुनेथ्यंक वाला गथे खः अथे क्यने फुगु व उकिया माध्यमं समाज हे भीगु मिखाया न्ह्योने ब्वया थकूगुलिं खः। लेखकं वर्णन याइगु खालि बाखं न्ह्यज्याकेत जक खः, मेगु फुक्क ला नाटके थें पात्रपिंसं हे प्रतिनिधित्व याना क्यने मा। उपन्यासे बाखने थें कनेगु कला मा, तर यइपुक कनेवं तु न्ह्यागु नं बाखं उपन्यास जुइ मखु। पात्र धाथेंयापिं मनू थें मच्वंसा बा उकी वर्णन याना तःगु घटना जीवने जुइ हे मफइगु खने दत धायेव उकियात उपन्यास



एमिली ब्रोन्टे (सन् १८१८-१८४८)

धाइ मखु।

चवय् धयाथें मनुखं यागु छुं ज्या वा मनूयात जूगु छुं खँ हे उपन्यासया विषय खः। थुकथं उपन्यास बाखं खः। तर धोंच्वलेया बाखं उपन्यास जुइ फइ मखु, छाय धासां अरिस्टोटलं त्रासदि-नाटकयात धाथें तुं उपन्यास नं जीवनया 'मिमेसिस' (अनुकरण) खः, अर्थात जीवन थें तुं च्वंक लेखकं चित्रण यायेगु बस्तु। मेमेगु बाखं साहित्ये थें उपन्यासे नं बाखंया घटना च्वंनिसें क्वथ्यंक सिलसिलाय् लाक्क वनी। उपन्यासया बाखं सुं नायक नायिकापिनि जीवने जुक्को घटनाया वर्णन मखु। थथे छह्म वा निह्म 'वीर पुरुष वा महापुरुष वा आदर्श पुरुष महिलापिनि' जीवनी महाकाव्यया विषय जुइ फु, तर उपन्यास जुइ मखु। उपन्यासया विषय ला उकी च्वंपिं 'यक्को पात्र, नायक, नायिकापिनि चरित्रया सङ्घर्षण बा पिनेया प्रकृति, भौगोलिक प्रभाव, समाजया आचार विचार नाप अमि सङ्घर्षण खः *(यदुनाथ खनाल- समालोचनाया सिद्धान्त।)*' 'सङ्घर्ष मदुसा नाटक हे दइ मखु' धयागु प्रसिद्ध अंग्रेजी नाटककार **जर्ज बर्नार्ड शा**या धापू उपन्यासबारे नं सत्य खः। सङ्घर्षयात कलात्मक ढङ्गं उपन्यासकारं नं क्यनी। थ्व सङ्घर्ष निह्म मनूया सङ्घर्ष जुइ फु, निगू शक्तिया सङ्घर्ष जुइ फु, निखलःया द्वन्द जुइ फु, निगू विचारधाराया ल्वापु जुइ फु वा छह्म हे मनूया मने दुने च्वंगु निगू विचारया, निगू भावनाया वा निता संस्कारया अन्तरद्वन्द् नं जुइ फु। अथे जूगुलिं नायक नायिकापिनि बाखं उपन्यास मखु, थ्व ला उपन्यासया माध्यम जक खः। भिंगुंगूगु शताब्दीया प्रसिद्ध अंग्रेजी कवियत्री कुमारी **एमिली ब्रोन्टे** च्वया दीगु **'वुदरिङ हाइट्स्'** विश्व-प्रसिद्ध जुया वन। छह्म मनूया हृदये दुने च्वंगु प्रेम, पीडा, अन्तर्द्वन्द फुक्क गथे खः अथे जुइक पाठकपिनि मने नापं तिक्क मिनीकथं थुकी क्यना बिउगु दु, अले उगु उपन्यासया नायक हेथक्लिफया हृदय हे उला क्यना लेखकं सहानुभूति वा समवेदना वा पात्रया नुगले थें थह्मं अनुभव यायेगु शक्ति क्यना बिल। थ्व शक्ति कल्पना शक्ति खः, विभिन्न रूपया कल्पना *(कल्पना धका भीसं गोगू अर्थे प्रयोग याना, थुकिया गुलि रूप दु, काव्ये थुकिया छु महत्व दु धयागु खँ स्वया दिसँ थ्व हे सफूया 'कल्पना' अध्याये।)* मध्ये छगू कल्पना थ्व खः। तस्सकं उच्च कल्पनां याना बुदरिङ हाइटस्यात अंग्रेजी भाषाया दकले तःधंगु कविता मध्ये छगू धका धा, अथेसां उपन्यासया दृष्टिं उकी छता त्रुटि द हे दनि, थुकी छह्म मनूया जीवन हे जक क्यनेगु सन, छह्म मनूया जीवनी माध्यम याना उगु बेलेया विलायतया समाज चित्रण यायेगु मसो। कविता व नाटकया क्षेत्रं उपन्यासे भाह्म नेपाल भाषाया कवि, नाटककार व आ उपन्यासकार जुइत सना च्वना दीह्म **ईश्वरानन्द श्रेष्ठाचार्य**या **'ख्वाउँ हि'** उपन्यासे नं थ्व हे त्रुटि दु।

'ख्वाउँ हि' छह्म असाधारण मनोभावनायाह्म पात्रया हृदयया चित्रण खः, थुकी लेखकं उह्म पात्रया पिने पिनेया अर्थात खने दयेक मनुखं याइगु ज्या (action) क्यनेगुली सीमित मजुसे

नायकया नुगले दुहाँ वना वाला स्वया दिल, फाया भ्कीत क्यना दिल। नुगःया खं क्यना तःगुलिं थुकियात मनोवैज्ञानिक उपन्यास ला धाये हे माल, उलि जक मखु मनूया मनया स्वंगू तह - मनुखं थह्मं चागु विचार, बछि जक चागु भावना व पात्रं हे छतिं मचायेक मने चवना चवंगु भावना (अर्थात थौंया मनोविज्ञानया अनुसन्धानं खंकूगु 1. Conscious, desires or feelings 2. Subconscious instinct व 3. unconscious complex) स्वतां वाला स्पष्ट क्यना दीगु दु। थ्व लेखकया कल्पना शक्ति खः, कवियाा व नाटककारया विशेष प्रतिभा खः, गुगु प्रतिभा उपन्यास च्वयेत नं मदयेक मगा। मनोविज्ञानया दकले न्हू न्हूगु अनुसन्धानं वोगु ज्ञानयात पात्रचित्रणे छ्यलेगु विश्व-साहित्ये वया च्वंगु न्हूगु प्रवाह ईश्वरानन्दजुं नेपाल भाषा उपन्यास-साहित्ये नं गाक्कं विकास याना दीगुलिं 'ख्वाउँ हि' नेपाल-भाषा-साहित्ययात छगू तःधंगु देन जूगु दु। अथे जुया नं समाजया चित्रण पाखे लेखकं जोड बिउगु खने मदु। ख जा समाजया दुने च्वंह्म छह्म मनूया जीवन ब्वया क्यनेबेले समाज खने द हे दइ, उगु कथं 'ख्वाउँ हि' उपन्यासे खने दुगु समाज चित्रण वास्तविक जू. जीवन थें हे च्वं। तर नायक नायिकापिनि जीवनया माध्यमं समाज ब्वया क्यनेगु पलेसा छुं छगू समाजया पृष्ठभूमिइ नायकयात ब्वयेगु ईश्वरानन्दजुया कुतः जूवंगु दु।



रुद्रराज पाण्डे (विसं १९५७-२०४३)

च्वय् हे धाये धुन समाज क्लिष्ट जुया वोलिसे, समाजे न्हू न्हूगु समस्या दया वोलिसे समाज दुनेया विभिन्न शक्ति, संस्कारया सङ्घर्षण भ्कन भ्कन सरल मजुया वनी अले उकियात दबुली क्यने मछिंगुलिं हे उपन्यास वइगु खः। थुकथं नाटक व उपन्यासया छगू हे रूप जूसां विकास क्रम भचा पा। नेपाल भाषा-साहित्ये, अभ्क नेपालया हे साहित्य जगते सोसां थथे स्वाभाविक विकास-क्रमं उपन्यास वोगु खने मदु, बरु विदेशी भाषाया साहित्ये च्वंगु उपन्यास ब्वना प्रभावित जूपिं भ्की देशया भाषाप्रेमी व छुं भति समाजया सेवा याये धयागु भावनां प्रेरित जूपिंपाखें नेपाले उपन्यास च्वयेगु चलन वोगु दु। थ्व हे प्रेरणां याना सुब्बा **ऋद्धि बहादुर मल्ल**जुं विदेशी भाषाया उपन्यासत नेपाली भाषाय् अनुवाद याना दिल। अथे हे भ्की देशया उपन्यास-क्षेत्रे लँ क्यना बिइथें दकले न्हापां पिहाँ वोपिं मध्ये छह्म उपन्यासकार **रुद्रराज पाण्डे**जुया उपन्यास ब्वनेवेले नं थुगु हे प्रकारया प्रेरणां उपन्यास च्वया दीगु थें सी दु। समाज-चित्रण उपन्यासया छगू विशेष गुण खः, थुगु दृष्टि पाण्डेजुया उपन्यास आपालं सफल जू, तर दबुली नाटकया रूपे क्यने मफइगु समाजया छुं क्लिष्ट समस्या व विचार वय्कःया उपन्यासे छुं हे खने मदु। थःगु भाषा-साहित्ये उपन्यास तस्सकं अभाव जुल, उकियात पूर्ति याना सेवा याये धयागु भाव व थः छह्म शिक्षित जुसेंलि थः देशया दाजुकिजापिन्त शिक्षा बिइगु जिगु कर्तव्य खः धका उपन्यासयात शिक्षाया माध्यम याना पाण्डेजुं च्वया दिल। थ्व हे कारणं याना वय्कःया **'रूपमती'** व **'ईसप नीतिकथा'** या उद्देश्य उत्थें खने दुगु खः। देशीय व जातीय गौरव व उपदेशकया सद्भावना थ्व नितां भावना बांलागु भावना खः, तर थ्व प्रेरणां साहित्यया छुं विशेष प्रकार पिकायेबले असामयिक जू वनी।



ऋद्धि बहादुर मल्ल (विसं १९५५-२०२५)

नेपाल भाषा साहित्ये ला उपन्यास पिहाँ वोबले नेपालया समाज छुं भति क्लिष्ट जुइ धुंकल। न्हूगु राजनैतिक विचारधारा जक मखु, न्हू न्हूगु वैज्ञानिक सोचाई व प्रकृति विषयया ज्ञानया तक नं प्रभाव वयेके मबिसे पनेत सना च्वंगु राणा शासनं मुक्त जुइ धुंका, विश्वया नीँगूगु शताब्दीया प्रवाह, समस्या व अन्तर्राष्ट्रिय राजनीतिया चहल पहल फुक्कया प्रभाव लाये धुंकूगु न्हूगु नेपाले नेपाल भाषाया उपन्यास या जन्म जुल। थुकथं नेपाल भाषा साहित्य ला उपन्यासया निम्तिं लोये धुंकूगु तु खः, अथेसां अभ्क नं 'अभाव पूर्ति' या प्रेरणां नं उपन्यास क्षेत्रे भ्की उपन्यासकारपिंत दुकागु खः।

नेपाल भाषाय् छगू हे प्रकारया साहित्य च्वया थःत मुक्कं उपन्यासकार हे धका नां कायेका च्वंह्म **धूस्वां सायमि**जुं च्वया दीगु उपन्यास फुक्कलिसं मदिक्क छगू हे प्रवाह न्ह्याना

वंगु दु। थ्व प्रवाह वय्कःया न्हापांया उपन्यासे छुं भति जक व लिपा जूलिसे विकसित व भचा परिष्कृत रूपं व्यक्त जुया वंगु खने दु। थ्व प्रवाह खः मनूया अर्ध चेतन मने च्वंगु भावना (Sub-conscious instinct) क्यनेगु अर्थात सुं पात्र न्ह्यपुं बिचा याइगु इच्छा, भावना आदि मखु कि थःत हे बुका दुनेंनिसें वइगु तीव्र भावना वा 'हि वइगु विचार' क्यनेगु। थुकिया निंम्तिं धूस्वां सायमिया उपन्यासे न्ह्याबलेसं सुं छह्म असाधारण मनस्थितियाह्म वा असाधारण परिस्थितिइ लाना च्वंह्म नायक (अक्सर नायिका) क्यनी, अले उह्म पात्रया असाधारण ज्या व प्रतिक्रिया हे सायमिजुया उपन्यासया विषय। थुकथं वय्कलं उपन्यासयात ल्यया दीगु विषय-वस्तु ला छुं भति क्लिष्ट, गुगु **शेक्स्पियर** थें जोपिं असाधारण प्रतिभाया लेखक तोता मेपिसं नाटके क्यने थाकु। धूस्वांजुं उपन्यासयात लोगु विषय नं कया दिल, मनूया अर्ध चेतन मनया विश्लेषण यायेगु प्रवाह नं वय्कलं नेपाल भाषा उपन्यासे हया दिल, थ्व झीगु साहित्ययात तःधंगु देन खः, तर गुगु समाजे न्हिंन्हिं क्लिष्ट जुयावं वंगु विकास दु समाजे दुने च्वंगु विभिन्न सङ्घर्षण व समस्या वय्कःया उपन्यासे प्रतिविम्ब बांलाक मजू। असाधारण पात्र ल्यये मजिउगु मखु, तर उह्म पात्र समाजया छुं सामान्य वा विद्यमान समस्यां पिहाँ वोह्म जुइमा। समाजे च्वंगु छुं समस्यायात छुं भति, अझ गाक्कं तीव्र याना नं उपन्यासे क्यने जिउ, तर व समाजया वास्तविक समस्या जुइमा। उपन्यासे पात्र फुक्कं काल्पनिक जुइ, पात्रतय्सं याइगु ज्या नं काल्पनिक घटना हे खः, तर उपन्यास जीवन थें च्वंके मासेंलि उकिया वातावरण, पृष्ठभूमि धाथेंयागु जुइमा। थ्व खँ धूस्वांजुं उलि वास्ता तया दीगु खने मदु। हाकनं वय्कःया पात्रतय्के असाधारण मनस्थिति वइगु अपो याना यौन सम्बन्धी दु। यौन मनूया छगू तस्सकं तीव्र भावना खः, तर न्ह्याक्को तीव्र जुसां थ्व स्थायी भावना मखु, मनूया मनस्थितियात इलेवेले प्रभाव थुकिं याइ, तर थुकिं हे निर्धारण याइगु मखु। असाधारण मनस्थितियापिं पात्र ल्ययेगु व अमिगु तीव्र भावना क्यनेत सनेगु, उपन्यासयात मनोवैज्ञानिक विश्लेषणाया रूप बिइगु प्रवाह सायमिजुयाके वोगु स्पष्ट हे सी दयेक विलायतया **समर्सेट मअम्**, फ्रान्सया **जोला** व **मोपास्सां**, इटलिया **मोरेभिया** व छुं भति रूसया **दोस्तोएब्स्की**या ल्वाकब्वाक प्रभाव खः। थुकथं पश्चिमी साहित्य ब्वना उकिं गाक्क प्रभावित जुइगु व थःगु भाषाय् उपन्यास मगाना च्वंगु खना 'अभाव-पूर्ति' या भावनां प्रेरित जूगु सायमिजुयाके नं सी दु। तर वय्कःयात सु सु पश्चिमी उपन्यासकारपिनि प्रभाव लागु दु, व फुक्कसियां उपन्यासे पात्रतय्गु चित्रण व अमि जीवनयात माध्यम याना मुख्य उद्देश्य ला समाज प्रतिविम्वित यायेगु प्रवाह दु, थुकिया धासा क्वातुक्क प्रभाव सायमिजुयाके लाये अझ नं मगानि। विलायतया क्रान्तिकारी युवक शहीद **राल्फ फक्सं** धया दी थे तुं जनता व जन-जीवन दकले अप्पो क्यने छिंगु व क्यने मागु साहित्यया प्रकार उपन्यास विश्वया



समर्सेट मअम् (सन् १८७४-१८६५)



एमिल जोला (सन् १८४०-१९०२)



मोपास्सां (सन् १८५०-१८९३)



मोरेभिया (सन् १९०७-१९९२)



दोस्तोएब्स्की (सन् १८२१-१८८१)



राल्फ फक्सं (सन् १९००-१९३६)

न्ह्यागु देशया साहित्ये नं शुरुइ कविता हे दना वल, नाटकया माध्यमं उत्कृष्ट कला क्यन, लेखकं जीवन-सम्बन्धी धारणा क्यन। तर थौं नेपालया समाज न्हापाथें सामन्ती अर्थ-व्यवस्था, सामन्ती शोषण, सामन्ती धर्म, परम्परा व संस्कारया दुने च्वना विश्वं हे अलग, विश्वया छुं हे न्हूगु विचारधारा व सिद्धान्तया प्रभाव मलानीगु सरल समाज मखये धुं कल। अथे जूगुलि समाजया गुइँ गुइँ निउगु समस्या, विश्वया छगू कुने च्वंपिं जनताया सङ्घर्षं भ्कीथाय् प्रभाव लाना च्वनीगु, मनूया मनस्थिति असाधारण जुइकीगु वातावरण उपन्यासं क्यने फयेमा। मेमेगु देशे न्ह्यागु जुइमा भ्कीथाय् उपन्यास-युग शुरु जूगु दु। थ:गु मिखा न्ह्योने च्वँको जक स्वया विश्वे जुया च्वंगु विभिन्न गतिविधि वास्ता मतयेगु, नायक नायिकापिनि बाखने अलमले जुया समाज लोमंकेगु, उपन्यासयात ताहाक:गु बाखं मतिइ तया कनेगु कला बांलाकेगुली जक जोड बिइगु व पश्चिमी गोलार्धया उतर अमेरिका व पश्चिमी यूरोपया छुं देशे, अले उकिया प्रभाव लाना एशियाय् नं छुं भति प्रचार जूगु सनसनी बिइगु, न्हि छ्यायेत हे जक ब्वनीगु, मनूया मने च्वंगु बांमलागु इच्छा व भावनायात सन्तुष्टी बिइगु 'उपन्यास' या प्रभाव लायेगु आदि छुं हे कथंया संकुचितताय् मलाक्क न्ह्यज्यायेे मागु दु *(थुथाय् लाक नेपाल भाषाया उपन्यासं छता मखुगु प्रवाहं बचे जुइमा। जीवनयात तोफिका आक्से व्वइपि साहित्यिकपिनि खँ ला च्वय हे धाये धुन, तर यथार्थवादी धायेका च्वंपि लेखकपिंके, विशेष याना उपन्यास क्षेत्रे छुं भति गलत धारणा भ्कीथाय् मतंनि। समाजे गथे जुया च्वंगु ख: अथे हे क्यना बिइ धुसेंलि गात, जिमि कर्तव्य क्वचाल, यथार्थवाद थ्व हे ख: धाइगु तथाकथित 'यथार्थवादी' धारणा नेपाल भाषाया उपन्यास व मेमेगु बाखं साहित्ये वया च्वंगु दु। थ्व प्रवृत्ति यथार्थवाद (Realism) मखु, प्रकृतिवाद (Naturalism) ख:। प्रकृतिवाद् कल्पना मदुगुया चिं ख:, सिर्जनाया प्रतिभा मदुगुया प्रमाण ख:। उपन्यासं जन जीवनया प्रतिविम्ब याइगु जुसेंलि लेखकं जीवनया फोटो जक क्यनेगु मखु, जीवनयात थह्मं गथे खन व प्रतिक्रिया नं कने मागु दु। जन जीवनया प्रतिविम्ब याइपिंसं जन आकांक्षाया नं प्रतिनिधित्व याये फयेमा। लेखकं थ:त जनताया नेता मखु जनतायात थ: गुरु भापेमा। जनताया नुगले च्वंगु भावना नुवाना बिइगु हे सच्चा यथार्थवाद ख:। अले भ्कीत थौं मागु प्रकृतिवाद मखु यथार्थवाद ख:)* । साहित्यया मेगु प्रकार च्वया नां जाये धुंकूपिं लेखकपि उपन्यास क्षेत्रे दुहाँ वोगुलिं भ्की उपन्यासकारपिं गाक्कं अनुभव दुपिं ख:। उपन्यास सफल जुइत दकले मागु बस्तु लेखकयाके जीवनया गाक्कं अनुभव। उकिं भ्कीसं धाये फु नेपाल भाषाया उपन्यासया स्तर थौं न्ह्याथे हे जूसां थुकिया भविष्य बांला, ख:गु लँय् थुकिं पला तये धुंकूगु दु। **(कथहं)**

## भक्तपुर नपबाट सञ्चालित शिशुस्याहार केन्द्र



# वान्दिमगलमा योमरी प्रदर्शन–इतिहास ब्युँताउँदै



ओम धौभडेल




भक्तपुर नगरपालिकाले पहिलो पटक नगरको तचपाल टोलमा योमरी प्रर्दशन भव्यताका साथ सम्पन्न गरेको छ। भक्तपुर लायकुबाट सांस्कृतिक पदयात्राका साथ तचपाल टोलमा गत मङ्सिर २४ गते भएको भब्य योमरी प्रर्दशनीलाई इंगित गरी यो आलेख तयार भएको छ।

तचपाल टोल नगरको पूर्वी भेगको एक प्रसिद्ध टोल हो। लिच्छविकालीन टोल बस्तीहरूले भरिएको यो इलाकामा तौलाछैँ, क्वाठण्डौ, गछैँ, वाँचुत्व, जँला जस्ता घना आवादीले भरिएका टोलहरू छन्। विशेष गरी इनाचोको स्वंगल्वहँभन्दा पूर्वका यी टोल बस्तीहरूलाई वान्दिमगल नाम दिएको पाइन्छ। कुनै समयको वान्दिमगलस्थान, शीवगलस्थान र चनिगलस्थान नामका तीन ओटा इलाकाको प्रतिनिधित्व स्वरूप इनाचोको उकालोमा तीनओटा ढुङ्गाहरू राखेको हो। इनाचोको यो ढुङ्गा रहेको ठाउँदेखि पूर्वतर्फको सम्पूर्ण भाग वान्दिमगलस्थानबाट चिनिन्छ। जुन पूर्व लिच्छविकालीन बस्ती पनि हो। सुडालको ङाबुदेखि ब्रम्हायणी पीठ वरपर, तुमुचो दुगुरे, लिवालिवि र हालको तचपाल क्षेत्र वान्दिमग्वलस्थान हो। र पछि तचपाल क्षेत्रमा मानेश्वरी देवीसहित वानेलायकु स्थापना पछि तचपाल र वरपरको क्षेत्र बढी यही वान्दिमगलस्थानले चिनियो। वानेलायकुको अवशेष बाँकी नरहे पनि यहाँ मानेश्वरी देवीको आगम यद्यपि देख्न सकिन्छ। जहाँ दशैं अवधिभर मोहनी पर्व मनाउँदै आएको छ। भूमि सम्बन्धी पुराना ताडपत्रहरूमा भक्तपुर नगरको इनाचोभन्दा पूर्वतर्फको तचपाल, गछैँ, क्वाठण्डौ, जेलाँ, तौलाछैँ, सुजमारी जस्ता बाक्लो बस्ती रहेका भागलाई वान्दिमगलस्थान नाम दिएको छ। जहाँ 'वा' शब्दले पूर्व दिशा जनाउँछ। त्यसो त यही वान्दिमगलस्थानमा रहेको ब्रम्हायणी देवीलाई नेपाल भाषामा **वाता अजिमा** भनिन्छ। ब्रम्हायणी पिठ जाने खुल्ला चौरलाई **वाताख्य:** भनिन्छ। तचपालस्थित लायकु दरबार क्षेत्रलाई **वाने लायकू** भनिन्छ। यहाँ हरेक सम्पदासँग गाँसिएको 'वा' शब्द र वान्दिम गलको 'वा' बीच ठूलो समानता छ। इनाचोभन्दा पूर्वतर्फकै भएर यहाँका हरेक महत्त्वपूर्ण सम्पदामा वा शब्द जोडिएको हो।

इतिहासको पानाका ठाउँ ठाउँमा वान्दिमगलको उल्लेख भएको सन्दर्भमा हालसम्म भेटिएको प्राचीन प्रमाण ने. सं. २२६ को हो। वान्दिमगलका पुण्यकार सिंहले ने. सं. २२६ मा विष्णु (चाँगुनारायण) लाई लक्षित गरी **गरुडको मूर्ति चढाएको** उल्लेख छ। त्यस्तै ने. सं. २६४ मा मानदेव द्वितीयले शासन गरिरहँदा वान्दिमगलका रत्नाकार सिंहले रामजनी सिंहको दीर्घायुको कामना गरी चाँगुमा दुईओटा **सुनको कलश चढाएको** उल्लेख छ। यसबाट उक्त समयमै भक्तपुरमा वान्दिमगलस्थान रहेको पुष्टि हुन्छ। यता मल्लकालमै लेखिएको थुप्रै लिखत ताडपत्रहरूमा वान्दिमस्थान उल्लेख छ। जहाँ गछैँलाई गऱ्हछे, गड्छे, गलाछैँ जस्ता नाँउहरू दिइएको छ। यता तचपाल टोलको ठाँउमा तचपाड प्रयोग भएको छ। यसबाहेक थुलम, ध्याराछे, पोल, बोडेछे, मूला, याताछे, यिराम, येरा, सहकुलम जस्ता वान्दिमगलका विभिन्न टोल वा ठाँउका नाम आएका छन्।

वान्दिमगल जस्तै **स्वंगल्वहँ** भन्दा पश्चिम मूलबाटो भन्दा उत्तरको भाग **शिवगल** र दक्षिणको भाग **चनिगल**ले प्रख्यात छ। यसमा तचपाल टोल त वान्दिमगलको केन्द्र नै हो। यहाँ स्थापित वाने लायकु तत्कालीन राजदरबार पनि हो। भक्तपुर नगरको सबैभन्दा प्राचीन दरबार यही नै हो। यही वान्दिमगलमा थुप्रै सम्पदाहरू देख्न सकिन्छ, च्याम्हासिंह पोखरी, जसहिति, च्याम्हासिंह ढोका, ध्वाकासी गणेश, तुरतुर हिति, सुजमारी दबु, नासद्य:, आदिपद्म महाविहार, ब्रम्हायणी द्य:छैँ, चैत्य, चौबाटोको तीनपाटी,नास पाटी, वाकुपति नारायण परिसर, तलातुंथी, तौलाछैँ गणेश मन्दिर, दत्तात्रय मन्दिर, वाने लायकु, विभिन्न मठहरू, भिमसेन मन्दिर, नारायण मन्दिर, सँला गणेश मन्दिरलगायत यहाँ अन्य प्रशस्त

सम्पदाहरूले भरिएको छ। यस समस्त क्षेत्र नै वान्दिमगल कहलिनु त्यसको केन्द्र वाने लायकु कहलिनु कतै काकताली मात्र हो कि जस्तो लाग्ला। त्यतिमात्र होइन, यही वान्दिमगल भित्रकै एक बाक्लो बस्तीको रूपमा प्रख्यात सुजमारी टोलको एक महत्त्वपूर्ण सम्पदामा वाकुपति नारायण चोकको नाम पर्न आउँछ। चारैतिर पर्खाल एवम् सत्तल पाटीले घेरिएको यो चोक भित्र दुई तले वाकुपति नारायणको भव्य अति सुन्दर मन्दिर रहेको छ। सँगै अष्टमातृकाको एकतले मन्दिर पनि छ। त्यसबाहेक यो चोक भित्र ढुङ्गेधारा, पाटी, सत्तल, भजनघर, शिवलिङ्ग, दशअवतार, गरुडस्तम्भ, डवली, आदि रहेको छ। भक्तपुर नगर भित्र मल्लकालीन २४ ओटै टोलमा नारायण मन्दिर रहेको छ। त्यसमा अभिलेखको आधारमा सबैभन्दा प्राचीन टौमढीको तीलमाधव नारायण मन्दिर हो भने त्यसपछिको दोश्रो प्राचीन मन्दिर यही वाकुपति नारायण मन्दिर हो। शुरुमा स्थापित यी दुई मन्दिर बीच धेरै कुरामा समानता छ। जस्तै तीलमाधव नारायणलाई क्वने नारांद्यः भनिन्छ भने वाकुपति नारायणलाई थने नारांद्यः भनिन्छ। दुवै नारायण मन्दिरको स्वरूप उस्तै उस्तै छ। दुईतले छाना शैली भई पश्चिमाभिमुख भई मन्दिर निर्माण भएको छ। त्यतिमात्र होइन, मन्दिरलाई चारैतिर घर, सत्तल वा पर्खालले घेरिएर चोक शैलीमा निर्माण भएको छ। यसमा यी दुवै मन्दिरको निर्माण सँग जोडिएको कहावतमा समेत एकरूपता छ। जसरी तीलमाधव नारायण मन्दिरको स्थापनासँग तील (हामो)को थुप्रोको कथा जोडिएको छ। त्यसरी नै वाकुपति नारायण मन्दिरको स्थापनासित वाकु अर्थात धानको भारीसितको कथा जोडिएको छ। यसक्रममा वाकुपति नारायणको स्थापनासँग जोडिएको एउटा कहावतलाई केही हदसम्म विश्लेषण गर्नु जायज होला।

लोककथनअनुसार परापूर्वकालमा भक्तपुरका राजा बलदेव दिनहुँ हिंडेर चाँगुनारायणको दर्शन गरेपछि मात्र खाना खाने गर्थे। एकपटक यहाँ सात दिन सात रातसम्म मुसलधारे पानी परेछ। भक्तपुरबाट चाँगु जाने खासांग खुसुंग खोलामा ठूलो बाढी आएकोले कसैले खोला तर्न सकेनन्। राजा पनि खोला छेउ नै सात दिन सात रातसम्म केही नखाई बसिरहे। आफ्नो दर्शनको लागि आफ्नो भक्तको त्याग तपस्याबाट श्री चाँगुनारायण भगवान खुशी भई एकदिन राजालाई सपनामा अब आइन्दा मेरो दर्शनको लागि यहाँसम्म आउनु पर्दैन। बरु खेतबाट तिमी धान बोकी हिंड्नु, जुन ठाउँमा धानको भारीमाथि सेतो परेवा बस्न आउँछ, त्यही जमिन खनेर हेर्नू। म त्यही प्रकट हुन्छु। त्यही दर्शन गरे म सन्तुष्ट हुन्छु भनी अर्न्तध्यान भएछ। नभन्दै राजाले धानको भारी बोकी आउँदा यही सुजमारी टोलमा सेतो परेवा धानको भारीमा बसेछ। सोही स्थानमा खनी हेर्दा मूर्तिको नाक ताछिन पुगेछ। त्यहाँबाट दुध र रगत एकसाथ बगेछ। सोही मूर्ति गरुडनारायण वा चाँगु नारायण मानी पुजिन थालेछ।

यसरी तौलाछेँ टोलको प्रसिद्ध वाकुपति नारायणको स्थापनासित धानको थुप्रोको सम्बन्ध गाँसिनु एउटा महत्त्वपूर्ण तथ्य बन्न पुगेको छ। वान्दिमगल ईलाका पूर्वको दिशामात्र भएर वा शब्दको प्रयोग यहाँ भएको छैन। तौलाछेँ जस्तो बाक्लो बस्तीभित्रका अधिकांश कृषि पेशा अपनाउने समुदायसित जोडेर उनीहरूले उत्पादन गर्ने धानसित पनि सम्बन्ध राखीएको हुनसक्छ। यस्तो महत्त्वपूर्ण तथ्य त वाकुपति नारायण ले नै दिन्छ। यही स्थानमा प्रत्येक वर्ष माघ १ गते नवदुर्गा भवानीको ब्रम्हायणी देवीले तौलाछेँमा **वापि पाछाकेगु** (धानको बोट बोकेको) अभिनय गर्छ। यो पनि एउटा धानसित यो क्षेत्रको सम्बन्ध रहेको अर्को तथ्य हो। त्यस्तै तौलाछेँ टोलभित्र एउटा **वाथीकुथी** भन्ने स्थान छ। यो ठाउँ धान राख्ने भण्डारघर भन्ने देखिन्छ। भक्तपुर नगरभित्र यस्तो नाम गरेको ठाउँ अरू ठाउँमा भेटिएको छैन। यसबाट पनि भक्तपुरको वान्दिमगल स्थान वा अर्थात धानको लागि प्रसिद्ध ठाउँ हो भन्ने देखिन्छ। धानको कुरा आउँदा अवश्य पनि हाम्रो कृषि सँग जोडिएको विषय हुन आउँछ। परापूर्वकालदेखि नै धानलाई सुअन्नको रूपमा लिने परिप्रेक्ष्यमा धानलाई धनधान्य वा अन्नपुर्णादेवीको रूपमा पुजिँदै आएकोलाई नकार्न सकिँदैन। धानलाई नै मुख्य अन्न मानी पुजिने क्रममा धान रोप्नु अघि खेतमा समेत पूजा गर्ने चलन छ। धान घरमा भित्र्याउँदा पूजा गर्ने होस् या लक्ष्मीपूजाको दिन ढुकुटीमा धान राखी पूजा गर्ने चलन आफैमा महत्त्वले भरिएको परम्परा हो। अझ खेतबाट ल्याएको नयाँ धानको चामल बनाई त्यही चामलको पिठोबाट योमरी बनाउने र सो योमरीलाई अन्नपुर्णादेवीको प्रतिकको रूपमा ढुकुटीमा राखी पूजा गर्नुमा नेवार संस्कृतिको दर्शन झल्किन्छ। यसै सर्न्दभमा नेवार संस्कृतिमा विभिन्न ठाउँमा प्रयोग हुने विभिन्न रोटी मिठाईबारे केही चर्चा गर्नु उपयुक्त होला। विभिन्न चाडपर्व, मौसम तथा संस्कारमा फरक फरक शैली, फरक फरक स्वाद तथा फरक फरक चीजविजले बनेका रोटीहरूको उपयोग गर्ने परम्परा छ। रोटीलाई मरि भन्ने सर्न्दभमा नेवार समाजभित्र थुप्रै मरिहरू पाइन्छ। मरिको पूर्व रूप मधि वा माधे हो। नेवार समाजमा आ-आफ्नो पेशा अनुसार थर कायम हुने सर्न्दभमा रोटी वा मधि बनाउनेलाई मधिकर्मी भनिएबाट यहाँ रोटी बनाउने चलन पहिलेदेखि नै रहेको पुष्टि हुन्छ। घरघरमा दिनदिनै खाने पिठोको रोटी होस्, योमरी पूर्णिमाको दिन खाने योमरी होस्, सिथीको दिन खाने चटामारी, जन्मदिन, म्हापूजा, जंको आदिलाई चाहिने मुतुमारी आदि घर घरमा पाक्ने राटी हो। यी बाहेक मिठाईको रूपमा घ्यु, चाकु, सखर, पिठो, दुध तथा खुवा, चिनी तथा मिश्रीलगायतका

खाद्य पदार्थबाट रोटी बनाउने चलन छ। त्यसमा योमरी एक प्रमुख रोटी हो। जुन चामलको पिठो र चाकु, तीलबाट तयार हुन्छ।



मंसिर शुक्ल पूर्णिमाको दिन चाकुको झोल सहितको चामलको पिठोबाट बनेको एक प्रकारको रोटी योमरी खाने दिन भएर यो दिन योमरी पुन्हीले परिचित छ। यो तिथि सबैभन्दा जाडो समयमा पर्छ। त्यतिमात्र हैन, वर्षको सबैभन्दा लामो रात पनि यही समयमा पर्छ। यस सम्बन्धमा एउटा कहावत जनमानसमा अत्यन्त लोकप्रिय छ। योमरी पूर्णेमा योमरी पकाउन घरमा एकगेडा अन्न नभएको अवस्थामा एक पटक भक्तपुरका एक दम्पत्ति आधा रातमा हिँडेर पनौती पुगेछ। त्यहाँ आफन्तसँग धान सापट लिई त्यही धान कुटी चामल बनाई भक्तपुर फिरेछ। र चामलको पिठो मुछ्दै धमाधम योमरी बनाई पकाएछ। त्यतिबेलासम्म झिसमिसे उज्यालो भएछ। यसबाट योमरी पूर्णेको अघिल्लो रात कति लामो हुने रहेछ, आकलन गर्न सकिन्छ। योमरी बनाउँदा योमरीको चुच्चो जति लामो हुन्छ त्यो रातको समय त्यतिकै लामो हुने कहावत पनि उतिकै चलेको छ। त्यस्तै योमरीको सम्बन्ध मौसमसँग पनि जोडिएको छ। मंसिर शुक्ल पूर्णिमाको दिन योमरी खानुको साथै केही योमरी ढुकुटीमा राखी पूजा गरिन्छ र चार दिनपछि विवाहिता छोरीबेटी बोलाई सबैलाई लक्ष्मीको प्रसादको रूपमा बाँडिन्छ। यी चार दिनमा ढुकुटीको योमरी पटपट फुटेमा जाडो कति बढेको छ थाहा पाइन्छ। यसबाट योमरीको सम्बन्ध जाडोसँग भएको पाइन्छ। त्यतिमात्र होइन, काठमाडौँ उपत्यकामा दशैं तिहारपछि जाडो बढ्न शुरु हुन्छ। यसैलाई दृष्टिगत गरी कार्तिक शुक्ल पूर्णेको दिन तात्तातो सखरखण्ड, पिंडालुको साथ भुटेको मकै, भटमास, केराउ खाँदा शरीरलाई न्यानोपन प्राप्त हुन्छ। अझ एक महिनापछि अर्थात मंसिर शुक्ल पूर्णिमासम्म आइपुग्दा चिसो झन बढेको हुन्छ। र त्यो चिसोबाट बच्नको लागि तात्तातो योमरी खाइन्छ। योमरी भित्रको चाकुले शरीरलाई उर्जा प्राप्त हुन्छ। साथै दशैं तिहारपछि धान काट्ने समय सामाज्या:बाट चिनिन्छ। यही सामाज्या:बाट प्राप्त वर्षको पहिलो धानबाट चामलको पिठो तयार गरिन्छ। त्यही चामलको पिठोबाट योमरी हुन्छ। मंसिर शुक्ल पूर्णिमाको दिन यसरी बनाएको योमरी केही खाने, केही बाँडने र केही पूजा गर्ने चलन छ। चाकु र तीलको मिश्रण भएको लट्टु आकारको योमरीका साथ खुवा, मुर्गीको लिटो आदिले बनाएको त्रिकोण आकारको योमरी परिवारबीच खाने चलन छ। योमरी सबै नेवारहरूको मौलिक सांस्कृतिक पहिचान हो। यसमा भक्तपुरमा पनि योमरी पूर्णिमा धुमधामसँग मनाउने परम्परा छ। तर योमरी पूर्णिमाको दिन भक्तपुरको तचपाल क्षेत्रसित योमरीको सम्बन्धबारे धेरैलाई जानकारी भएको पाइँदैन। यो दिन भक्तपुरको तचपाल टोलस्थित गुरु दत्तात्रय भगवानको जन्मदिन हो। यसदिन यहाँ गुरु दत्तात्रयको जीवन लिला सचित्र प्रर्दशनदेखि भजन किर्तन हुने परम्परा छ। यस्तै योमरी पूर्णिमाको रातमा समेत तचपाल टोल अति ब्यस्त हुन्छ। यसदिन यहाँस्थित भिमसेनको जात्रा हुन्छ। भिमसेनको मूर्ति खटमा राखी भक्तपुरको नासमना टोलको डवलीसम्म जात्राको दौरान भक्तपुर तलेजुबाट पूजा गर्ने चलन छ। साथै भोलिपल्ट बिहानसम्म नगरको तल्लोभेगका श्रध्दालुहरूबाट योमरीसहित पूजा हुन्छ। यसरी योमरी पूर्णिमाको दिन भक्तपुरको तचपाल टोल रमणीय हुन्छ। आमुने सामुने रहेको दत्तात्रय मन्दिर र भिमसेनको मन्दिरको लागि योमरी पूर्णिमा त्यतिक्कै महत्त्वपूर्ण रहँदै आएको छ। यस वर्ष मंसिर २२ गते योमरी पूर्णिमाको दिन यसरी नै तचपाल टोलका दुई प्रसिद्ध मन्दिरहरूमा भब्यता देख्न पाइयो। तर यस वर्ष मंसिर २४ गतेसम्म पनि तचपाल टोल अति भब्यताका साथ रमाइरहेको पहिलो पटक देख्न पाइयो। भक्तपुर नगरपालिकाले पहिलो पटक तचपाल टोलमा योमरी प्रर्दशनी गरेकोले यो अवसर जुटेको हो। यहाँनेर एउटा गहकिलो प्रश्न मनमा उब्जिन पुग्यो कि भक्तपुर नगरपालिकाले किन योमरी प्रर्दशनीको लागि तचपाल टोललाई नै रोज्यो ? अनुसन्धान मन पराउने कारणले मलाई सोच्न बाध्य पाऱ्यो। त्यही सोचकै कारण यो आलेखले केही मूर्त रूप लिन थाल्यो। विशेष गरी वान्दिमगल, वानेलायकुको इतिहासले वा अर्थ पूर्व दिशा हो भनी बताइरहेको माथि उल्लेख भइसकेको छ। यसमा वाकुपति, वाथीकुथी र वापि पाछायकेगु जस्ता गतिविधिले वा ले धानलाई नै इँगित गरेकोमा द्विविधा रहेन। धान र त्यसबाट बनेको चामलको पिठोले योमरी बनाउने दिनमा तचपाल टोलमा दत्तात्रय र भिमसेनको जात्रा हुने भएपछि त तचपाल र समस्त वान्दिमगलकै योमरीसितको सम्बन्ध घाम जस्तै छर्लङ्ग हुनपुग्यो। त्यसपछि भक्तपुर नगरपालिकाले तचपाल टोलमा योमरी प्रर्दशन गर्नुको रहस्य पनि खुल्यो। यसरी वान्दिमगलमा योमरी प्रर्दशनले एकपटक फेरि इतिहास ब्युँतिएको छ। यसको लागि भक्तपुर नगरपालिकालाई मुरी मुरी धन्यवाद !

**लघु कथा**

# कला वाय्गु (जुठो फाल्ने)



लक्ष्मीनारायण दुवाल



'ए ब्यासी चा, त्यो तिमीले फालेको जुठो तिम्रो भान्छामा राख्न ल्याउने कि सफा गर्न आउने ? आफूले फोहोर गरे पछि आफैले सफा गर्नुपर्छ भन्ने भावना छैन ? असभ्य मानिसहरू !'

ब्यासी भाउजूको आँगनमा धेरै मानिसहरू सामु हारां भाउजू कराउँदै थिइन्। ब्यासी भाउजू पनि हारां भाउजूभन्दा कम कि थिइनन्। जथाभावी कराउनलाई एक नम्बरकी थिइन्। झ्यालमा बसी ब्यासी भाउजू कराउन थालिन्- 'दोपातमा कला नफाली तेरो ठाउँमा फाल्ने त ? दोपातमा कला फाल्ने हाम्रो परम्परा, संस्कार हो। दोपातमा फालेको हो, तेरो घरमा फालेको होइन, तँ किन कराउनु पऱ्यो ? जान्ने भएर।'

ब्यासी भाउजूको बोलीले हारां भाउजूलाई तीखो भालाले घोचे सरी भयो। उनको पनि पारो चढ्यो। उनी रिसाउँदै, हात हलाउँदै कराउन थालिन्- 'ए यो डँकिनी त अति मुख्सारी रहिछिन्, त्यो बातले नमान्ने, लातै चाहिने मान्छे रहेछ। ए छुच्ची, झ्यालमा बसेर कराउने होइन, ल बाहिर आउ, तँलाई चुल्थो समाई तैँले फालेको कलामा पछार्न नसके म हाकुमान सुवाको छोरी नै होइन, ल बाहिर आइज।'

हारां भाउजू लाखे झैँ उफ्री उफ्री कराएको देखि ब्यासी भाउजूको रिस पनि १०४ डिग्री पुग्यो। उनी पनि महाकाली झैँ रिसाएर बाहिर आइन्।

हारां भाउजू रिसाहा साँढे झैँ आँखा रातो पारी फुईं फुईं गरी बसिन्। हारां भाउजू र ब्यासी भाउजूको मल्ल युद्ध नै हुन लाग्यो।

झगडा भएको ठाउँमा जम्मा भइराखेका छिमेकीहरूले हारां भाउजू र ब्यासी भाउजू दुवैलाई चोरलाई पक्रे झैँ समाई राखे। त्यही समयमा एक हातमा कुचो (च्वाफी), साविल र अर्को हातमा जुठो सोहोरेको बाल्टिन बोकी सविता मिस त्यहाँ आइपुगिन्।

सविता मिस टोलको एक अगुवा महिला, सबैको प्रिय, आस्थावान व्यक्ति थिइन्। टोलमा कुनै समस्या परे, कसैलाई आपत-विपत भए सहयोग गर्न अघि बढ्ने मिस थिइन्। एक प्रा.वि. स्कूलको मिस भए पनि उनको नम्र बोली-बचन काम, कार्य र व्यवहार राम्रो भएकोले उनलाई सबैले अति मन पराउँछन्। उनले भनेको कुरा सबैले मान्ने गर्छन्।

झगडाको ठाउँमा बसिराखेका सबैको आँखा सविता मिसमा पऱ्यो। सविता मिस पेटीमा उभिएर बोल्न थालिन्- 'हारां भाउजू अनि ब्यासी भाउजू, अब तपाईँहरू झगडा गर्नु पर्दैन। तपाईँहरूको बीच झगडाको कारण यही जुठो होइन र ?' बाल्टिनको जुठो लपेस देखाउँदै भनिन्- 'दोपातमा फालेको जुठो सबै मैले सोहोरेर ल्याइसकेँ, अब त्यहाँ सफा भइसक्यो, सबै शान्त हुनुस्।'

सविता मिसको कुरा अनि कामदेखि हारां भाउजू र ब्यासी भाउजू दुवै बोक्सीले छोडेको आइमाई झैँ एकैछिनमा गलिन्। मानिसको स्पर्शले लतपतिएको लज्जावती बिरुवा झैँ दुवैको शिर झुक्यो र चुपचाप बसी सविता मिसको कुरा सुनि बसिन्।

सविता मिस भन्दै थिइन्- 'ख्वप (भक्तपुर) नेपालको सफा ठाउँ मध्ये एक हो। यो नाचगान-संस्कृतिको राजधानी, शिक्षा-स्वास्थ्यको केन्द्र हो। यस्तो महत्त्वपूर्ण ठाउँको मानिस हामी सभ्य नागरिक हौँ। सभ्य नागरिकहरूको बानी व्यवहार, सामाजिक रहन-सहन, आदर-सम्मान सबै राम्रो हुन्छ। हामी एक आपसमा झगडा गर्दैनौँ। सल्लाह, छलफल, मिटिङ-सभा गरी समाजको समस्या समाधान गर्छौँ। हामी झगडा होइन, नम्र, शिष्ट भई बस्नुपर्छ, बस्छौँ। हाम्रो ठाउँ, हाम्रो गाउँ, सफा गर्ने जिम्मेवारी हामी नै लिँछौँ र हामी नै गर्छौँ।'

सविता मिसले थपिन्- 'हामी जुठो फाल्ने व्यवस्था गर्न नजानेर हारां भाउजू र ब्यासी भाउजू झगडा गर्नुपऱ्यो। यसमा उनीहरूको कुनै दोष छैन। हामीले समयमा व्यवस्था गर्न नसक्नु नै यसको दोष हो। आज म सबैको सामु एक प्रस्ताव राख्छु। मञ्जुर भए ताली बजाएर समर्थन गर्नुहोला।'

सविता मिसले प्रस्ताव राखिन्- 'दोपातमा जुठो फाल्ने हाम्रो परम्परा हो, हाम्रो संस्कार हो। हाम्रो ➲

**फेसबुकबाट**

# तलेजु मन्दिरका भित्ते चित्रहरूबारे

यो लेख पूर्ण रूपले जनचेतनाको लागि मात्र र कसैलाई दोषी लगाउन होइन। साथै यो लेख तलेजु मूल चोकको बाहिरी भित्तामा भएका चित्रको बारेमा होइन, बरु मूल चोकको उत्तरमा अवस्थित तलेजु मन्दिर भवनको एक भागको माथिल्लो तलामा रहेका कोठाको भित्ते चित्रको बारे हो ।





भक्तपुरको मूल चोकका विश्वश्रेणीका भित्ते चित्रहरूमा त्यहाँ तैनाथ सैनिकले नजिकैको लक्ष्मी विलास चोक (सेतो घोडा राख्ने चोक) मा खाना पकाउँदा उत्पन्न हुने धुवाँले निकै नै क्षति पुगेको छ। सबैभन्दा बढी क्षति त मूल चोकको उत्तरी भवनको पहिलो तलाका भित्ते चित्रमा परेको देखिन्छ। यस माथिल्लो तलामा सामान्यतया तलेजुका पुजारी बाहेकलाई जान दिँदैन। तर विसं २०५८ तिर इतिहासकार तुलसी राम वैद्यलाई त्यहाँका एक पुजारीले जान अनुमति दिएको थियो। उनले त्यहाँ देखेका कुराको विवरण आफ्नो 'Bhaktapur Rajdarbar' नामक किताबमा लेखेका छन्। ( यो किताब पढ्न मन छ भने जनज्योति पुस्तकालयमा उपलब्ध छ, र भित्ते चित्रको कुरा पृष्ठ नं ७२ बाट ७५ सम्मछ)। उनकाअनुसार मूल चोकको उत्तरी भवनका भित्ते चित्रहरू यस प्रकारका छन्:

---

यो संस्कारलाई छोड्नु हुँदैन। तर संस्कारको नाममा धेरै धेरै जुठो लपेस र अन्य दोपातमा फाल्नु हुँदैन। संस्कार चलाउने (नमास्ने) हिसावले २।४ ओटा लपेस मात्र दोपातमा फाल्न लाने, अनि केही छिनमा जसले फालेको हो, त्यही परिवारले एक बाल्टिन वा कन्टिनरमा त्यो फालेको जुठो सोहोरी सफा गर्ने, अनि नगरपालिकाको गाडीले धूलो लिन आउँदा गाडीमा राखिदिने। यसो गर्दा कसो होला, हुन्न र ?'

सविता मिसको भनाई नसकिँदै टोल नै थर्किने गरी सबैले ताली बजाए। हारां भाउजू अनि ब्यासी भाउजूले पनि सबैको साथमा ताली बजाइन्। मिसको प्रस्ताव सर्बसम्मतले पारित भयो।

सविता मिसले थपिन्- 'सबैलाई धेरै धेरै धन्यवाद ! अब सबैले यो प्रस्तावअनुसार गर्नुपर्‍यो। साथै ब्यासी भाउजूले दोपातमा फालेको जुठो मैले सोहोरेर ल्याएँ। अब यो सोहोरेर ल्याएको बाल्टिनको जुठो ब्यासी भाउजूले नगरपालिकाको गाडी आएपछि राखी दिनुपर्‍यो।'

ब्यासी भाउजूले सविता मिसलाई हेर्दै टाउको हल्लाएर स्वीकार गरिन्। झगडाको ठाउँमा आएका सबै जना मुसुमुसु हाँस्दै आ-आफ्नो घरतर्फ लागे।



### १. सूर्यवंशी राजाका वंशावली,

नेपालको इतिहासमा लिच्छवि र मल्ल राजाहरू सूर्यवंशको भनेर दाबी गर्थे। यसै कुरालाई झल्काउने गरी उत्तरी भवनको माथिल्लो तला भित्रको पूर्वी कोठाका भित्तामा यस सम्बन्धी चित्र छन्। बीच भागमा सात घोडामा सवार सूर्य नारायणको चित्र छ। यस नारायणलाई प्राथना गरिरहेका लिच्छविका प्रथम राजादेखि भुपतिन्द्र मल्लसम्मका सबै राजाका सूक्ष्मचित्र (miniature painting) छ। साथै सूर्य नारायणबारे एउटा गीत पनि छ। तर यो चित्रको आधिभन्दा बढी भाग खाना पकाउँदा उत्पन्न धुवाँले कालो बनाएको छ।

### २. रानीको भित्ते चित्र

सोही कोठाको अर्को भित्तामा भक्तपुरको एक रानीको (सायद भुपतिन्द्र मल्लकी रानी विश्व लक्ष्मी नै होला) पूर्ण कद ९षिभ कष्ाभ० को चित्र छ। रानीले कसैसँग कुरा गरिरहेको देखिन्छ तर यस चित्रको पनि अरू भाग पूरै धुवाँले ढाकेको छ। त्यसैले रानीले के गर्दै छ भन्ने कुरा जान्न सकिएको छैन।

### ३. राज दरबारमा काम गर्ने एक महिला (maiden) ले अंतीबाट रक्सी हालिरहेको

यस चित्रमा एक सुन्दर महिलाले कसैलाई अंती बाट ऐला (रक्सी) हालिरहेको देखिन्छ तर धुवाँले कालो बनाएको कारणले कसलाई हो भन्ने कुरा जान्न सकिएको छैन। सायद राजा रानीलाई नै होला भन्ने अनुमान छ।

### ४. भुपतिन्द्र मल्लको पूर्ण कदको चित्र

पूर्ण कद (Life sized) चित्र भन्नाले यथार्थमा राजा कति उचाइका थिए उत्तिनै उचाइको चित्र हो। लेखक वैद्यकाअनुसार भुपतिन्द्र मल्लको अति सुन्दर पूर्ण कदको चित्र सोही कोठाको एक भित्तामा छ रे, साथै लेखकले भुपतिन्द्र मल्ललाई ‚a smart looking man with a pretty nose and a moustache' भनेर वर्णन गरेका छन्।

### ५. अर्को कोठामा प्रवेश गर्ने ढोकाको चित्र

ढोकामा द्वारपालका अति सुन्दर चित्र छ साथै ढोकालाई नवनागको चित्रले पनि रक्षा गरिरहेकोछ।

### ६. सोही कोठाको दलिन (celling) का चित्र,

कोठाको दलिनमा एक देवीको सुन्दर चित्र छ र देवीलाई प्राथना गरिरहेका एक मल्ल राजाको चित्र छ।

### ७. भुपतिन्द्र मल्लबाहेकका अर्को मल्ल राजाको चित्र

कालो टोपी र कालो जुत्ता लगाएको एक मल्ल राजाको पूर्ण कदको चित्र पनि यसै कोठामा छ।

### ८. देवीलाई प्राथना गरिरहेका भुपतिन्द्र मल्ल र रणजित मल्लको चित्र

### ९. भक्तपुरको लुप्त भएको वसन्तपुर दरबार (हाल पद्म स्कुल रहेको स्थानमा पहिले वसन्तपुर नाम गरेको दरबार थियो) को एक चित्र

यो विवरण तलेजु मन्दिरको उत्तरी भवनका माथिल्लो तलाका कोठाका भित्तामा कोरिएका मल्ल राज परिवारका चित्रकाबारे मात्र हुन्। सोही स्थानका देवी देवता, अस्तमंगल र अन्य धार्मिक चित्रको उल्लेख गरिएको छैन। त्यहाँ अरू चित्रहरू कति छन् अध्ययनको विषय छ। तर, सबैजसो चित्र सैनिकले खाना पकाउँदाको धुवाँले कालो बनाएको छ, पूर्ण रूपमा छेकेको छ र हेर्न नमिल्ने बनाएको छ र बिगारेको छ। कतिपय चित्र त लेखक वैद्यले धुवाँले गर्दा पहिचान नै गर्न सकेका छैनन्। ठाउँ पनि निषेधित क्षेत्र भएकोले संस्कृतिविद्, ललितकलाविद् र रसायशास्त्रीलाई जान मुस्किल छ। तलेजु चोकका अन्य भित्ते चित्र पनि धुवाँले धेरै बिग्रेका छन्। २०५८ सालमा नै लेखक वैद्यले रसायनले सफा नगरे चाँडै बिग्रने कुरा लेखेका थिए। यी भित्ते चित्रको फोटो त नगरपालिकाले खिचेर सुरक्षित राख्नुपर्ने हो। यसरी पुरातात्त्विक महत्त्व बोकेका चित्रलाई इतिहासविद्हरूलाई अध्यन र लिपिवद्ध गर्न (documentation) गर्ने अनुमति दिनुपर्छ, हैन भने सधैंको लागि धुवाँले कालो बनाएको भित्तामात्र बाँकी रहने छ।

*(तस्बिर : मदनजित सिंहले तलेजु परिसरका बाहिरी भित्तामा रहेका चित्रहरू २०२४ सालमा खिचेका हुन्।)*

स्रोत : Bhaktapurians, Ramri Keta, July 22

भक्तपुर नपाको ७३ औं स्थापना दिवस

# ख्वप अस्पतालको नयाँ भवनको उद्घाटन




भक्तपुर नगरपालिकाको ७३ औँ स्थापना दिवसको उपलक्ष्यमा भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको नयाँ भवन उद्घाटन कार्यक्रम २०७९ पुस २ गते भक्तपुर च्याम्हासिंहस्थित अस्पताल प्राङ्गणमा एक भव्य समारोहबीच सम्पन्न भयो ।

ख्वप अस्पतालको नवनिर्मित भवनको उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)ले गर्नुभएको थियो । सोही क्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुर नपाबाट प्रकाशित **'कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका'** नामक पुस्तक विमोचन गर्नुभयो ।



कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रिकरणको अधिकार दिने हो भने प्रदेश सरकारको आवश्यकता नरहेको बताउनुभयो ।

दुर्गम ठाउँहरूमा स्थानीय निकायलाई अधिकार सम्पन्न बनाई सक्रिय रूपमा काम गर्न सकेको खण्डमा सरकारको आधा काम सम्पन्न हुने बताउनुहुँदै उहाँले जनप्रतिनिधि र राजनीतिक कार्यकर्ताले निःस्वार्थ रूपमा देश र जनताको सेवामा एकढिक्का हुन आवश्यक छ भन्नुभयो ।

देशको परिस्थिति निकै विकराल बन्दै गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले भारतको प्रभाव नेपालमा बढिरहँदा नेपालको अवस्था झन् झन् नाजुक बन्दै गएको उहाँले बताउनुभयो ।

नेपालमा दिल्लीको प्रभाव बढ्दै जाँदा नेपालमा राजनीतिक अस्थिरता बढ्दै गएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले नेपालमा रसायनिक मल कारखाना स्थापना गर्न पनि भारतकै सहयोगमा हुनुपर्ने अवस्था आउनु देशको लागि घातक भएको बताउनुभयो ।

न्याय प्रशासनलाई राजनीतिबाट अलग राख्ने कुरा आफैमा गलत भएको औँल्याउनुहुँदै उहाँले नेपालको कार्यपालिका र विधानपालिकामा समेत भारतको छायाँ परेको हुँदा सङ्घर्षको निम्ति देशभक्त जनता एकजुट हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।



नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले स्वास्थ्य मन्त्रालयले ख्वप अस्पताल स्वीकृतिमा ढिलाइ गरेका कारण ख्वप अस्पताल सञ्चालनमा ढिलाइ भएको बताउनुभयो ।

ख्वप अस्पतालले जनतालाई राम्रो स्वास्थ्य उपचार दिनेमा विश्वास व्यक्त गर्नुहुँदै उहाँले सरकारी अस्पताल राम्रो भएमात्र गरिब जनताले सहज रूपमा स्वास्थ्य उपचारमा पहुँच पुग्ने बताउनुभयो ।

क्यान्सर रोगको उपचारमा प्रयोग हुने औषधी उपलब्ध नहुँदा धेरै बिरामीले अकालमा ज्यान गुमाएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुहुँदै उहाँले विदेशबाट ल्याउनुपर्ने औषधी सरकारले तत्काल ल्याउन आवश्यक पहल गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले निर्वाचन घोषणापत्रमार्फत स्वास्थ्य क्षेत्रमा 'ख्वप अस्पताललाई सय शय्याको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने, वडा वडामा स्वास्थ्य केन्द्रहरूको विस्तार गर्ने र विशेषज्ञहरूमार्फत नियमित स्वास्थ्य शिविरहरू सञ्चालन गर्नेलगायतका प्रतिबद्धताअनुरूप कार्यहरू गर्दै आइरहेको बताउनुभयो ।

२०३० सालदेखि जनस्वास्थ्य केन्द्रको रूपमा सञ्चालित च्याम्हासिंहस्थित स्वास्थ्य केन्द्रलाई २०७८ साल वैशाख १७ गतेबाट विधिवत रूपमा ख्वप अस्पतालको रूपमा सञ्चालन ल्याएको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले जनताको साथ र सहयोग भए हरेक क्षेत्रमा सफलता हासिल गर्न सम्भव छ भन्ने एउटा उदाहरणको रूपमा भक्तपुर नगरपालिकाले काम गर्दै आएको छ भन्नुभयो ।

उहाँले सरकारी अस्पतालहरूमा सुधार नहुँदा र बिरामीहरू स्वास्थ्य उपचारको लागि निजी अस्पतालहरूमा गइरहनुपर्ने बाध्यताको अन्त्य नभएसम्म जनता स्वास्थ्यकै कारण घरखेत बेच्न बाध्य हुनुपर्ने र ऋणको पासोमा परिरहने यथार्थ प्रस्तुत गर्नुभयो ।

नेमकिपाका बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले नेतृत्व राम्रो भएको खण्डमा शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा उल्लेखनीय



काम गर्न सम्भव छ भन्ने उदाहरण भक्तपुर नपाले देखाएको बताउनुहुँदै नेमकिपाको लामो राजनीतिक जगकै कारण भक्तपुर आजको स्थितिमा पुगेको यथार्थबोध नयाँ पुस्तामा गराउनुपर्छ भन्नुभयो ।

ख्वप अस्पताललाई १०० शय्यामा स्तरोन्नति गर्न गरेको निरन्तरको सङ्घर्षकै कारण आज यो उपलब्धि हासिल भएको बताउनुहुँदै सांसद गोसाईंले स्वास्थ्य क्षेत्रबाट जनताको निःस्वार्थ सेवा गर्ने भावना ख्वप अस्पतालमा हुनुपर्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपा देशभरिकै उत्कृष्ट नगरपालिकाको रूपमा परिचित गर्न यहाँका अग्रज, जनप्रतिनिधि, नगरवासी, बुद्धिजीवी, पत्रकारलगायतको भूमिका उल्लेखनीय रहेको बताउनुभयो ।

भक्तपुर नगरलाई शिक्षित र सुन्दर नगरको रूपमा विकास गर्ने लक्ष्य बोकेको भक्तपुर नपाले कोभिड महामारीबाट जोगाउन जनतासँग हातेमालो गर्दै रोग नियन्त्रण र रोकथाममा लागिपरेको उहाँले बताउनुभयो ।



जि.प्र.का. भक्तपुरका प्रमुख जिल्ला अधिकारी **रुद्रादेवी शर्मा**ले ख्वप अस्पताल उद्घाटन नगरवासीहरूको निम्ति गौरवपूर्ण समय भएको बताउनुहुँदै गुणस्तरीय र सर्वसुलभ स्वास्थ्यको लागि भक्तपुर नपाको प्रयास प्रशंसनीय भएको बताउनुभयो ।

सानो जिल्ला भएर पनि भक्तपुरमा सङ्घ, प्रदेशको अस्पताल रहेको र नगरपालिकाले सञ्चालन गर्ने ख्वप अस्पतालबाट भक्तपुरलगायत देशभरका जनताले स्वास्थ्य उपचार सहज रूपमा पाउने उहाँले बताउनुभयो ।



भक्तपुर क्यान्सर अस्पताल, भक्तपुरका कार्यकारी निर्देशक प्रा.डा. **विष्णुदत्त पौडेल**ले कोभिड नियन्त्रणमा भक्तपुर नपाले राम्रो काम गरेको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पतालमा डी.एम. अन्कोलोजीको कार्यक्रम सञ्चालन भइरहेको जानकारी गराउनुभयो ।



भक्तपुर अस्पतालका मे.सु. डा. **सुमित्रा गौतम**ले भक्तपुर अस्पताललाई नमुना अस्पतालको रूपमा विकास गर्न भक्तपुर नपाले सहयोग गर्दै आएको चर्चा गर्दै ख्वप अस्पतालको प्रगतिको कामना गर्नुभयो ।



कार्यक्रममा स्वास्थ्य कार्यालय, भक्तपुरका प्रमुख **कृष्णबहादुर मिजार**ले भक्तपुर नपा आफ्नो नगरवासीहरूको सेवाको निम्ति दत्तचित्त भएर लागिरहेको बताउनुहुँदै अस्पतालले स्वास्थ्य सुविधाहरू थप गर्दैं लानुपर्ने आवश्यकता रहेको बताउनुभयो ।



शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरका कार्यकारी निर्देशक डा. **पुकार चन्द्र श्रेष्ठ**ले नेपाल सरकारको मुख नताकी जनताको सहयोगबाट निर्मित अक्सिजन प्लान्ट निर्माण गरी नगरवासीहरूलाई कोभिडमा गरेको सेवा सराहनीय भएको उल्लेख गर्नुभयो ।

शहीद धर्मभक्त राष्ट्यि प्रत्यारोपण केन्द्रले १३० जनाभन्दा बढीको दिनहुँ रूपमा डायलासिस गर्दै आइरहेको, ७७ जिल्लाका मृगौलाका बिरामीहरू यहाँ उपचार गर्न आउने गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालबाट निःशुल्क डायलासिसको सेवा सुरु गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले ख्वप अस्पतालको प्रगति







प्रतिवेदन र ख्वप अस्पताल भवन निर्माण आयोजना प्रमुख **विजयराम कोजू**ले ख्वप अस्पताल भवन निर्माणको कार्य प्रगतिबारे प्रष्ट पार्नुभयो भने भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाको स्थापना दिवसकै अवसर पारेर आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोष र ख्वप अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न रु. ५ लाखभन्दा बढी **आर्थिक सहयोग गर्ने सङ्घसंस्थालाई कदर पत्र वितरण** गर्नुभएको थियो ।

सोही क्रममा कार्यक्रमका अतिथि सांसद गोसाईले कोभिड १९ रोकथाम, नियन्त्रण र उपचार कार्यमा संलग्न भई सहयोग गर्ने कर्मचारीहरूलाई कदर पत्र वितरण गर्नुभएको थियो भने कार्यक्रमका सभापति प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका उत्कृष्ट १० जना कर्मचारीलाई नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

औपचारिक कार्यक्रमपश्चात कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिगणहरूले ख्वप अस्पताल भवन, ब्रम्हायणीस्थित ख्वप अस्पताल कोभिड युनिट र छाती पुनःस्थापना केन्द्रको स्थलगत अवलोकन गर्नुभएको थियो ।

## तस्बिरमा केही गतिविधि

ख्वप अस्पताल भवनको उद्घाटनपश्चात प्रमुख अतिथि तथा अतिथिगणहरुबाट ख्वप अस्पताल भवन, ब्रम्हायणीस्थित ख्वप अस्पताल कोभिड युनिट र छाती पुन:स्थापना केन्द्रको स्थलगत अवलोकन





## तस्बिरमा केही गतिविधि





## तस्बिरमा केही गतिविधि





## तस्बिरमा केही गतिविधि






भक्तपुर नपाको ७२ औं स्थापना दिवसमा ख्वप अस्पताल भवनको उद्घाटन समारोहमा आमन्त्रितहरु

# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७९ पुस ५ गतेदेखि ९ गतेसम्म भयो । विभिन्न १४ खेलमा सहभागी नगरका ७९ विद्यालयहरूबाट २५९८ जना खेलाडीहरूबीच प्रतिस्पर्धा भएको थियो । यसमा ९०३ ओटा मेडल र ११४० ओटा प्रमाणपत्र वितरण गरिएको थियो । प्रतियोगिता १३ स्थानमा सञ्चालन गरिएको थियो ।

## समुद्घाटन




**नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता पुस ५ गते एक भव्य समारोहबीच उद्घाटन भयो ।**



कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि **बिजुक्छेँले** कार्यक्रम पूर्ण सफलताको कामना गर्नुहुँदै खेलकुद शिक्षाको अभिन्न अङ्ग भएको बताउनुभयो ।



खेलकुद क्षेत्रलाई राजनीतिसँग अलग गर्न नहुने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले समाजवादी देश क्युवा खेलकुदमा धेरै प्रगति गरेको देश भएको बताउनुभयो ।

स्वास्थ्य, अनुशासन, देशको स्वतन्त्रता र सार्वभौमिकता रक्षाको निम्ति खेलाडीहरू खेलकुदमा सहभागी हुनुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले विद्यालय तहदेखि नै विद्यार्थीहरूलाई राम्रोसँग प्रशिक्षित गर्न सके राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुग्ने बताउनुभयो ।

कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल**



**प्रजापति**ले भक्तपुरबाटै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी, रेफ्रीहरू तयार गर्ने भक्तपुर नपाको उद्देश्य रहेको बताउनुहुँदै खेलकुदमा भाग लिनु मनोरञ्जनको लागि मात्र नभई अनुशासन र मित्रताको लागि भएको उल्लेख गर्नुभयो ।

उहाँले खेलकुद विकासको लागि भक्तपुर नपा वडा नं. ९-८ लिबालीमा खेलकुद कभर्ड हल निर्माण सम्पन्न भइ चालु अवस्थामा रहेको जानकारी गराउनुहुँदै हाल भनपा १० मा बेखाल कभर्ड हल निर्माणाधीन अवस्थामा रहेको र माहेश्वरी खेलमैदान र शहीदस्मृति खेलमैदान निर्माण प्रक्रियामै रहेको अवगत गराउनुभयो ।



बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले विद्यालय जीवनमा पढाइसँगसँगै खेल र सिर्जनात्मक गतिविधि अत्यन्त महत्त्वपूर्ण हुने बताउनुहुँदै खेलकुद क्षेत्रलाई अझ फराकिलो बनाउँदै लानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

खेलकुद सर्वसाधारणका छोराछोरीको अधिकारको विषय बनाइनुपर्नेमा जोड दिनुहुँदै उहाँले वास्तविक प्रजातन्त्र उपभोग गर्न शिक्षा, स्वास्थ्य र खेलकुदलाई विद्यार्थीहरूको अधिकारको विषय बनाइनुपर्ने विषयमा विद्यालय र कलेजहरूमा छलफलको विषय बनाई शिक्षित बनाउनुपर्ने बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले खेलकुदमा हारजित स्वाभाविक भएको बताउनुहुँदै अनुशासन र मित्रताको लागि खेलकुदमा सहभागी हुन खेलाडीहरूलाई हौसला प्रदान गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष तथा भक्तपुर नपा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा भलिबल, टेबुलटेनिस, उसु, पोर्टबल, कबड्डी, तेक्वाण्डो, कराँते, एथ्लेटिक्स, ब्याडमिन्टन, जिम्नास्टिक, फुटसल, खोखो, बुद्धिचाल, कसिमला पाँय् गरी १४ ओटा खेलका लागि प्रतिस्पर्धा हुने जानकारी दिनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**, ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**, भक्तपुर जिल्ला कबड्डी सङ्घका अध्यक्ष **विनोद प्रजापति**, भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष **दिपक थापा** र भनपा ८ वडा सदस्य **रामसुन्दर बासी**ले खेलकुदको महत्त्वबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

प्रतियोगिताको उद्घाटन कार्यक्रमअघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी, खेलकुद संस्थाका पदाधिकारी, विभिन्न बाजा टोली, नपाका कर्मचारीलगायत खेलप्रेमीहरूको उपस्थितिमा र्‍यालीसहित सुरु भएको थियो । दत्तात्रयबाट सुरु भएको उद्घाटन र्‍याली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो हुँदै शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो ।







उद्घाटन कार्यक्रममा निर्णायकका तर्फबाट भलिबल खेलका राष्ट्रिय रेफ्री रुकेश शाही, प्रशिक्षकको तर्फबाट बासु माविका पुनेन्द्रप्रसाद कुसी र खेलाडीको तर्फबाट विद्यार्थी रितिका महर्जनले खेललाई मर्यादित, व्यवस्थित र अनुशासित ढङ्गले सञ्चालन गर्न शपथ ग्रहण गर्नुभएको थियो भने सोही समारोहमा खेलाडीहरूले जिम्नास्टिक खेलको कौसल प्रस्तुत गरेका थिए ।

# भक्तपुरलाई खेलकुद क्षेत्रमा पनि नमुना बनाउने लक्ष



– सुनिल प्रजापति, प्रमुख

'खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्न प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिताको आयोजना गर्ने, समय समयमा विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने' लगायत निर्वाचन घोषणापत्रमार्फत हामीले प्रतिवद्धता व्यक्त गरेका थियौं। हामी दोश्रो कार्यकालको लागि निर्वाचित भएको ६ महिना बित्यो। अहिले अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गर्दैछौं। यो प्रतियोगिता निर्वाचन घोषणापत्र कार्यान्वयनको सिलसिला हो।

भक्तपुरबाटै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी, रेफ्रिहरू तयार गर्ने हाम्रो उद्देश्य हो। त्यो उद्देश्य पूरा गर्न विद्यार्थीहरूमा रहेको खेल प्रतिभाहरू प्रतियोगितामार्फत सबैको सामु देखाउने अवसर प्रदान गर्दैछौं। यस प्रतियोगितामा सामुदायिक र संस्थागत विद्यालयहरूको समान सहभागिता रहेका छन्। भक्तपुर नगरभित्र पढ्ने सबै विद्यार्थीहरू हाम्रै सन्तानहरू हुन्। तिनीहरू सबैलाई समान अवसर दिएर अगाडि बढाउने हाम्रो प्रयास हो।

बितेको दुई वर्ष हामीले कुनै पनि प्रतियोगिताको आयोजना गर्न सकेनौं। संसार कोरोना महामारीको कारण थला परेको थियो। कोरोनाबाट आ-आफ्नो जीवन रक्षा नै त्यसबेलाको पहिलो प्राथमिकता र आवश्यकता थियो। अहिले कोरोनाको प्रभाव कम भएसँगै हामी खेलकुद गतिविधिलाई पनि अरू गतिविधिसँगै अगाडि बढाउँदैछौं।

खेलकुदमा भाग लिनु मनोरञ्जनको लागि नभई अनुशासन र मित्रताको लागि हो। खेलकुदमा हार जित स्वभाविक हो भने अनुशासन प्रमुख कुरा हो। हरेक खेलाडीले आ-आफ्नो खेलमा अनुशासित भएर खेल्ने हामी आशा गर्छौं।

नागरिकहरूको स्वस्थ जीवन र खेलकुद विकासको लागि विभिन्न खेलकुदहरूको नियमित प्रशिक्षण दिइआएका छौं भने पूर्णकालीन खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालयहरूमा खेलकुद प्रशिक्षणलाई जोड दिँदैछौं।

खेलकुद विकासको लागि भनपा वडा नं. ८ लिवालिवीमा खेलकुद कभर्ड हल निर्माण सम्पन्न भई चालु अवस्थामा छ भने भनपा १० मा वेखाल कभर्डहल निर्माणधीन अवस्थामा छ। माहेश्वरी खेलमैदान र सहिद स्मृति खेलमैदान निर्माण प्रकृयामा रहेको छ।

भक्तपुर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतको क्षेत्रमा नमुना बन्दै गएको छ। भक्तपुर खेलकुद क्षेत्रमा पनि नमुनाको रूपमा विकास गर्ने हाम्रो लक्ष हो। यसमा तमाम खेलाडी, प्रशिक्षक साथीहरूले साथ दिने आशा गर्दछौं।

अन्त्यमा, युवा-विद्यार्थीहरूलाई विभिन्न विकृतिहरूबाट जोगाई स्वस्थ नागरिक र देशभक्त नागरिक तयार गर्ने हाम्रो उद्देश्य हो र यसलाई सधैँ झैँ साथ दिने आशा गर्दछौं।

*(भक्तपुर नपाबाट २०७९ पुस ५-९ गते आयोजित नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रम पुस ५ गते व्यक्त मन्तव्य)*

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

# नगरब्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा पुस ५ देखि ९ गतेसम्म भएको भक्तपुर नगरब्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन समारोह तथा विजयी खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रम शहीद स्मृति खेल मैदानमा पौष ९ गते सम्पन्न भयो ।



समापन समारोहका प्रमुख अतिथि **सुवाल**ले खेलकुदलाई मौलिक हकको रूपमा संविधानमै व्यवस्था गर्नुपर्ने बताउनुहुँदै यस व्यवस्थाले सबै नेपालीले खेल खेल्न सक्ने अवस्था सिर्जना हुने बताउनुभयो ।

उहाँले खेललाई सार्वभौमिकतासँग जोड्नुपर्ने बताउनुहुँदै देशमा रासायनिक मलको अभाव सृजना हुँदा बेवास्ता गरी विदेशबाट खाद्यान्न आयात गर्ने अवस्थामा पुऱ्याउने कृषिमन्त्रीले राजिनामा दिनुपर्ने र कृषि मन्त्रालयको औचित्य नरहेको जिकीर गर्नुभयो ।



कार्यक्रमका सभापनि एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले पौष ५ गतेदेखि ९ गतेसम्म नपाका सबै वडामा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी खेल महोत्सवको रूपमा मनाइएको बताउनुहुँदै सो खेल महोत्वसको आन्तरिक तथा वाह्य पर्यटकहरूले समेत विभिन्न खेलहरूको अवलोकन गरेको जानकारी दिनुभयो ।

उहाँले स्थानीय तहको निर्वाचनमा नेमकिपाले जारी गरेको घोषणापत्रमा प्रत्येक वर्ष एउटा खेलको अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गर्ने प्रतिबद्धताअनुसार यस वर्ष खो-खो खेलको अन्तरनगर खेलकुद प्रतियोगिता हुने घोषणा गर्नुभयो । खेलकुद प्रतियोगिताले देशभक्त नागरिक तयार गरेर अनुशासित खेलाडी उत्पादन हुने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्न सहयोग मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।



बागमती प्रदेशका सभासद **सृजना सैंजु**ले विद्यालय जीवनको लागि आवश्यक पर्ने शिक्षा कक्षा कोठाभित्रबाट मात्र सम्भव नहुने भएकोले खेलकुदको माध्यमद्वारा विद्यार्थीहरूको चौतर्फी विकास हुने र छात्राहरूलाई आत्मरक्षाको निम्ति टेवा पुग्ने बताउनुभयो । विश्वकप फुटबल प्रतियोगिता सञ्चालन भएको राष्ट्र कतारमा फुटबल स्टेडियम निर्माणको क्रममा करिब ११४६ जना नेपालीहरूले अनाहकमा ज्यान गुमाउनु परेको स्मरण गर्नुहुँदै नेपाल सरकारले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्न नसकेको कुरा बताउनुभयो ।



समापन कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक तथा वडा

नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले नयाँ पुस्तालाई अनुशासित बनाउन तथा विकृति र विसङ्गतिबाट  टाढा राख्ने उद्देश्यले नगरपालिकाले चुनावी घोषणापत्रलाई मार्गनिर्देशनको रूपमा लिई हरेक वर्ष नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्दै आएको बनाउनुभयो। ७९ ओटा विद्यालयहरूको सहभागिता रहेको यस वर्षको प्रतियोगितामा १४ ओटा खेलहरूमा २५९८ जना खेलाडीहरूबीच प्रतिस्पर्धा भएको बताउनुहुँदै खेलाडीहरूलाई ९०३ ओटा मेडल र ११४० ओटा प्रमाणपत्र वितरण गरिएको उहाँले जानकारी दिनुभयो।









कार्यक्रममा राष्ट्रिय भलिबल खेलका प्रशिक्षक **विनोद चरण राय**ले भक्तपुर नगरपालिकाले आयोजना गरेको यस प्रतियोगिताले भक्तपुर नपा शिक्षा, संस्कृति, स्वास्थ्य, सम्पदा संरक्षणमा जस्तै खेलकुद क्षेत्रमा पनि मोडेलको रूपमा विकास हुँदै गएकोमा खुशी व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले १४ वटा खेलकुदमा उत्कृष्ट खेलाडी एवं विद्यालयहरूको नतिजा घोषणा गर्नुभएको थियो भने भनपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो।




कार्यक्रममा प्रमुख अतिथि सुवालले विभिन्न खेलमा उत्कृष्ट खेलाडीहरू एवं विद्यालयहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो भने बागमती प्रदेशका सभासद् सैंजुले कराँतेको काँटा प्रदर्शनी गर्ने खेलाडीहरूलाई मायाको चिनो तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो।

कार्यक्रमका सभापति एवं प्रमुख प्रजापतिले खेलमा सहभागी ७९ विद्यालयहरूलाई खेलकुद सामग्री वितरण गर्नुभएको थियो।

# नाम दर्ता र शुल्क

**भलिबल (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ९, १०, ११ र १२ कक्षासम्म
दर्ता शुल्क : रु. ५००।–

**टेबलटेनिस (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : १ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**कबड्डी (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : १ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. ५००।–

**एथलेटिक्स (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ६ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**कराँते (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
के.जी : २०, २०–२५,२५–३०,३०–३५,३५–४०, ४०–४५,४५–५० के.जी.
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**उसु (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
के.जी : १५–२०, २०–२५,२५–३०,३०–३५,३५–४०, ४०–४५, ४५–४८, ४८–५२,५२–५६, ५६–६० के.जी.
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**जिम्नाष्टिक**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : १ देखि १० कक्षासम्म
दर्ताशुल्क : रु. १००।– (प्रतिखेलाडी)

**फुटसल**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ८, ९ र १० कक्षासम्म
दर्ता शुल्क : रु. ५००।–

**ब्याडमिन्टन (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ६ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. ५००।–

**खो खो (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ६ देखि ९ सम्म
दर्ता शुल्क : रु. ५००।–

**बुद्धिचाल (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ६ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**पोर्टबल(महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : ६ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. ५००।–

**तेक्वान्डो (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
पुरुष (के.जी. समूह) : ३०–३३,३३–३७,३७–४१,४१–४५ के.जी.
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

**कसिमलापाँय् (महिला/पुरुष)**
मिति : २०७९ पुस ५ गतेदेखि
कक्षा : १ देखि १० कक्षासम्म
दर्ता शुल्क : रु. १००।– (प्रतिखेलाडी)

# प्रतियोगिताको व्यवस्थापन

| खेल | वडा कार्यालय |
|---|---|
| भलिबल | १ नं. वडा कार्यालय |
| टेबुल टेनिस | २ नं. वडा कार्यालय |
| उसु/पोर्टबल | ३ नं. वडा कार्यालय |
| कबड्डी/फुटसल | ४ नं. वडा कार्यालय |
| तेक्वाण्डो | ५ नं. वडा कार्यालय |
| करांते | ६ नं. वडा कार्यालय |
| एथलेटिक्स | ७ नं. वडा कार्यालय |
| ब्याडमिन्टन/जिम्नाष्टिक | ८ नं. वडा कार्यालय |
| बुद्धिचाल | ९ नं. वडा कार्यालय |
| खो खो | १० नं. वडा कार्यालय |
| कसिमला पांय | निवृत्त शिक्षक समाज |

# खेल र खेल भएको स्थान

| खेल | खेल हुने स्थान |
|---|---|
| भलिबल | शहीद स्मृति खेल मैदान, भ.न.पा. २ |
| टेबुलटेनिस | बासु मा. वि., भ.न.पा. २ |
| उसु | नासमना, भ.न.पा. ३ |
| पोर्टबल | श्री पद्मा मा. वि., भ.न.पा. ३ |
| कबड्डी | भीमसेनस्थान भ.न.पा. ५ |
| तेक्वान्डो | विद्यार्थी निकेतन, भ.न.पा. ५ |
| करांते | ६ वडा कार्यालय |
| एथलेटिक्स | महेश्वरी खेल मैदान, भ.न.पा. ७ |
| व्याडमिन्टन/जिम्नाष्टिक | लिबाली, कभरहल, भ.न.पा. ८ |
| फुटसल | भुलाँचा, भ.न.पा. ४ |
| खो खो | सरस्वती विद्यागृह, भ.न.पा. १० |
| बुद्धिचाल | दत्तात्रय, भ.न.पा. ९ |
| कसिमला पाँयु | ताहाफल्चा, दरबार स्क्वायर |

# प्रतियोगितामा सहभागी विद्यालयहरू

| | |
|---|---|
| १ | प्रभात ई. स्कूल, वडा नं. ६ |
| २ | बासु मा.वि., वडा नं. २ |
| ३ | जेसिस ई. स्कूल, वडा नं. २ |
| ४ | सामुदायिक ई. स्कूल, वडा नं. २ |
| ५ | होली गार्डेन ई. स्कूल, वडा नं. २ |
| ६ | आदर्श आजाद, वडा नं. ५ |
| ७ | सैनिक आवासीय, वडा नं. १ |
| ८ | प्रोक्सिमा ई. स्कूल, वडा नं. ५ |
| ९ | सेकरिड हार्ट, वडा नं. ४ |
| १० | तारा मा.वि., वडा नं. ४ |
| ११ | ब्राइट स्टार , वडा नं. ४ |
| १२ | मिनर्वा ई. स्कूल, वडा नं. ४ |
| १३ | डेमोस ई. स्कूल, वडा नं. ४ |
| १४ | साईनिङ्ग स्कूल, वडा नं. ४ |
| १५ | ग्लिटर स्टार, वडा नं. |
| १६ | हिमालयन ई. स्कूल, वडा नं. १० |
| १७ | न्यातापोल ई. स्कूल, वडा नं. १० |
| १८ | पारागन ई. स्कूल, वडा नं. १० |
| १९ | जेन्यूईन ई. स्कूल , वडा नं. १० |
| २० | रोम्बस ई. स्कूल, वडा नं. १० |
| २१ | माउण्ट भ्याली ई. स्कूल, वडा नं. ३ |
| २२ | ज्ञानतारा, वडा नं. ३ |
| २३ | श्री पद्म मा.वि., वडा नं. ३ |
| २४ | मेधा मा.वि., वडा नं. ३ |
| २५ | वागीश्वरी मा.वि., वडा नं. १ |
| २६ | ख्वप्रिङ्ग ई. स्कूल, वडा नं. १ |
| २७ | लिसा ई. स्कूल, वडा नं. १ |
| २८ | वाईज ल्याण्ड, वडा नं. ७ |
| २९ | सूर्योदय से. स्कूल, वडा नं. ७ |
| ३० | हिमालयन ग्लोरी ई. स्कूल |
| ३१ | एभेरष्ट ई. स्कूल |
| ३२ | द राइजिङ्ग ई. स्कूल |
| ३३ | गोल्डेन गेट |
| ३४ | सूर्यविनायक ई. स्कूल |
| ३५ | साइनिङ्ग स्टुडेण्ट एकेडेमी |
| ३६ | शान्ति निकेतन मा.वि. |
| ३७ | समाज सुधार मा.वि. |
| ३८ | भीम आदर्श मा.वि |
| ३९ | सरस्वती विद्यागृह |
| ४० | सन्तति प्रा.वि |
| ४१ | शारदा मा.वि. |
| ४२ | गणेश मा.वि. |
| ४३ | ज्ञान विजय नि.मा.वि. |
| ४४ | नवीन नि.मा.वि. |
| ४५ | जेनिथ ई. स्कूल |
| ४६ | स्कलर होम ई. स्कुल |
| ४७ | इमेज ई. स्कूल |
| ४८ | महेन्द्र विद्याश्रम |
| ४९ | क्रियटिभ ई. स्कुल |
| ५० | सन साइन ई. स्कुल |
| ५१ | विद्या आर्जन ई. स्कुल |
| ५२ | अक्सफोर्ड ई. स्कुल |
| ५३ | ग्लिटर फयुचर ई. स्कुल |
| ५४ | दत्तात्रय नि.मा.वि. |
| ५५ | जागृती मा.वि. |
| ५६ | जनसेवा प्रा.वि. |
| ५७ | विद्यार्थी निकेतन मा.वि. |
| ५८ | ब्रम्हायणी मा.वि. |
| ५९ | सिद्धी शारदा मा.वि. |
| ६० | श्री आ.वि. |
| ६१ | पाथिभरा एकेडमी |
| ६२ | लिटिल वर्ल्ड |
| ६३ | शारदा प्रा.वि. |
| ६४ | हंसबाहिनी प्रा.वि. |
| ६५ | उदय प्रा.वि. |
| ६६ | मनकामना ई. स्कुल |
| ६७ | बाल सेवक नि.मा.वि. |
| ६८ | श्री भारती आ.वि. |
| ६९ | देउला आ.वि. |
| ७० | इष्ट प्वाइन्ट स्कूल |
| ७१ | लनर्स एकेडेमी |
| ७२ | बाल मन्दिर |
| ७३ | ग्लोबल लाइफ |
| ७४ | बाल विकास ई. स्कूल |
| ७५ | प्रवेश एकेडेमी |
| ७६ | ख्वप मा.वि. |
| ७७ | ख्वप वहुप्राविधिक अ.सं. |
| ७८ | महेन्द्र प्रा.वि. |
| ७९ | ब्रम्हचारिणी आ.वि. |

# प्रतियोगिताको अन्तिम नतिजा

भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पौष ५ गतेदेखि ९ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०७९ को अन्तिम नतिजा

## भलिबल





### छात्रतर्फ

**प्रथम–** सैनिक आवासीय महाविद्यालय

**दोस्रो–** श्री पद्म मा.वि.

**तेस्रो–** ख्वप मा.वि.

**तेस्रो–** वागीश्वरी मा.वि.

### छात्रातर्फ

**प्रथम–** सैनिक आवासीय महाविद्यालय

**दोस्रो–** वागीश्वरी मा.वि.

**तेस्रो–** ख्वप मा.वि.

**तेस्रो–** बासु मा.वि.

### उत्कृष्ट खेलाडीतर्फ

**छात्र :** अनिल बगाले, सैनिक आवासीय महाविद्यालय

**छात्रा :** स्मृति थापा, सैनिक आवासीय महाविद्यालय

## फुटसल



**प्रथम–** शारदा मा.वि.

**दोस्रो–** सैनिक आवासीय महाविद्यालय

**तेस्रो–** सेकरिड हार्ट एकेडेमी

**तेस्रो–** महेन्द्र विद्याश्रम

## टेबुल टेनिस



**प्रथम–** प्रोक्सिमा इन्टरनेशनल
**दोस्रो–** द राइजिङ इ.से. स्कूल
**तेस्रो–** प्रभात ई. स्कूल

**उत्कृष्ट खेलाडी :**
**छात्र :** निरज बासुकला (एभरेष्ट ई. स्कूल)
**छात्रा :** आरोही सुवाल (प्रभात ई. स्कूल)

## एथ्लेटिक्स





**प्रथम–** जेसिस ई. स्कूल
**दोस्रो–** सैनिक आवसीय महाविद्यालय
**तेस्रो–** प्रभात ई. स्कूल

## कसिमला पाय्



**प्रथम–** वागीश्वरी मा.वि.
**दोस्रो–** ब्रम्हायणी आधारभूत विद्यालय
**तेस्रो–** ब्राइट स्टार ई. स्कूल
**तेस्रो–** नवीन आधारभूत विद्यालय

## बुद्धिचाल



**प्रथम–** बाल विकास ई. स्कूल

**दोस्रो–** ख्वप मा.वि.

**तेस्रो–** जेन्यूइन सेकेण्डरी स्कूल

**सान्त्वना–** मेधा मा.वि.

**सान्त्वना–** ब्राइट स्टार ई. स्कूल

## उसु



**प्रथम–** मेधा मा.वि.

**दोस्रो–** एभरेष्ट ई. स्कूल

**तेस्रो–** जेसिस ई स्कूल

### ठाउलुतर्फ उत्कृष्ट खेलाडी

**छात्र :** रोशन वि.क. (मेधा मा.वि.)

**छात्रा :** रुजा दुवाल (होली गार्डेन ई. स्कूल)

### सान्सोतर्फ उत्कृष्ट खेलाडीः

**छात्र :** विकास तामाङ (मेधा मा.वि.)

**छात्रा :** कृति थापा (जेसिस ई. स्कूल)

## पोर्टबल



### छात्रतर्फ

**प्रथम–** तारा मा.वि.

**दोस्रो–** महेन्द्र विद्याश्रम

**तेस्रो–** ब्राइट स्टार ई. स्कूल

**तेस्रो–** वागीश्वरी मा.वि

### छात्रातर्फ

**प्रथम–** वागीश्वरी मा.वि

**दोस्रो–** समाज सुधार मा.वि.

**तेस्रो–** बासु मा.वि.

**तेस्रो–** अक्सफोर्ड प्राक्टिकल ई. स्कूल

### उत्कृष्ट खेलाडी :

**छात्र :** साजन जरारी (तारा मा.वि)

**छात्रा :** आयुष्मा भूजेल (समाज सुधार)

## खो खो

### छात्र तर्फ



**प्रथम–** वागीश्वरी मावि

**दोस्रो–** वाइज ल्याण्ड सेकेण्डरी स्कूल

**तेस्रो–** विद्या आर्जन ई. स्कूल

**तेस्रो–** लिशा ई. स्कूल

### छात्रातर्फ



**प्रथम–** वाइज ल्याण्ड सेकेण्डरी स्कूल

**दोस्रो–** ब्राइट स्टार ई. स्कूल

**तेस्रो–** तारा मावि

**तेस्रो–** दत्तात्रय आवि

### उत्कृष्ट खेलाडी

**छात्र :** कपिल तामाङ (बागीश्वरी मावि)

**छात्रा :** सन्दीप ङाखुसी (वाइज ल्याण्ड से. स्कूल)

## ब्याडमिन्टन



**प्रथम–** ख्वप मावि

**दोस्रो–** वागीश्वरी मावि

**तेस्रो–** लिशा ई. स्कूल

**तेस्रो–** मेधा मावि

### उत्कृष्ट खेलाडी

**छात्र :** सुयोग प्रजापति (बालविकास ई. स्कूल)

**छात्रा :** सीमृक बासी (वागीश्वरी मावि)

## जिम्नाष्टिक



**प्रथम–** जेसिस ई. स्कूल

**दोस्रो–** मेधा मावि

**तेस्रो–** सैनिक आवसीय मावि

### उत्कृष्ट खेलाडी

**छात्र :** सुमित तमखु (मेधा मावि)

**छात्रा :** रेजिसा घेमोसु (जेसिस ई. स्कूल)

## तेक्वान्डो



**प्रथम–** वागीश्वरी मावि

**दोस्रो–** बाल विकास ई. सेकेण्डरी स्कूल

**तेस्रो–** सूर्योदय मावि

### उत्कृष्ट खेलाडी

**छात्र :** शिवराज तामाङ (डेमोस ई. स्कूल)

**छात्रा :** रविना लामा (सूर्योदय मावि)

## कबड्डी

### छात्रतर्फ



**प्रथम–** पारागन ई. स्कूल

**दोस्रो–** सैनिक आवासीय महाविद्यालय

**तेस्रो–** मिनर्वा ई. स्कूल

**तेस्रो–** वागीश्वरी मा.वि.

### छात्रातर्फ

**प्रथम–** पारागन ई. स्कूल

**दोस्रो–** वागीश्वरी मा.वि.

**तेस्रो–** साइनिङ स्टुडेन्ट्स एकेडेमी

**तेस्रो–** बासु मा.वि.



**बेष्ट रेडर**

छात्र– सरोज श्रेष्ठ (पारागन)

छात्रा– सुजाता लामा (पारागन)

**बेष्ट डिफेन्डर**

छात्र– नवराज श्रेष्ठ (पारागन)

छात्रा– प्रिति राई (पारागन)

## कराँते





**प्रथम–** वागीश्वरी मावि

**दोस्रो–** सेकरिड हार्ट एकेडेमी

**तेस्रो–** शारदा मावि

**उत्कृष्ट खेलाडी**

**छात्र :** सरुक राई (ख्वप्रिङ ई. स्कूल)

**छात्रा :** रितिका तामाङ (गोल्डेन गेट ई. स्कूल)

**उदयमान खेलाडी**

**छात्र :** आरुश सुवाल (केयर कियर वर्ल्ड)

**छात्रा :** पूर्णिमा खत्री (प्रभात ई. से स्कूल)

## बासिबियाँलो



चित्रका लहरहरूमा एउटा अमिल्दोमा चिनो लगाउनुहोस्।



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।

(चित्र : इन्टरनेट)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या १३

### मिति २०७९ कार्तिक ३ गते, विहीबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रन्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

### निर्णयहरू

**बिदामा कामको थप भत्ता**

यस नगरपालिकाको पर्यटन, श्यानिटेशनलगायत विभिन्न शाखा, उपशाखा र केन्द्रहरू अत्यावश्यक सेवासँग सम्बन्धित भएको र सार्वजनिक बिदाका दिनमा समेत नियमित कार्य गर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मको लागि पर्यटन, श्यानिटेशन, प्रेसलगायत अत्यावश्यक सेवासँग सम्बन्धित र दैनिक कार्य सम्पादन गर्नुपर्ने शाखा, उपशाखा र केन्द्रहरूमा काम गर्ने कर्मचारीहरूलाई (स्थायी/ अस्थायी/ करार/ ज्यालादारी) बिदाको दिनमा कार्य गरे वापत खाइपाई आएको तलव स्केल गणना गरी काम गरेको दिनको थप भत्ता पाउने गरी बिदाको समयमा पनि अतिरिक्त समय कार्य गराउने निर्णय गरियो ।

**समितिको निर्णय अनुमोदन**

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

**मिति २०७९।६।३१ गते**

१. यस नगरपालिकाका विभिन्न वडाहरूमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरू विभिन्न कारणले राजीनामा/ मृत्यु भएपछि खाली भएको पदमा नियुक्ति गर्न सम्बन्धित वडा कार्यालयहरूको सिफारिसको आधारमा **नियुक्तिका लागि स्वीकृति** प्रदान गर्ने निर्णय गरियो :

**वडा नं. १**

१. सुभद्रा ध्वजु

२. सितालक्ष्मी त्वायना (सुवाल)

३. रेणु राजलवत खत्री

**वडा नं. ३**

१. कमल गोरा

२. सरिता नागा अवाल

**वडा नं. ७**

१. रामप्यारी कोजु

**वडा नं. ५**

१. सुलोचना खाइजु (सुवाल)

२. राजमति लवजू

३. रामकेशरी गोरा (माक)

**वडा नं. ८**

१. प्रमिला थुसा (गोसाई)

२. लक्ष्मी केशरी सितिखू

३. रामलक्ष्मी खर्बुजा

२. यही २०७९ कार्तिक ८ गते भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ५ ताहाननीमा हुने चौबिसौँ विविध भाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न यस कार्यालयमा आर्थिक सहयोगको

निवेदन परेकोमा उक्त कार्यक्रमको लागि नगद रु.३०,०००।- ( अक्षरेपी तीस हजार रूपैयाँ मात्र) **सहयोग प्रदान** गर्ने निर्णय गरियो ।

## आर्थिक तथा लेखा समिति

**मिति २०७९।६।२६ गते**

१. केही संस्थागत विद्यालयहरूले लेखा परीक्षण गराउन प्रकाशित सूचनाको म्यादभित्र नगरपालिकाबाट स्वीकृति लिन नआएको हुँदा ३० दिनको म्याद राखी स्वीकृति लिन आउन तेश्रो पटक पुनः सूचना प्रकाशित गर्ने निर्णय गरियो । पुनः प्रकाशित सूचना अनुसार स्वीकृति लिन आउने विद्यालयहरूलाई रु.३,०००।- (अक्षेरूपी तीन हजार) **जरिवाना लिने** निर्णय गरियो ।

२. यस नगरपालिकाद्वारा सञ्चालित विद्यालयहरू, कलेजहरू तथा आयोजनाहरूको आ.व. २०७८/०७९ को लेखा परीक्षण गराउनका लागि तपसिलका लेखा परीक्षकहरूमध्ये कुनै एक जना लेखा परीक्षक नियुक्ति गरी पठाई दिनुहुन **सिफारिस गरी पठाउने** निर्णय गरियो :

(क) सि.ए. खेमराज आचार्य (आचार्य के.आर.एण्ड एशोसियट्स)
(ख) सि.ए. मुरलिधर तिवारी (एम. तिवारी एण्ड एशोसियट्स)
(ग) सि.ए. सुरेश प्याठ (एस.प्याठ एण्ड एशोसियट्स)

## निर्माण समिति

मिति २०७८/०७/०३ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लिबाली आवास क्षेत्रमा पीच कार्य | ८ | बागमती प्रदेश सशर्त अनुदान | ५,८९८,५९२।३१ | | | | | | | | |
| १ | कमलविनायक आवास क्षेत्रमा पीच कार्य | १० | बागमती प्रदेश सर्शत अनुदान | ५,३५१,११८।५७ | | | | | | | | |
| २ | सानो ब्यासीदेखि स्यालान्चासम्मको सडक स्तरोन्नति कार्य | २ | सङ्घीय सरकार सर्शत अनुदान | ५,७९५,८९४।१९ | | | | | | | | |
| ३ | नवीकरणीय ऊर्जा प्रविधि जडान कार्य | नपा | सङ्घीय सरकार सर्शत अनुदान | ९९७,३८८।८५ | | | | | | | | सूचना प्रकाशन गर्ने |
| ४ | पाली फः फल्चा (पाटी) पुनःनिर्माण कार्य | ९ | नपा | ३,९५१,७९९।१५ | | | | | | | | २० लाख बजेट विनियोजन |
| ५ | भनपा १० पाइप लाइन ईंटा छपाइ बाटो मर्मत कार्य (का.उ.खा. लि. भक्तपुर शाखाबाट खानेपानीको पाइप बिछ्याउन बाटो खनेको ठाउँमा) | १० | मर्मत | २७३,९७८।६४ | | | | | | | | |
| ६ | दुधपाटीको शौचालय भवनमा ढोका खापा मर्मत सुधार | १ | मर्मत | ४०,२९१।०९ | | | | | | | अमानत | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | घत्खादेखि तालाक्वसम्म ढङ्गा छपाइ बाटो मर्मत | ४ | सडक बोर्ड नेपाल | १,१८६,६९८।९९ | | | उ.स.अ. : श्री शोभा प्रजापति<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | पशुसेवामा कम्पाउण्ड वाल लगाउने कार्य (निर्माण सामान र दक्ष श्रमिक ज्याला) | १ | मर्मत | २६३,१०९।६१ | | | उ.स.अ. : श्री रामबहादुर काकी<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिद्धपाखेरीको दक्षिणतर्फ ब्लक छाप्ने कार्य | १ | पार्किङ शीर्षक | २,२९७,५५६।३४ | | | उ.स.अ. : श्रीबाबुकाजी धौबन्जार<br>अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | |
| ४ | कृष्ण मन्दिर पुन:निर्माण कार्य | ३ | नपा | २,०९३,६६६।१९ | | | उ.स.अ.: श्री कमलनारायण धुख्वा<br>अ.स.स.: श्री राजकुमार शिल्पकार | | | | | |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सुधारिएको शवदाह गृह निर्माण कार्य | ७ | नपा | ५,७५७,४३३।५७ | पहिलो पेश्की | १,९००,०००।०० | ३,५७८,५०६।०० | १,६७८,५०६।०० | ३,६६७,५११।१४ | सम्पन्न | कृष्ण गोविन्द लाखाजू | रु.२,७०,६४७।०० भनपाको बैंक खातामा दाखिला |
| | | | | | दोस्रो पेश्की | १,४००,०००।०० | १,१२९,३५३।०० | | १,३६७,४७६।७२ | | | |
| | | | | | जम्मा | ३,३००,०००।०० | ४,७०७,८५९।०० | १,६७८,५०६।०० | ५,०३४,९८७।८६ | | | |
| | | | | | जम्मा | ३,३००,०००।०० | ४,७०७,८५९।०० | १,६७८,५०६।०० | ५,०३४,९८७।८६ | | | बैंक खातामा दाखिला |
| २ | बेखाल कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) | १० | बागमती प्रदेश समपूरक अनुदान | ३०,८५७,२२३।०२ | कबोल रकम २,४२,३३,२५५।०४ | ४,८४०,०००।०० | ४,२५०,४६७।८६ | | ४,२५०,४६७।८६ | आंशिक सम्पन्न | Tulsi Construction | पेश्कीबाट कटौटी गर्ने |
| ३ | शान्तिनिकेतन मा.वि.मा विषयगत तथा सूचना प्रविधि प्रयोगशाखा स्तरोन्नती कार्य | ४ | बागमती प्रदेश सांसद कोष २०७८÷७९ | १,३८७,५८३।५० | पहिलो पेश्की | ४५०,०००।०० | १,१४२,५९९।५० | ६९२,५९९।५० | १,१४२,५९९।५० | सम्पन्न | विजयराम प्रजापति | रु.२७,९७१।०० भनपाको बैंक खातामा दाखिला |
| | | | | | दोस्रो पेश्की | २४४,९८४।०० | २१७,०१३।०० | | २२२,२०८।०० | | | |
| | | | | | जम्मा | ६९४,९८४।०० | १,३५९,६१२।५० | ६९२,५९९।५० | १,३६४,८०७।५० | | | |
| **रि.ल.ई तथा ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भनपा भवनमा इन्टरकम जडान तथा मर्मत कार्य | २ | मर्मत | ४२,३७५।०० | | | ३८,५३३।०० | ३८,५३३।०० | ४२,१२८।०० | सम्पन्न | 4G Electronic Security Traders, Bhaktapur | |
| २ | भनपा क्षेत्रभित्र जडित सडक बत्ती तथा विविध विद्युतीय मर्मत सम्भार कार्य | | मर्मत | ९७,४९९।५८ | | सामानतर्फ | ५९,३९९।५८ | ५९,३९९।५८ | ५९,३९९।५८ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा तथा सम्बन्धित वडा कार्यालयबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | ३७,७७५।०० | ३७,७७५।०० | ३८,१००।०० | | | |
| | | | | | | जम्मा | ९७,१७४।५८ | ९७,१७४।५८ | ९७,४९९।५८ | | | |
| ३ | तुमचो, दुगुरे चोखा आवास क्षेत्रमा सडक बत्ती जडान कार्य | ९ | नपा | २,४०३,३२८।०० | २,३४६,५६५।५९ | ८००,०००।०० | १,२९७,४८३।९३ | ४९७,४८३।९३ | १,४२०,३६०।८५ | आंशिक सम्पन्न | विश्वराम प्रजापति | |
| ४ | भ.न.पा.का वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (असार महिनाको) | १–१० | मर्मत | २१३,६२२।०२ | | सामानतर्फ | १३०,९६५।०१ | १३०,९६५।०१ | १३०,९६५।०१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | ८०,६००।०० | ८०,६००।०० | ८२,६५७।०१ | | | |
| | | | | | | जम्मा | २११,५६५।०१ | २११,५६५।०१ | २१३,६२२।०२ | | | |
| ५ | भ.न.पा.का वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (साउन महिनाको) | १–१० | मर्मत | १८०,४१०।६१ | | सामानतर्फ | १३०,३९३।६१ | १३०,३९३।६१ | १३०,३९३।६१ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | ४५,१५०।०० | ४५,१५०।०० | ५०,०१७।०० | | | |
| | | | | | | जम्मा | १७५,५४३।६१ | १७५,५४३।६१ | १८०,४१०।६१ | | | |

**पेश्की फछ्र्यौट सम्बन्धमा**

१ भ.न.पा. वडा नं. १० स्थित बेखाल कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) ठेक्का नं. bktmun/NCB/works/02/078/79 को कार्य गर्न रु. २,४२,३३,२५५।०४ कबोल गर्ने श्री तुल्सी कन्स्ट्रक्सनलाई मिति २०७९/०३/२३ गतेको नगर कार्यपालिका बैठकद्वारा सार्वजनिक खरिद ऐन दफा ५२क (१) अनुसार अग्रिम बैंक जमानत राखी सम्झौताको रकमको २०% पेश्की स्वरूप रु.४८,४०,०००।– दिइएकोमा सो कार्य सञ्चालन भई बेसमेन्ट ढलान कार्य सम्पन्न भई प्रथम रनिङ बिलको फाँटवारी रु.४२,६६,४१४।९१ पेश भएको र सो कार्यको प्राविधिक प्रथम मूल्याङ्कन हुँदा रु.४२,५०,४६७।८६ भएकोले सार्वजनिक खरिद ऐनको दफा ११३ को उपनियम ५ को अग्रिम पेश्की फछ्र्यौट गर्नुपर्ने सम्बन्धी उप नियम अनुसार तुल्सी कन्स्ट्रक्सनले लिएको अग्रीम पेश्की रु.४८,४०,०००।– मा प्रथम आंशिक कार्य मूल्याङ्कन रु.४२,५०,४६७।८६ कट्टा गरी आंशिक पेश्की फछ्र्यौट गर्ने र सो अनुसार बैंक फुक्का गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०७९।६।७ गते**

१. सङ्घीय सरकारबाट सशर्त अनुदान अन्तर्गत **कृषि स्नातक प्राविधिक परिचालन** गर्ने निर्णय गरियो।

२. यस वर्ष धानबालीमा लागेको रोगबारे जाँचबुझ र निरीक्षण गर्न कृषि विज्ञ तथा सम्बन्धित पक्षसँग **छलफल गर्ने** निर्णय गरियो।

**मिति २०७९।६।२६ गते**

१. घर पालुवा तथा छाडा कुकुर र बिरालोलाई रेबिज विरुद्धको नि:शुल्क खोप शिविर सञ्चालन गर्न भक्तपुर नगर वडा नं. १ देखि १० सम्म निम्न अनुसार **खोप शिविर** सञ्चालन गर्ने निर्णय गरियो :

**तपसिल**

| वडा नं. | मिति | समय |
|---|---|---|
| १ र ३ | २०७९।६।३० गते | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| २ | २०७९।६।३१ गते | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| ४ | २०७९।७।१ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| ५ र ७ | २०७९।७।२ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| ६ | २०७९।७।३ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| ८ | २०७९।७।४ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| ९ | २०७९।७।५ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |
| १० | २०७९।७।६ | विहान ६:०० बजेदेखि १२:०० बजेसम्म |

उल्लेखित कार्यक्रमको लागि वडा कार्यालयहरूमा कृषकहरू उपस्थितिको लागि पत्राचार गर्ने। ब्यानर र चियापानको व्यवस्था प्रशासन शाखालाई जिम्मा दिने निर्णय गरियो।

**बोल पत्र मूल्याङ्कन समिति**

**मिति २०७९।६।२४ गते**

१. चालु आ.व.०७९/८० का लागि भक्तपुर नगरपालिकाबाट सञ्चालित अफसेट प्रेसमा छपाइको कार्य गर्न आवश्यक नेपाली कागज, आर्ट बोर्ड, म्यापलिथो पेपर, कलर कार्ड बोर्ड र प्रेसको कलर मसी खरिद गर्न मिति २०७९/०५/१४ गतेको गो.प. दैनिकमा प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका ४ थान सिलबन्दी बोलपत्रहरू मिति २०७९/०६/१३ मा खोलिएको मुचुल्का अनुसार सबभन्दा न्यूनत्तम अङ्क कबोल गर्ने बोलपत्रदाता आर.एन. इन्टरप्राइजेज, भक्तपुरको कूल रु.३८,८६,८०४।५० (भ्याटसहित) (अक्षरेपि अठ्तीस लाख छ्यासी हजार आठ सय चार रुपैयाँ पचास पैसा मात्र) हुन आएको हुँदा 'सार्वजनिक खरिद ऐन २०६३' को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले **स्वीकृत गर्न सिफारिस** गर्ने निर्णय गरियो।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७९।५।२६ गते**

१. स्वंगल्हौंदेखि क्वाछैंसम्मको बाटोको दायाँबायाँ विभिन्न जातका विरुवासहितको गमला राख्नको लागि आवश्यक गमला र **विरुवाहरू खरिद गर्ने** निर्णय गरियो।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. मतदाता शिक्षाको लागि आवश्यक कार्यविधि निर्माणको लागि भक्तपुर नगरपालिका स्तरीय **मतदाता शिक्षा** समन्वय समितिलाई जिम्मा दिने निर्णय गरियो।

ख. भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका साविक वडा नं. ८ कि.नं. ३६३ क्षे.फ. ०-१-०-१ (हाल परिवर्तित ऐ. वडा नं. ५) र ऐ. वडा नं. ७ कि.नं. ७५४ क्षे.फ. ०-१-२-१ कित्ता जग्गा हामी निवेदकका स्वर्गीय पिता गणेशमान बिजुक्छैंका नाममा भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको निजी गुठी जनिएको कित्ता जग्गा तथा सोमा बनेको गुठीघर भक्तपुरको महत्त्वपूर्ण सम्पदा भएको घर जग्गा भएकोमा भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणको कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुनाले उल्लेखित कित्ता जग्गा तथा सो कित्ता जग्गामा बनेको गुठीघरको सम्पदा तथा सोबाट भइरहेको आय आर्जनबाट चलिरहेको पूजाआजा तथा परम्परालाई निरन्तर संरक्षण, सम्बर्द्धन हुने हेतुले भक्तपुर नगरपालिकालाई जिम्मेवारी प्रदान गर्ने अभिप्रायले दान गर्न इच्छुक भएकोले उल्लेखित दान स्वीकार गरी सम्पदा संरक्षण गरी दिनुहुन अनुरोध गर्दछौं भन्ने पूर्णमानको नाति, गणेशमानको छोरा भ.न.पा. वडा नं. ५ बस्ने वर्ष ८२ को नारायणमान बिजुक्छैं- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ७६ को प्रयागमान बिजुक्छैं- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ६३ को धिरेन्द्रमान बिजुक्छैं- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ६० को राजामान बिजुक्छैं- १ र ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ५८ को योगेन्द्रमान बिजुक्छैं- १ समेत जवान ५ को मिति २०७९।१।११ गतेको निवेदन पेश गरी यस कार्यालयमा सनाखत सहीछाप समेत गरी नगरपालिकालाई हस्तान्तरण गर्नुभएको र उल्लेखित कित्ता जग्गाहरूको शहरी नापीबाट उल्लेखित कित्ता जग्गाको शहरी नापीबाट कायम भएको फिल्डबुक तथा दर्ता श्रेस्ता सम्बन्धित कार्यालयबाट झिकाई हेर्दा निवेदनअनुसार निजी गुठी जनिई दर्ता श्रेस्ता अद्यावधिक रहेको देखिएकोले तथा निवेदकहरूको निवेदन समेत अनुसार दर्तावाला परलोक भइसकेको र हकदारहरूको नाममा ना.सा. नहुँदै उल्लेख भए बमोजिम निवेदन पेश गरी यस कार्यालयमा हाल बहाल जनप्रतिनिधिज्यूहरूको १०० (सय) दिन कार्यकाल पूरा भएको दिन मिति २०७९।५।११ गते भीमसेन सत्तल

निजी गुठीका सञ्चालक गणेशमान बिजुक्छेँका हकवाला छोराहरूको प्रतिनिधित्व गर्दै माहिला छोरा प्रयागमान बिजुक्छेँले **नगरपालिकालाई हस्तान्तरण** गरेको हुँदा उल्लेखित दर्तावालाका पाँच भाइ छोराहरूले उपरोक्त मितिमा निजी सम्पत्ति दान गर्ने सम्बन्धमा यस कार्यालयमा दर्ता गरेको निवेदनको प्रमाणित प्रतिलिपी साथै पठाई उक्त कित्ता जग्गाहरू रजिष्ट्रेशन दस्तुर छुट हुने गरी दर्तावाला स्वर्गीय गणेशमान बिजुक्छेँको नाम खारेज गरी स्थानीय सरकार यस भक्तपुर नगरपालिकाको नाउँमा दाखिल गरी ज.ध.प्र.पुर्जा उपलब्ध गराउन भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरलाई अनुरोध गर्ने निर्णय गरियो। साथै सोको लागि नगरपालिकाको तर्फबाट कानून अधिकृत श्री राजकुमार त्वायनालाई अख्तियारी दिने निर्णय गरियो।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ८१५६ नं. को स्काई भेटर चेन डोजरमा हाइड्रोलिक, हाइड्रोलिक चेन तथा अन्य सामान मर्मत गरे बापत रु.९१,९३८।८० हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ७१५० नं. को गाडीमा मर्मत सम्भार गरे वापतको रु.२१,८२३।९६ डियरवक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित को १ स १६७८ नं. को ट्राईसाईकलमा क्लज प्लेट, गेर आयल, इन्जिन आयल र अन्य सामान फेरे वापतको रु.१४,३५०। को १ स १६७४ को ट्राईसाईकलमा रिङ्ग पिस्टुन लगायत अन्य सामान फेरे वापतको रु.२२,१५०।- र को १ स १६७२ मा आवश्यक मर्मत गरे वापतको रु.१६,९२५।- गरी कूल जम्मा रु.५३,४२५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जे.सी.बी. डोजरमा पंचर टाले वापतको जम्मा रु.२४००।- ड्राईभर रबिन कोजूलाई **भुक्तानी दिने** निर्णय गरियो।

छ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बागमती प्रदेश ०३-०१-००२-झ ५४९६ नं. को एम्बुलेन्स सेवा गाडी सर्भिसिङ गरे वापतको जम्मा रु. ३०,००१।४३ सिप्रदी ट्रेडिङ्ग प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ज. भक्तपुर नगरपालिकामा विभिन्न समयमा उपलब्ध गराएको खाजा वापतको जम्मा रु.१०,५५०।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१९,९३०।- झःछेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अपसेट प्रेसमा मासिक पत्रिका छपाइ गर्ने क्रममा खाना खाए वापतको रु.१,८००।- लक्ष्मण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो।

ट. विश्व पर्यटन दिवसको अवसरमा गाईजात्रा पर्व २०७९ मा प्रदर्शन गरिएका परम्परागत तथा आधुनिक सांस्कृतिक विधाका विजयी सांस्कृतिक समूह र कलाकारहरूलाई पुरस्कार वितरण तथा गुरुहरूलाई सम्मान कार्यक्रममा आवश्यक मेच तथा टेवल उपलब्ध गराए वापतको रु. १६,९५०।- र चिया नास्ता उपलब्ध गराए वापतको रु.३७,०८०।- गरी कूल जम्मा रु.५४,०३०।- भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो।

ठ. भक्तपुर नगरपालिकाद्वारा आयोजित विश्व पर्यटन दिवसका दिन भ्रमणमा पाल्नु भएका अतिथिज्यूहरूको लागि आवश्यक नास्ता र खाजाको व्यवस्था गरे वापतको रु.२८,२००।- र मिति २०७९ भदौ २५ गते भक्तपुर नगर भ्रमणमा पाल्नु भएका काठमाडौँ महानगरपालिकाका मेयरज्यूलगायत अन्य अतिथिज्यूहरूको लागि आवश्यक नास्ताको व्यवस्था गरे वापतको रु.२५,०००।- गरी जम्मा रु.५३,२००।- ख्वप छेँ क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो।

ड. भक्तपुर नगरपालिकामा विभिन्न समयमा उपलब्ध गराइएका खाजा र नास्ता वापत रु.६६,६४५।- दिव्य स्विट्सलाई **भुक्तानी दिने** निर्णय गरियो।

ढ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा फलफुल उपलब्ध गराए वापत रु.१३,११०।- आर. के. जुस. सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ण. भक्तपुर नगरपालिकाको आयोजनामा पर्यटन दिवसको उपलक्ष्यमा गरिएको पुरस्कार वितरण तथा सांस्कृतिक टोलीहरूलाई सम्मान कार्यक्रममा सहभागी टोलीहरू तथा कर्मचारीहरूलाई खाजा (सम्येबजी सेट) को व्यवस्था गरे वापतको जम्मा रु.१०३,१२३।८० सुर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो।

त. भ.न.पा. वडा नं. ९ साविक वडा नं. १ स्थित कि.नं. ११० क्षेत्रफल ०-३-०-० कित्ता जग्गामा घर निर्माण गर्न मिति २०७४।०९।०९ मा भुइँ तला निर्माणको ईजाजत पत्र प्राप्त गरी निर्माण गर्ने क्रममा स्वीकृत नक्सा भन्दा १८.५५ ब.फी. बढी क्षेत्रफल ओगटी संशोधन नक्सा पेश भएको सम्बन्धमा सो कित्तासँग जोडिएका सँधियारहरूबाट पनि आफ्नो जग्गा मिचिएको भन्ने कुनै उजूरी नगरेको र बाटोतर्फ छोड्नु पर्ने मापदण्ड पनि पुग्ने गरी छोडिएको देखिन्छ। उक्त जग्गा भक्तपुर नगरपालिकाद्धारा सञ्चालित टुमचो दुगुरे चोखा जग्गा एकिकरण आयोजना अन्तरगत परेको हुँदा थप क्षेत्रफल १८.५५ ब.फी. सम्बन्धमा त्यस क्षेत्रको निर्धारित दररेट अनुसारको मूल्याङ्कन रकम भक्तपुर नगरपालिकाको **कोषमा जम्मा गर्न** लगाई पेश नक्सा पास प्रक्रियाको लागि अगाडि बढाउने निर्णय गरियो।

## बैठक सङ्ख्या १४

## मिति २०७९ मङ्सिर १५ गते, विहीबार

### निर्णयहरू

### ख्वप अस्पताल उद्घाटन

१. भक्तपुर नगरपालिकाको स्थापना दिवसको अवसरमा यस नगरपालिकाद्वारा सञ्चालित सय शय्याको ख्वप अस्पतालको नयाँ भवन समुद्घाटन समारोह मिति २०७९ पौष २ गते, शनिवार ख्वप अस्पताल प्राङ्गण, च्याम्हासिंहमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यतामा गर्ने निर्णय गरियो।

उक्त समारोहमा नगरपालिकाका कर्मचारीहरूमध्ये मूल्याङ्कनका आधारमा उत्कृष्ट कर्मचारीहरूलाई प्रोत्साहित/पुरस्कृत गर्ने र सोको लागि देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी सिफारिस समिति गठन गर्ने निर्णय गरियो :

रविन्द्र ज्याख्व - संयोजक
उकेश कवां - सदस्य
हरि प्रसाद बासुकला - सदस्य
कृष्ण गिरी - सदस्य
दामोदर सुवाल - सदस्य सचिव

२. प्रत्येक वर्ष झैँ यस नगरपालिकाको स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरियो।

### कर्मचारी नियुक्ति

यस नगरपालिकामा अनिवार्य अवकास, राजीनामा र अन्य कारणबाट सेवा निवृत्त भएका कर्मचारीहरूको स्थानमा र थप कार्यक्रम र प्राप्त कोटामा कर्मचारी नियुक्ति गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

### स्वास्थ्य शिविर सञ्चालन

नगर क्षेत्रका दम खोकी बिरामीहरूलाई लक्षित गरी मङ्सिर र पुष महिनाभित्र नगरका १० ओटै वडामा स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो।

### समितिहरूको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो-

#### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०७९।८।९ गते**

१. विभिन्न विषयहरूमा उच्च शिक्षा हासिल गर्ने/गर्न चाहने भक्तपुर नगरवासी विद्यार्थीहरूलाई यस नगरपालिकाले विगत वर्षहरूदेखि प्रदान गर्दै आएको **शैक्षिक ऋण** यस आ.व. २०७९/८० मा पनि निरन्तरता दिन १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

२. कोभिड महामारी नियन्त्रण र बिरामी सङ्क्रमितहरूको उपचारलगायतका कार्यमा भक्तपुर नगरपालिकाले गरेका सबै गतिविधिहरूको अभिलेखीकरणसहितको पुस्तक **'कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका'** प्रकाशित गर्ने र उक्त पुस्तक प्रकाशनको लागि विभिन्न मुद्रकहरूसँग दरभाउ माग गर्दा देहाए बमोजिमको दररेट प्राप्त भयो :

पुस्तकको नाम : कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका
पृष्ठ : ४३२ श्यामश्वेत
पृष्ठ : १६ रंगिन
पृष्ठ : ४ रंगिन गाता

१. युनिक प्रिन्टिङ्ग हाउस, पुतलीसडक - रु.२२५।- (भ्याटसहित) प्रति थान
२. मित्रता छापाखाना, गोल्मढी - रु.२१६।६६ (भ्याटसहित) प्रति थान
३. सिटिपी सोलुसन प्रालि., काठमाण्डौ- रु.२२८ (भ्याटसहित) प्रति थान

उपर्युक्त व्यहोरा अनुसार मित्रता छापाखाना, गोल्मढी, भक्तपुरले प्रतिथान रु.२१६।६६ मा पुस्तक प्रकाशन गर्ने दर भाउपत्र सबैभन्दा कम मूल्यमा रहेको हुँदा उक्त छापाखानालाई पुस्तक मुद्रणको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

उक्त पुस्तक हाललाई २२५० थान प्रकाशित गर्ने निर्णय गरियो।

३. यस नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूमा **'विद्यालय स्वास्थ्य कार्यक्रम'** सञ्चालन गर्न ख्वप अस्पताललाई परिपत्र गर्ने निर्णय गरियो।

४. भक्तपुरको ऐतिहासिक, सांस्कृतिक प्रस्तुति माक प्याखं, क्रमशः नयाँ पुस्तालाई प्रशिक्षण दिँदै पुस्तान्तरण गर्ने कार्य गरिरहेको भनपा वडा नं. १ स्थित गणेश दाफा भजन समूहले परम्परागत सामग्री खरिद तथा अन्य कार्यका लागि आर्थिक सहयोग माग गरेकोमा उक्त समूहलाई नगद रु.३०,०००।- (अक्षेरूपी तीस हजार) रुपैयाँ मात्र **आर्थिक सहयोग** प्रदान गर्ने निर्णय गरियो।

#### नगर विपद् व्यवस्थापन समिति

**मिति २०७९।८।१४ गते**

१. मिति २०७९ कार्तिक १५ गते बेलुका ६:३० बजेको समयमा भक्तपुर नगरपालिका वडा नं. १ श्रृजनानगरमा रहेको गोपाल लुईटेलसमेतले सञ्चालन गरिरहेको आईसमार्ट

आइसक्रिम प्रा.लि. मा अचानक विद्युत सट भई आगलागी भएको र सो आगलागीबाट ठूलो धनको क्षति भई कारखाना बन्द हुने अवस्थामा पुगेकोले आर्थिक सहयोग पाऊँ भनी घटनाको स्थलगत मुचुल्का समेत संलग्न गरी गोपाल लुईटेलले यस कार्यालयमा निवेदन पेश गरेकोबारे बैठकमा छलफल हुँदा राहत स्वरूप रु.४०,०००।- (अक्षेरूपी चालिस हजार) रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

## अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७९।८।९ गते**

१. भ.न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूबाट प्राप्त आवेदनअनुसार यस समितिमा प्राप्त आवेदन बमोजिम चिकित्सक सहितको टोलीबाट परीक्षण पश्चात् 'ख' वर्ग (निलो) ६ जना र 'ग' वर्ग (पहेंलो) १ जनासमेत जम्मा ७ जनालाई **अपाङ्गताको परिचय पत्र** दिने निर्णय गरियो ।

२. ३१ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको उपलक्ष्यमा २०७९ मंसिर १७ गते शनिवार **अपाङ्गता दिवस** ख्वप कलेजमा मनाउने र सो कार्यक्रममा स्वास्थ्य शिविर र सांस्कृतिक कार्यक्रम गर्ने निर्णय गरियो ।

३. अपाङ्गता दिवसको कार्यक्रममा अपाङ्गता भएकाहरूलाई जाडोको निम्ति न्यानो कपडा मफलर वा ऊनको टोपी **वितरण गर्ने** निर्णय गरियो ।

४. अपाङ्गता दिवसको अवसरमा सञ्चालन हुने कार्यक्रममा खाना र चियाको व्यवस्था गर्ने र सोका लागि सामग्री खरिद गर्न रु.२,००,०००।- (अक्षेरूपी दुई लाख) कार्यपालिका सदस्य श्री रोशनमैया सुवाललाई पेश्की लिन लगाउने निर्णय गरियो ।

## वातावरण तथा पर्यटन समिति

**मिति २०७९।८।९ गते**

यस नगरपालिकाको फोहोर व्यवस्थापन एवम् पुनर्प्रयोजनको लागि आवश्यक कार्यहरू गर्नका लागि भ.पु.न.पा. वडा नं. १० थली फांट (साविक भ.न.पा. ४) मा बढीमा २० रोपनीसम्म **जग्गा भाडामा लिने** निर्णय गरियो ।

## बोलपत्र मूल्याङ्कन समिति

**मिति २०७९।८।१४ गते**

१. भक्तपुर नगरपालिकाबाट सञ्चालित भ.न.पा. वडा नं. २ स्थित जनज्योति पुस्तकालयमा ईलाइब्रेरी सञ्चालनको लागि कम्प्युटर खरिद र नेटवर्किङको कार्य गर्न मिति २०७९/०७/२७ गतेको 'मजदुर' दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका ३ थान सिलबन्दी दरभाउ पत्रहरू मिति २०७९/०८/१२ गते खोलिएको मुचुल्का अनुसार सबभन्दा कम दररेट पेश गर्ने दरभाउ पत्रदाता एक्सप्लोर आइटी इन्टरप्राइजेज भक्तपुरको कूल रु.९,७२,३६५।०० (भ्याट सहित) (अक्षरेपी नौ लाख बहत्तर हजार तीन सय पैसठी रुपैयाँ) बराबरको रकम कबोल गरिएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले स्वीकृत गर्न **सिफारिस गर्ने** निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाबाट चालू आ.व. २०७९/८० का लागि बागमती प्रदेश सरकारको (पूँजीगत) सशर्त अनुदान कार्यक्रम अन्तर्गत स्थानीय विपन्न तथा गरिव परिवारलाई सुधारिएको चुल्हो (Induction Cooker) सहयोग गर्न खरिदको लागि मिति २०७९/०७/२७ गतेको 'मजदुर' दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका ५ थान सिलबन्दी दरभाउ पत्रहरू मिति २०७९/०८/१२ गते खोलिएको मुचुल्का अनुसार सबभन्दा कम दररेट पेश गर्ने दरभाउ पत्रदाता भिजन अफ किचन लिङ्कस् कर्पोरेसनबाट कूल रु.७,४८,७६६।३० (भ्याट सहित) (अक्षरेपी सात लाख अठ्चालिस हजार सात सय छैसठ्ठी रुपैयाँ तीस पैसा) बराबरको रकम कबोल गरिएको हुँदा "सार्वजनिक खरिद ऐन २०६३" को दफा (४०) उपदफा (५) र नियमावलीको नियम (८४) उपनियम (९) बमोजिम उक्त बोलपत्र न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी भएकोले स्वीकृत गर्न **सिफारिस गर्ने** निर्णय गरियो ।

## युवा तथा खेलकुद समिति

**मिति २०७९।८।९ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ पौष ५-९ गतेसम्म हुने भक्तपुर नगरव्यापी **विद्यालय स्तरीय खेलकुद प्रतियोगिता** आयोजना गर्न तपसिल अनुसारको खेलहरू गर्न वडा कार्यालयहरूलाई जिम्मेवारी दिने निर्णय गरियो-

**तपसिल**

१. भलिबल - १ नं. वडा कार्यालय
२. टेबुल टेनिस - २ नं. वडा कार्यालय
३. उसु/पोर्टबल - ३ नं. वडा कार्यालय
४. कबड्डी/फुटसल - ४ नं. वडा कार्यालय
५. तेक्वाण्डो - ५ नं. वडा कार्यालय
६. करांते - ६ नं. वडा कार्यालय
७. एथ्लेटिक्स - ७ नं. वडा कार्यालय
८. ब्याटमिन्टन/जिम्नाष्टिक - ८ नं. वडा कार्यालय

९. बुद्धिचाल - ९ नं. वडा कार्यालय

१०. खो खो - १० नं. वडा कार्यालय

११. कसिमला पांय् - निवृत्त शिक्षक समाज

२. भक्तपुर नगरपालिको आयोजनामा २०७९ पौष ५-९ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि तपसिल अनुसारको अनुमानित खर्च बजेट पारित गर्ने निर्णय गरियो-

**अनुमानित खर्च विवरण**

१. उद्घाटन समारोह - ५०,०००।-

२. र्‍याली व्यवस्थापन - २५,०००।-

३. विभिन्न खेल प्रतियोगिता व्यवस्थापन (वडाहरू) - १८,००,०००।-

४. प्रत्येक खेलको लागि मेडल - २,००,०००।-

५. प्रत्येक खेलको लागि ट्रफी - १,५०,०००।-

६. प्रमाण पत्र - २५,०००।-

७. विद्यालयहरूलाई खेलकुद सामग्री वितरण - ८,००,०००।-

८. मंच तथा ग्राउण्ड व्यवस्थापन - २,००,०००।-

९. समामान समारोह/जलपान - १,००,०००।-

जम्मा - ३३,००,०००।-

३. भक्तपुर नगरपालिकाको आयोजनामा ०७९ पौष ५-९ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सफल पार्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो-

**तपसिल**

**खेलकुद प्रतियोगिता अनुगमन समिति**

संयोजक :.श्री श्यामकृष्ण खत्री

सदस्य : श्री उकेश कवां

सदस्य : श्री हरि प्रसाद बासुकला

सदस्य : श्री रविन्द्र ज्याख्व

सदस्य : श्री कृष्ण गोविन्द सुवाल

**पुरस्कार व्यवस्थापन समिति**

संयोजक : श्री उकेश कवां

सदस्य : श्री उपेन्द्र सुवाल

सदस्य : श्री सुनिता प्रजापति

सदस्य : श्री रञ्जना त्वाती

सदस्य : श्री राजु बजिको

सदस्य : श्री इन्द्र भक्त पंच

सदस्य : श्री मुना बासुकला

**स्वास्थ्य तथा ग्राउण्ड व्यवस्थापन समिति**

संयोजक : श्री उपेन्द्र सुवाल

सदस्य : श्री राम सुन्दर बासी

सदस्य : श्री ज्ञान बहादुर मानन्धर

सदस्य : श्री श्यामसुन्दर मातां

सदस्य : श्री न्हुछेराम कोजु

**र्‍याली, कार्यक्रम तथा मञ्च व्यवस्थापन समिति**

संयोजक : श्री रविन्द्र ज्याख्व

सदस्य : श्री कृष्ण प्रसाद कोजु

सदस्य : श्री श्यामसुन्दर मातां

सदस्य : श्री सूर्यप्रसाद श्रेष्ठ

सदस्य : श्री कृष्ण गोपाल चौगुठी

**जलपान तथा अतिथि सत्कार समिति**

संयोजक : श्री सुनिता अवाल

सदस्य : श्री रञ्जना त्वाती

सदस्य : श्री रोशन मैया सुवाल

सदस्य : श्री छोरी मैया सुजखु (प्रजापति)

सदस्य : श्री रविना सुवाल

**निर्माण समिति**

मिति २०७८।०८।८ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लिबाली चोक धारामुनिदेखि थुसाचासम्म फुटपाथ मर्मत कार्य | ८ | मर्मत | ३६१,७०७।४६ | | | | | | | | |
| २ | लायकूस्थित पर्यटक शौचालय भवन मर्मत कार्य (तल्लो तलामा रहेको पसल कवल विभाजन तथा पानी चुहिने समस्या सुधार) | ३ | मर्मत | ९९,७६४।०४ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | याता ढुङ्गे धाराको निकासको लागि म्यानहोल निर्माण कार्य | ७ | मर्मत | ९७,४० ७।३८ | | | | | | | | |
| ४ | महेश्वरी ग्यारेजमा कम्पोष्ट मल बनाउने मेशिन जडान गर्न आवश्यक पानी ट्यांकीको स्टयाण्ड र भऱ्याङ बनाउने | ७ | मर्मत | ८४,६३ ६।९६ | | | | | | | | |
| ५ | महेश्वरी ग्यारेजमा फोहोर प्रशोधन गर्ने मेशिनको फोहोर पानी जाने निकासको व्यवस्थापन गर्ने | ७ | मर्मत | ५३,१२ २।८६ | | | | | | | | |
| ६ | महेश्वरी ग्यारेजमा फोहोर प्रशोधन गर्ने मेशिनको लागि बेस ढलान गर्ने | ७ | मर्मत | ८४,९३ ३।९४ | | | | | | | | |
| ७ | चुपिंघाट खोला सुधार कार्य | ५ | खोला सुधार | ४९५, ८२६।५ ६ | | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लिबाली आवास क्षेत्रमा पीच कार्य | ८ | बाग्मती प्रदेश सर्शत अनुदान | ५,८९८,५ ९२।३१ | | | उ.स.अ. : श्री जितेन्द्र खायमली अ.स.स. : श्री विष्णुभक्त भैनात्व | | | | | |
| रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | १० नं. वडा कार्यालय भवन स्तरोन्नती कार्य | १० | मर्मत | ३६०,९० ०।४० | ४४५,५ ४४।८७ | ११५,०० ०।०० | २०३,९६ २।३७ | ८८,९६ २।३७ | २१६,३६ ९।३७ | आंशिक सम्पन्न | ज्ञानकुमार मगजु | |
| २ | दत्तात्रय मन्दिर परिसर रात्रिको समयमा थप आकर्षक बनाउन वार्म कलर लाइट जडान कार्य | ९ | मर्मत | ९९,७६६ ।३९ | | ३०,०० ०।०० | ८१,४८ ५।३४ | ५१,४८ ५।३४ | ८८,३२ ८।४३ | सम्पन्न | इन्द्र बहादुर प्याठ | |
| ३ | पर्यटक सूचना तथा सेवा केन्द्र दत्तात्रयमा सिसि क्यामेरा, कम्प्युटर तथा ब्याकअप लाइन जडान कार्य | ९ | मर्मत | ८८,३६३ ।८१ | | २५,०० ०।०० | ६७,००१ ।०९ | ४२,०० १।०९ | ८४,८८ ९।६७ | सम्पन्न | ज्ञानबहादुर मानन्धर | |
| ४ | आदर्श आजाद मा.वि.मा भौतिक सुधार कार्य | ७ | नगर शिक्षा | १,२४०, ९१६।२५ | | | १,१३०,६ १५।०० | १,१३०,६ १५।०० | १,२११,९ ८६।१३ | सम्पन्न | श्रीकृष्ण किसी | रू.१,३०,६ १५।०० विद्यालय बाट व्यहोर्ने |

ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भ.न.पा.का वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू ( साउन महिनाको) | १–१० | मर्मत | ३९०,८१२।३२ | | सामान तर्फ | ३२१,७७१।९७ | ३२१,७७१।९७ | ३२१,७७१।९७ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ६३,५५०।०० | ६३,५५०।०० | ६९,०४०।३५ | | | |
| | | | | | | जम्मा | ३८५,३२१।९७ | ३८५,३२१।९७ | ३९०,८१२।३२ | | | |
| २ | भ.न.पा.का वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (भदौ महिनाको) | १–१० | मर्मत | २६०,५०२।५३ | | सामान तर्फ | १६९,०७८।८४ | १६९,०७८।८४ | १६९,०७८।८४ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ७३,७५०।०० | ७३,७५०।०० | ८६,५६३।५६ | | | |
| | | | | | | जम्मा | २४२,८२८।८४ | २४२,८२८।८४ | २५५,६४२।४० | | | |

मिति २०७८/०८/१५ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई/कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | थंथु दरबार पुन:निर्माण कार्य | ३ | नपा | १२८,५३४,५१६।९६ | | | | | | | | |
| २ | कमलविनायक बहुउद्देश्यीय भवन निर्माणका लागि ढल निकास तथा रिटेनिंग वाल निर्माण कार्य | १० | नपा | ४,११८,७४८।७१ | | | | | | | | |
| ३ | दरबार क्षेत्रमा वार्म फ्लोड एलईडी लाइट तथा सडक बत्ती व्यवस्थित गर्ने कार्य | २, ३, ५ | मर्मत | ३६७,९१७।१५ | | | | | | | | |
| ४ | रानी पोखरीमा विद्युतीकरण कार्य | १ | मर्मत | ५१२,३५२।४७ | | | | | | | | |
| ५ | बेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य (दोस्रो चरण) | १० | नपा | ३,०९३,५८२।२३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सानो ब्यासीदेखि स्यालान्चासम्मको सडक स्तरोन्नति कार्य | २ | सङ्घीय सरकार सर्शत अनुदान | ५,७९५,८९४।१९ | | | उ.स.अ.: श्री सिद्धि राम सुवाल अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| २ | छुमा गणेश द्यःछैं पुनःनिर्माण | ६ | नपा | ८,७६४,४९२।०९ | | | उ.स.अ. : श्री हरिशरण अवाल अ.स.स. : श्री सिद्धिराम अवाल | | | | | २० लाख बजेट विनियोजन |
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सम्पदा उपशाखामा शौचालय निर्माण | ३ | मर्मत | ९९,९४६।०२ | | ३२,०००।०० | ९०,०४८।४६ | ५८,०४८।४६ | ९७,७२६।०१ | आंशिक सम्पन्न | रूकेश त्वाना बासु | |
| २ | भार्वाचो शिशु स्याहार केन्द्र (साविक पशु सेवा केन्द्र भवन) मा विद्युतीय कार्य | १ | मर्मत | ९६,४३३।०३ | | | ४४,२१५।०० | ४४,२१५।०० | ५२,१२१।४६ | आंशिक सम्पन्न | रञ्जन कवां | |
| ३ | गुहेश्वरी पाटी पुनःनिर्माण कार्य | १ | मर्मत | ५,२११,११०।७२ | | १,५००,०००।०० | २,२९७,१३९।०० | ७९७,१३९।०० | २,७७२,४३६।७० | आंशिक सम्पन्न | नरेश बज्राचार्य | ।बाट रू. ७,२०,९७४।०० आर्थिक सहयोग प्राप्त र रू.३,६८,५३७।०० नपाको बैंक खातामा दाखिला |
| | | | | | | ७०२,८६१।०० | १,०५५,२९८।०० | | १,२०१,३२२।५९ | अन्तिम सम्पन्न | | |
| | | | | | | २,२०२,८६१।०० | ३,३५२,४३७।०० | ७९७,१३९।०० | ३,९७३,७५९।२९ | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९ सफल पार्न मतदाता शिक्षाको लागि घर घरमा खटिएका वडा स्वास्थ्य स्वयं सेविकाहरूलाई पारवहन खर्च स्वरूप प्रत्येक स्वयंसेविकालाई वडाबाट प्रमाणित भए बमोजिम खटिएको दिनको लागि प्रति दिन ४००।- (अक्षेरुपी चार सय) रुपैयाँका दरले **निकासा पठाउने** निर्णय गरियो ।

ख. यस नगरपालिकामा कार्यरत स्थायी, अस्थायी, करार, ज्यालादारी कर्मचारी र सफाइ ठेकेदारहरूलाई समेत पोशाक भत्ता वापत सरकारी नियमअनुसार प्रदान गर्ने र खाईपाई आएको अन्य रकम प्रोत्साहन भत्ता स्वरूप प्रत्येक वर्ष एक पटकको लागि उपलब्ध गराउने प्रमुखस्तरको टिप्पणी **निर्णय अनुमोदन** गर्ने निर्णय गरियो ।

ग. भू-उपयोग ऐन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम यस न.पा. क्षेत्रभित्र पूर्व नक्सा बमोजिम कृषि क्षेत्र, आवासीय क्षेत्र तोक्न वडा कार्यालयबाट **सिफारिस माग** गर्ने निर्णय गरियो ।

घ. भ.न.पा. साविक वडा नं. ८ हाल परिवर्तित ऐ. वडा नं. ५ कि.नं. ९७२ क्षे.फ. ०-१-०-० को जग्गा सार्वजनिक उपयोगका लागि भक्तपुर नगरपालिकाले सम्बन्धित जग्गा धनी वा निजको अधिकृत वारेसबाट लिखत पारित मार्फत **हस्तान्तरण गरी लिने** निर्णय गरियो र सोका लागि लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर लगायतका सरकारी दस्तुर मिनाहाका लागि भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

उक्त कार्यका लागि भक्तपुर नगरपालिकाको तर्फबाट भक्तपुर नगरपालिकाका कानून अधिकृत राजकुमार त्वायनालाई अख्तियारी दिने समेत निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिका स्थापना दिवसको अवसरमा यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको नयाँ भवन उद्घाटन कार्यक्रम निम्न मिति, समय र स्थानमा सम्पन्न गर्नको लागि खर्च तथा आवश्यक व्यवस्थापन गर्न ख्वप अस्पताललाई **जिम्मा दिने** निर्णय गरियो।

च. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३४ प ८६३० नं. को मोटरसाइकल सर्भिसिङ्ग गरे वापत रु. १६००।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

छ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ७१४९ नं. को एम्बुलेन्स सेवा गाडी सर्भिसिङ्ग गरे वापत रु.१०,४५५।२५, बा २ च ६०४९ नं. को जिपमा मर्मत गरे वापत रु.७,६७४।५१ गरी जम्मा रु.१८,१२९।७६ डियरवक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ज. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ८१५६ नं. को स्काई भाईटर चेन डोजरमा इलेक्ट्रिक सम्बन्धी कार्य गरे वापत रु.८०,३७१।२५ र मोबिल फिल्टर, इयर फिल्टर फेरे वापत रु.५४,८०८।३९ गरी जम्मा रु.१,३५,१७९।६४ हाम्रो हेभी इकुपमेन्ट वर्कशप प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ७१४९ नं. को एम्बुलेन्स सेवा गाडीमा ब्याट्री फेरे वापत रु.१३,९१०।६९ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित नयाँ गाडी बा.प्र. १/००१ ग ४१३७ नं. गाडीको माइको सुपर फिल्टर, फिल्टर वाईपास तथा अन्य सामान सर्भिसिङ्ग गरे वापतको रु.१५,९७४।७० तथा बा.प्र. १/००१ ग ४१३८ नं. गाडीको माइक्रो सुपर फिल्टर, फिल्टर वाईपास तथा अन्य सामान सर्भिसिङ्ग गरे वापतको रु. १२,३१७।५१ गरी कुल जम्मा रु.२८,२९२।२१ जि. एफ. आइ सर्भिसेस काठमाडौँ प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ट. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २२६४ नं. गाडीमा आवश्यक सामान फेरे वापत रु. २,६५,६६३।- र बा १ क ४५५४ नं. जेट मेशिन गाडीमा सामानहरू मर्मत गरे वापत रु.३६,०४७।- गरी कूल जम्मा रु.३,०१,७१०।- सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

ठ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ५ च २५२८ नं. जिपमा मोबिल फिल्टर, बेरिङ, पुलि तथा अन्य आवश्यक सामानहरू खरिद गरी मर्मत गरे वापत रु.११,९७८।- डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ड. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग ४१३८ र बा १ ग ४१३७ नं. गाडीमा साउण्ड सिस्टम तथा आम्पील फायर फेरे वापत रु.१८,८१५।- र रु.१८,८१५।- गरी कुल जम्मा रु.३७,६३०।- बास इलेक्ट्रोनिक्स ट्रेर्डलाई **भुक्तानी दिने** निर्णय गरियो।

ढ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग २९४१ नं. को ब्याको डोजरको लागि आवश्यक पर्ने बेल्ट सामान खरिद गरे वापत रु.४,५००।- एस. के. मेशिनरीलाई **भुक्तानी दिने** निर्णय गरियो।

ण. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३४ प ८८२४ नं. को मोटरसाईकल सर्भिसिङ्ग गरे वापतको रु.१,९००।- कृष्ण गोविन्द सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो।

त. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा र नास्ता उपलब्ध गराए वापत रु.२८,२५५।- दिव्य स्विट्सलाई **भुक्तानी दिने** निर्णय गरियो।

थ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा फलफूल तथा दही उपलब्ध गराए वापत रु.१७,९५०।- आर. के. जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

द. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत जम्मा रु.१०,७७०।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो।

ढ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.२१,१५०। झःछेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो।

न. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजना उपभोक्ता समितिको रकम निकास माग सम्बन्धमा यस न.पा.को आ.व. २०७९।८० को बजेटमा विनियोजित रु २०,००,००,०००।- (अक्षेरूपी रु.बीस करोड रुपैयाँ) ऋण स्रोतबाट व्यहोर्ने भएकोले ख्वप उ.मा.वि. बाट हाललाई ऋण माग गरी **उपलब्ध गराउने** निर्णय गरियो।

प. यस न.पा.मा २०७९ सालको लक्ष्मी पूजाका लागि आवश्यक पूजा सामान तथा विविध खर्च वापत रु.१२,३७०।- पवन चवाललाई **भुक्तानी दिने** निर्णय गरियो।

फ. यस नगरका आशिष वोयजु र प्रविन याकामीले पाटन संयुक्त क्याम्पसमा संस्कृति र राजनीति शास्त्र विषय लिई स्नातक तहमा अध्ययन गरी रहेकोले छात्रवृत्ति उपलब्ध गराई दिनु हुन भनी पेश भएको निवेदन अनुसार निजहरूलाई **छात्रवृत्ति प्रदान** गरिएको बैठकवाट अनुमोदन गरियो।

# योमारी पुन्हीको अवसरमा सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुति

भक्तपुर नगरपालिकाको आयोजनामा भएको सन्ध्याकालीन सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुतिको समापन कार्यक्रम भनपा-९ स्थित दत्तात्रय मन्दिर परिसरमा २०७९ मङ्सिर २४ गते सम्पन्न भयो ।




कार्यक्रमको समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले योमारी प्रदर्शनी एवं खाद्य उत्सव भक्तपुर महोत्सवको पूर्व अभ्यास हो भन्नुहुँदै पुर्खाले सिर्जेको मूर्त र अमूर्त सांस्कृतिक सम्पदानै हाम्रो सम्पत्ति भएकोले यसको महत्त्व नयाँ पुस्तालाई जानकारी दिनुपर्ने बताउनुभयो ।




## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

**हार्दिक धन्यवाद**

ऐतिहासिक एवं सांस्कृतिक नगरी भक्तपुरको कला संस्कृति र मूर्त अमूर्त सम्पदाहरूबारे आन्तरिक एवं बाह्य पर्यटकहरूलाई जानकारी दिने र पर्यटन व्यवसायबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ दिने उद्देश्यले भक्तपुर नगरपालिकाले नेवारी संस्कृतिको महत्त्वपूर्ण पर्व योमारी पुन्हीको अवसरमा यही २०७९ मंसिर २४ गते आयोजना गरेको सन्ध्याकालिन सांस्कृतिक सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव र सांस्कृतिक प्रदर्शनीमा सहभागी भएका जनप्रतिनिधिहरू, कर्मचारीहरू, भक्तपुर पर्यटन विकास समिति, भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समिति, नेपाल पर्यटन बोर्ड, विद्यालय, कलेज, सहकारी संस्थाहरू, मयुज पुचः, सांस्कृतिक समुहहरूलगायत योमारी प्रदर्शनी, खाद्य स्टल तथा सांस्कृतिक प्रदर्शनीमा सहयोग गर्ने सम्पूर्ण नगरवासीहरू, स्वयमसेवकहरू, सुरक्षाकर्मीहरू तथा सञ्चारकर्मीहरूलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।



















उहाँले जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्र अनुसार शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलाई विशेष प्राथमिकतामा राख्दै कार्य गरिरहेको बताउनुहुँदै सांस्कृतिक सम्पदा र कला संस्कृतिले भरिपूर्ण भक्तपुर नगरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराई आन्तरिक तथा वाह्य पर्यटनको माध्यमबाट आर्थिक गतिविधि बढाई नगरवासीहरूको जीवनस्तरलाई उकास्न मद्दत पुग्ने बनाउनुभयो ।



कोभिड–१९ का कारण २ वर्ष अगाडि आयोजना गर्न लागेको भक्तपुर महोत्सव अन्तिम अवस्थामा स्थगित गर्नुपरेको स्मरण गर्नुहुँदै भक्तपुर नपाले समय र परिस्थिति हेरी अनुकुल समयमा सो महोत्सव आयोजना गर्ने जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले योमारी प्रदर्शनी र खाद्य उत्सवमा उत्साहपूर्ण सहभागिताबाट कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताउनुहुँदै यस्ता गतिविधिहरूमा नगरवासीको साथ र सहयोग अपरिहार्य रहेको बताउनुभयो ।



उहाँले भक्तपुरको पुरानो क्षेत्र सांस्कृतिक नगर घोषित भैसकेको जाकारी दिनुहुँदै भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषित गर्नका लागि सबैको सल्लाह र सुझावको अपेक्षा गर्नुभयो । साथै भक्तपुर नगरपालिकाले नगरका ९२ ओटै विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरी नगरका सांस्कृतिक सम्पदा, परम्परागत कला, संस्कृति एवं नाचगान सम्बन्धी विषयहरू समावेश गरी अध्यापन भैरहेको जानकारी दिनुभयो ।



कार्यक्रममा भनपा–९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले स्थानीय स्रोत साधन प्रयोग गरेर स्थानीय जनता स्वतः स्फूर्त लागि परेको हुँदा प्रदर्शनी सफल भएको बताउनुहुँदै भक्तपुरलाई पर्यटकीय नगर बनाउने कार्यमा जनताको साथ र सहयोग अपरिहार्य रहने बताउनुभयो ।

कार्यक्रममा भनपा–८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजू**ले सांस्कृतिक पर्व योमारी पुन्हीको महत्त्वबारे प्रकाश पार्नुहुँदै योमारी स्वास्थ्यवर्धक परिकार रहेको बताउनुभयो । उहाँले विश्व मानचित्रमा भक्तपुर नगरलाई चिनाउन यहाँका मौलिक उत्पादनहरू जुजुधौ, भादगाउँले कालो टोपीलगायत यस्ता सांस्कृतिक चाडपर्वले मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रमको सञ्चालन रेडियो प्रस्तोता **रविन्द्र कुसी**ले गर्नुभएको थियो भने योमारीलगायत खाद्य प्रदर्शनी, सांस्कृतिक प्रस्तुति र कार्यक्रम सफल बनाउन आवश्यक सहयोग गर्नुहुने ३५ ओटा सङ्घसंस्था तथा महानुभावहरूलगायतलाई मायाको चिनो र प्रशंसा पत्र वितरण गरिएको थियो ।

## यःमरिको स्वाद चाख्दै रमाए विदेशी पर्यटक

भक्तपुर : अष्ट्रेलियाबाट नेपाल भ्रमणमा आएकी कार्टलक्स र उनका पति ओमरान जोन भक्तपुरको ऐतिहासिक एवं सम्पदास्थल दत्तात्रय मन्दिरको डबलीमा बसेर महाकाली नाच हेर्दा निकै मख्ख देखिन्थे ।

दत्तात्रय मन्दिर आसपासमा मङ्सिर २४ गते शनिवार साँझ विद्युतीय बत्तीले झिलीमिली बन्दा देखिएको आकर्षक दृश्यमा भक्तपुर नगरपालिकाले प्रदर्शन गरेको सांस्कृतिक कार्यक्रमअन्तर्गत विदेशी पर्यटक महाकाली नाच निकै चाख लिएर हेरिरहेका थिए भने नाचको तस्बिर लिन



व्यस्त देखिन्थे ।

दत्तात्रय मन्दिर परिसरमा स्थानीयवासी दिउँसैदेखि लागेको भीड साँझ झन् बाक्लिँदै जाँदा मेला लागेको अनुभूति हुन्थ्यो । स्वदेशीहरूको त्यो भीडमा करिब ४० विदेशी पर्यटक पनि रुमलिँदै थिए । भक्तपुर नगरपालिकाले यहाँ प्रदर्शन गरेको विभिन्न सांस्कृतिक एवं परम्परागत नाच अवलोकन गर्दै यःमरि र अन्य नेवारी परिकारको स्वाद चाख्न व्यस्त देखिन्थे ।

अमेरिकन नागरिक अल्बर्ट स्टेन्टसहितका चार अमेरिकन नागरिक पनि माक प्याख र घिन्ताङघिसी नाच हेरेर निकै मख्ख देखिन्थे । यहाँ भेला भएका अधिकांश विदेशी नागरिक यहाँको रात्रिकालीन समयमा प्रस्तुत गरिएका विभिन्न नाच हेरेर निकै रौसिएका थिए ।

रात्रिकालीन पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले शनिवार साँझ आयोजना गरेको सन्ध्याकालीन सांस्कृतिक पदयात्रा, यःमरि प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुतिमा स्वदेशी तथा विदेशी पर्यटक रमाएका हुन् ।

दत्तात्रय डबलीमा भक्तपुरका सांस्कृतिक परम्परा झल्कने नाच, भैल प्याखंः (भैरव नाच), माक प्याखंः (बाँदर नाच), लाखे नाच, घिन्ताङघिसी नाच, बाँसुरी बाजा, नौमती बाजालगायतका विभिन्न बाजा एवं नाचको प्रस्तुतिले यहाँको कला, संस्कृति र परम्परालाई उजागर गरिरहेको देखिन्थ्यो ।

नगरपालिकाले आयोजना गरेको खाद्य उत्सवमा मन्दिर अगाडि रहेका स्टलमा राखिएको यःमरि, विभिन्न नेवारी परिकार, जुजुधौलगायतका परिकार किन्नेको भीड पनि उत्तिकै लागेको थियो । दत्तात्रय र भीमसेन मन्दिर अगाडि यःमरिका विभिन्न नामका परिकार स्टलमा सजिसजाउ थिए । २७ किलो चामलको पिठोमा बनेको छ फिट अग्लो यःमरिदेखि गणेश, कछुवा, हाँस, भाले, पोथी, धरहरा, शङ्ख, पुतली, गैँडालगायतका आकृतिमा बनेका यःमरिले यहाँको रौनक र यसको पहिचानलाई विभिन्न स्वरूपमा झल्काइरहेको थियो । भक्तपुरको हातले बुनेको प्रसिद्ध भादगाउँले टोपीदेखि यहाँ परम्परागत कोलबाट उत्पादित तोरीको तेल, जुजुधौसमेत स्टलमा बिक्रीका लागि राखिएका थिए ।

भक्तपुरको प्रसिद्ध दरबार स्क्वायरबाट सुरु भएको सन्ध्याकालीन सांस्कृतिक पदयात्रा, पोटरी स्क्वायर, पाँचतले मन्दिर, टौमढी, सुकुलढोका, दत्तात्रय, जैंला हुँदै दत्तात्रय आएर प्रदर्शनीको अवलोकन गर्दै सांस्कृतिक नाचको प्रदर्शनी गरिएको थियो ।

भक्तपुर नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, पर्यटन शाखाका प्रमुख गौतम लासिवा, जनप्रतिनिधि, कर्मचारी, स्वदेशी तथा विदेशी पर्यटकको उल्लेख्य सहभागितामा सुरु भएको पदयात्रा दत्तात्रयमा पुगेर खाद्य मेलाको अवलोकनपछि सांस्कृतिक नाचको प्रदर्शनसँगै सम्पन्न भएको थियो ।

कार्यक्रममा नगरप्रमुख प्रजापतिले सम्पदाको धरोहर भक्तपुरलाई सन्ध्याकालीन पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी तथा विदेशी पर्यटकसमेतको सहभागितामा शनिवार पदयात्रा आयोजना गरेको बताए । उनले कोरोना सङ्क्रमणका कारण स्थिर बनेको पर्यटनलाई चलायमान बनाउनु आवश्यक रहेको बताउँदै भक्तपुरमा आउने विदेशी पर्यटकको सङ्ख्या बढे पनि पुरानै लयमा फर्कन अझै समय लाग्ने बताए ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरमा बाह्य तथा आन्तरिक पर्यटकलाई नाइट स्टेको रूपमा लैजाने नगरपालिकाको योजनालाई सफल पार्न यस्ता प्रदर्शनीलाई निरन्तरता दिने बताइन् ।

कार्यक्रमका सञ्चालक एवं वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पर्यटन व्यवसायलाई आकर्षित गर्ने हेतुले आयोजना गरेको आन्तरिक तथा बाह्य पर्यटकसहित सहभागी गराई सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा गर्दै सांस्कृतिक महत्त्वको बोकेका सम्पदाहरूको परिचय दिएको बताए । उनले यःमरिलगायत नेवारी परिकारको प्रदर्शनीले भक्तपुरको परिकारलाई पनि पर्यटकमाझ पस्कन सफल भएको जानकारी दिए । रासस

## तस्बिरमा केही गतिविधि

भक्तपुर नपाबाट आयोजित सन्ध्याकालीन सम्पदा पदयात्रा, योमारी प्रदर्शनी, खाद्य उत्सव तथा सांस्कृतिक प्रस्तुति (केही झलक)









तखिरमा केही गतिविधि









तस्विरमा केही गतिविधि











तस्विरमा केही गतिविधि






# अनुभवको आदान-प्रदान

## तिनाउ गाउँपालिका अध्यक्ष भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पाल्पाको तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले मङ्सिर २७ गते भेट गर्नुभयो। भेटमा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको ८ ओटा शैक्षिक संस्थाहरू मार्फत देशभरिका ७ हजारभन्दा बढी विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गरिरहेको जानकारी दिनुहुँदै भनपा शिशुशालादेखि स्नातकोत्तर तहसम्म अध्ययन गराउने देशको एक मात्र स्थानीय तह भएको बताउनुभयो।

उहाँले भक्तपुर नपाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी दैनिक ६०० जनाभन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गर्दै आएको र नगरका १० ओटै वडामा घरदैलो नर्सिङ सेवामार्फत नगरवासीलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिनुहुँदै प्रत्येक वडामा नियमित रूपमा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नपाले सम्पदा संरक्षण र विकास निर्माणसम्बन्धी कार्यहरू उपभोक्ता समितिमार्फत गरिरहेको बताउनुहुँदै जनश्रमदानमार्फत गुणस्तरीय निर्माण भइरहेको र निर्माणपश्चात अपनत्व बढाउनसमेत मद्दत मिलेको बताउनुभयो। साथै पारदर्शिताको नमुनाको रूपमा नगरपालिकाले कार्य गर्दै भक्तपुर मासिक, ख्वप पौ पाक्षिक, भक्तपुर खबर अनलाईन तथा अन्य प्रकाशनहरू गरी नगरपालिकाका सम्पूर्ण गतिविधिहरू प्रकाशित गर्दै आएको बताउनुभयो।

कार्यक्रममा अध्यक्ष **श्रेष्ठ**ले तिनाउ गाउँपालिका कृषिमा निर्भर रहेको बताउनुहुँदै भक्तपुर नगरपालिका धेरै कुरामा उदाहरणीय रहेको र यहाँबाट सिकेका कुराहरू गाउँपालिकामा लागू गर्न सकिने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, तिनाउँ गाउँपालिकाका उपाध्यक्ष लालबहादुर थापा, भनपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेका थियो।

भेटमा प्रमुख प्रजापतिले अध्यक्ष श्रेष्ठलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र प्रकाशनहरू उपहार प्रदान गर्नुभयो भने सो पश्चात अध्यक्षसहितको टोलीले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप अस्पताललगायत विभिन्न सामुदायिक विद्यालयहरूको अवलोकन भ्रमण गर्नुभएको थियो।

## बुद्धभूमि नपाका जनप्रतिनिधिहरू भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बुद्धभूमि नपा, कपिलवस्तुका वडा अध्यक्ष रोमबहादुर थापाक्षेत्री सहितको टोलीले २०७९ मङ्सिर २७ गते भेट गर्‍यो।

भेटमा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा गरिरहेको कार्यको चर्चा गर्नुहुँदै भक्तपुर नपाले आफ्नै ८ ओटा कलेजहरू, १०० शय्याको अस्पताल र १ ओटा नगर स्वास्थ्य केन्द्र र २ ओटा शहरी स्वास्थ्य केन्द्रहरू सञ्चालन गरी १५ मिनेटमै स्वास्थ्य सेवा पहुँच प्रदान गर्ने स्थानीय तहको रूपमा कार्य गर्दै आएको जानकारी गराउनुभयो।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले नगरको पुरानो क्षेत्रलाई सांस्कृतिक क्षेत्र घोषणा गरी ढुङ्गा छपाइ गरी ठाउँ ठाउँमा गमला राखी सुन्दरता बढाउन प्रयास गरेको र पुरै नगरलाई सांस्कृतिक क्षेत्र घोषणा गर्न आवश्यक पहल भइरहेको बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले भक्तपुर नपाले जनसहभागिताको मोडेललाई अपनाउँदै विकास निर्माणलगायत सम्पदा संरक्षणको कार्य गर्दै निर्णय प्रकृयामा जनताको सहभागितालाई उच्च प्राथमिकतामा राखेर निर्णय गर्ने गरेको बताउनुभयो। उहाँले भक्तपुर नपाले आफ्ना प्रकाशनहरूमार्फत पारदर्शिता कायम गर्दै नगरलाई शिक्षा र स्वास्थ्यमा अब्बल बनाउन प्रयास गरिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा बुद्धभूमि नपाका वडासदस्यहरू, कर्मचारी तथा शिक्षक र सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# नगरपालिका गतिविधि

## थाथुचाको कृष्ण मन्दिर शिलान्यास



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा वडा नं. ३ थाथुचास्थित कृष्ण मन्दिरको एक कार्यक्रमबीच २०७९ मङ्सिर २३ गते शिलान्यास गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै उहाँले विदेशीको सहयोगबिना विगत ५ वर्षमा भक्तपुर नपाले १२४ ओटाभन्दा बढी सम्पदा पुनःनिर्माण र जीर्णोद्धार भएको अवगत गराउनुहुँदै ती सबै काम स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत गरिएको बताउनुभयो।



उपभोक्ता समितिबाट काम गराउँदा कम खर्चमा गुणस्तरीय निर्माण हुने, जनताको अपनत्व हुने, आफ्नै श्रोत र साधनको प्रयोग हुने र मौलिक प्रविधिको संरक्षण हुने बताउनुहुँदै कृष्ण मन्दिर पुनःनिर्माणमा पनि उपभोक्ता समितिका पदाधिकारीहरूले इमानदारीपूर्वक काम गरी समयमै निर्माण सम्पन्न गर्न मार्गनिर्देश गर्नुभयो।

उहाँले पर्यटकहरू भक्तपुरका मूर्त अमूर्त सम्पदा अवलोकन गर्न आउने हुँदा भक्तपुर नपाले सम्पदा पुनःनिर्माणलाई विशेष जोड दिई कार्य अगाडि बढाउँदै आएको बताउनुहुँदै लोप हुने अवस्थामा रहेका सांस्कृतिक एवम् पुरातात्त्विक महत्त्व भएका सम्पदाहरूलाई पुनःजीवन दिने काममा नपा अग्रसर रहेको बताउनुभयो।



निर्माणाधीन कृष्ण मन्दिरको प्रारूप

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले कृष्ण मन्दिरको पुनःनिर्माण प्राप्त प्रमाणका आधारमा मौलिक शैलीमा उपभोक्ता समितिमार्फत पुनःनिर्माण गरिने जानकारी गराउनुभयो।

शिलान्यास कार्यक्रममा नेमकिपा भक्तपुर नपा वडा नं. ३ का पार्टी इन्चार्ज **रामसुन्दर खाताखो**, वडा सदस्य **कृष्णगोपाल चौगुठी**, वडा सदस्य **सुनिता अवाल** र कृष्ण मन्दिर पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **कमलनारायण धुख्वा**ले पनि बोल्नुभएको थियो।

उक्त मन्दिरको पुनःनिर्माणको कूल ल.ई. रु. २०,९३,६६६।१९ पैसा रहेको छ।

### लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम

## लैङ्गिकभन्दा वर्गीय हिंसा बढी घातक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा २०७९ मङ्सिर २५ गते भक्तपुर नपाको सभाहलमा लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम सम्पन्न भयो।




कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले लैङ्गिक हिंसा महिला र पुरुषबीच मात्र नभई धनी र गरिबबीच पनि हुने बताउनुहुँदै लैङ्गिकभन्दा वर्गीय हिंसा बढी घातक हुने विचार राख्नुभयो ।

पुँजीवादी व्यवस्थामा महिला भएकै कारण विभेद हुने गरेको बताउनुहुँदै उहाँले महिलाहरू आत्मनिर्भर हुन शिक्षा र सीपबाट युक्त हुनुपर्ने औँल्याउनु भयो ।

मानव तस्कर र मानव बेचबिखन पनि एकप्रकारको हिंसा नै हो भन्नुहुँदै उहाँले समाजमा बदनाम, कानूनी रूपमा अपराधी ठहर गरी जेल जीवन भुक्तान गरेका, फौजदारी अपराधमा अभियुक्त भई फरार सूचीमा रहेका व्यक्तिहरू हालै सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाजस्ता महत्त्वपूर्ण ठाउँमा निर्वाचित हुनु देशको लागि दुर्भाग्य भएको बताउनुभयो ।



भक्तपुर नपाले आयोजना गरेको योमारी महोत्सवले भक्तपुरका जनताको आर्थिक अवस्थामा सुधार गर्न टेवा पुगेको बताउनुहुँदै आगामी दिनहरूमा पनि नपाले समय सापेक्ष जनता केन्द्रित कार्यक्रमहरूलाई अगाडि बढाउँदै लाने बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले नेपालमा लैङ्गिक हिंसाबाट महिलाहरू बढी पीडित भएको उल्लेख गर्नुहुँदै सभ्य र सुसंस्कृत समाज निर्माणमा लैंगिक हिंसाको अन्त्य हुनु जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नपाद्वारा गठित न्यायिक समितिको कार्य सम्पादनबारे विस्तृतमा जानकारी दिनुहुँदै उपप्रमुख जोशीले महिला भएकै कारण समाजबाट हुने विभेदको अन्त्य गर्न महिलाहरूलाई राजनीतिक र सामाजिक रूपमा शिक्षित र सङ्गठित गर्दै लानु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा बागमती प्रदेशका समानुपातिक सदस्य **सृजना सैंजु**ले समाजको आकृति महिलाको अनुहारबाट प्रतिविम्बित हुने बताउनुहुँदै महिलाहरू अगाडि बढेको समाजको विकास र स्तर स्वाभाविक रूपमा माथि उठेको हुन्छ भन्नुभयो ।

लैङ्गिक हिंसाबाट कामदार वर्गका महिलाहरू बढी प्रताडित रहेको उल्लेख गर्नुहुँदै श्रमशक्तिको रूपमा विदेशिने ६० प्रतिशत महिलाहरू बेचिने तथ्याङ्क रहेको बताउनुभयो । उहाँले महिलाहरूलाई सम्पत्ति र दाइजो होइन, शिक्षा र संस्कार दिनु आवश्यक भएको बताउनुहुँदै महिलाहरूलाई राजनीतिक र कानुनी शिक्षाबाट शिक्षित गर्नु आजको आवश्यकता भएको बताउनुभयो ।

त्यस्तै कानुन अध्ययन समाजका अध्यक्ष अधिवक्ता **रामप्रसाद प्रजापति**ले कानुनी रूपबाट लैङ्गिक हिंसाको अन्त्य गर्न समुदायस्तरबाट सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर अस्पतालका फरेनसिक विशेषज्ञ **सबनम श्रेष्ठ** र ओ.सी.एम.सी.का सम्पर्क व्यक्ति **नबिना थापा**ले लैङ्गिक हिंसाबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

भक्तपुर नपाबाट गठित महिला तथा बालबालिका समितिको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौँमिखा**, कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**, **छोरीमैंया सुजखू** र प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले पनि बोल्नुभएको थियो ।

## नर्वेका प्राध्यापकहरूको टोली भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नर्वेबाट आउनुभएका प्राध्यापकहरूको एक टोलीले २०७९ मङ्सिर २५ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभएको छ। नगर प्रमुख सुनिल प्रजापतिले उक्त टोलीलाई भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो।

टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुरको राजनीतिक अवस्थाबारे अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकामा गत २०७४ र २०७९ सालका स्थानीय तहका निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका शत प्रतिशत जनप्रतिनिधिहरू निर्वाचित भएको बताउनुभयो।

भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको गतिविधिहरूबाट देशभरका विद्यार्थीहरू लाभान्वित भएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ७ ओटा शैक्षिक संस्थाहरूमार्फत देशभरका ७७ मध्ये ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधारहरू निर्माणको क्रममा रहेको बताउनुहुँदै उहाँले उच्च शिक्षा अध्ययनको सिलसिलामा भक्तपुरका धेरै विद्यार्थीहरू विदेशी विश्वविद्यालयहरूमा पुगेको स्मरण गर्नुभयो।

भक्तपुर नपाले कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट बञ्चित नहोस् भनी रु. ५ लाखसम्मका शैक्षिक ऋण, वार्षिक ३ करोडभन्दा बढी छात्रवृत्ति तथा भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषा पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको उहाँले बताउनुभयो।

उक्त भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाल र ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र उपप्राचार्य रत्नशोभा प्रजापतिलगायतको उपस्थिति थियो।



भेटमा टोलीका प्रतिनिधि युनिभर्सिटी अफ साउथ इस्टर्न नर्वेका प्रो.डा. **राजनकुमार थापा**ले उक्त टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ ओटा इन्जिनियरिङ कलेजको अभिरुचिपूर्वक अवलोकन गरिसकेको र भक्तपुर नपाको शिक्षा र अन्य विकास निर्माणका गतिविधिहरूबारे जिज्ञासा राख्नुभएको थियो।

भेटमा उपस्थित नेपाली तथा विदेशी प्रोफेसर डाक्टरहरूको नामावली यसप्रकार छ :

1. Prof. Dr. Britt Moldestad -University of South–Eastern Norway, Norway
2. Prof. Dr. Christop Pfeifer- University of Natural and Life Sciences, Veinna, Austria Associated
3. Prof. Dr. Wenche Bergland, University of South–Eastern Norway, Norway Associated
4. Prof. Dr. Nora Furuvik, University of South–Eastern Norway, Norway Associated
5. Prof. Dr. Rajan Kumar Thapa, University of South–Eastern Norway, Norway Associated
6. Prof. Dr. Sunil Lohani, University of South–Eastern Norway, Norway
7. Mr. Thor Egil Eide, Senior Advisor, Department of Research and Internationalisation, USN, Norway
8. Mr. Morten Larsen, Controller, Department of Finance, USN, Norway

## भक्तपुर नपामा प्रधानाध्यापकहरूको भेला




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको भेला २०७९ मङ्सिर २८ गते भक्तपुर नपा सभाकक्षमा भयो।

उक्त कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले गरेको काम देशैकै लागि उदाहरणीय र चर्चाको विषय बनेको बताउनुहुँदै हिजोको अनुभवबाट आज काम गर्ने

र आजको कामबाट भोलिको लागि विकास गर्ने सोचका साथ अगाडि बढिरहेको बताउनुभयो ।



उहाँले भक्तपुर नपाले हरेक काममा सम्बन्धित विषयविज्ञको सल्लाहबमोजिम अगाडि बढ्दै गएको बताउनुहुँदै भक्तपुरका विद्यार्थीहरूको शैक्षिक स्तर वृद्धि गर्न विद्यालयहरूले थप मिहिनेत गर्नु आवश्यक भएको बताउनुभयो ।

समाजलाई राम्रो बनाउन कठिन परिस्थितिको पनि सामना गर्ने सामर्थ्य जुटाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुरमा सामुदायिक विद्यालयको शिक्षाको स्तर निकै माथि उठेको बताउनुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर शैक्षिक गन्तव्यस्थल बन्दै गर्दा धेरै चुनौतीहरू पनि थपिएको बताउनुहुँदै प्रि-एसईईको आधारमा विद्यार्थीहरूलाई एसईई परीक्षा सामेल गराउन सके शैक्षिक गुणस्तर बढ्ने बताउनुभयो ।



भक्तपुर नपा नगर शिक्षा शाखाका **कृष्णप्रसाद कर्माचार्य**ले भक्तपुर नपाले कक्षा ११ र १२ को छात्रवृत्ति परीक्षा सञ्चालन गरी करिब रु. ३० लाखभन्दा बढीको छात्रवृत्ति वितरण गरेको जानकारी गराउनुहुँदै भक्तपुर नपाले स्थानीय पाठ्यक्रमबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो ।

कार्यक्रममा गणेश मावि भार्वाचोका प्रअ एवम् संयुक्त परीक्षा समितिका प्रतिनिधि गणेशराम थुसा, मेधा माविका प्रअ गंगाधर हाडा, इसानका प्रतिनिधि कृष्णराम त्वानाबासु, प्याब्सनका प्रतिनिधि शिवकुमार कोजु, एनब्याब्सनका शिवकृष्ण कवां, आधारभूत परीक्षा समितिका दिपक माकलगायतले रचनात्मक सुझावहरू दिनुभएको थियो ।

## स्वास्थ्यकर्मीहरू सामाजिक कार्यकर्ताको रूपमा परिचालन हुनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्यकर्मीहरूलाई सामाजिक कार्यकर्ताको रूपमा समाजमा सहयोगी र असल व्यवहारबाट काम गर्न प्रेरित गर्नुभयो ।

सोमबार भक्तपुर नगरपालिकाको सभाकक्षमा २०७९ पुस ४ गते नगरपालिकाका वडा नर्सहरूसँगको बैठकमा बोल्नुहुँदै उहाँले वडा नर्सहरूलाई हरदम जनताको सेवामा समर्पित भावले लाग्न मार्गनिर्देशन गर्नुभयो ।

भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गर्नुको उद्देश्यहरूमाथि प्रष्ट पार्नुहुँदै उहाँले घरदैलो नर्सिङ सेवाबाट बटुलेको अनुभव लिपिबद्ध गर्न सके समाजको अवस्था चित्रण गर्न सहज हुने विषयमा स्वास्थ्यकर्मीहरूलाई उत्साहित गर्नुभयो ।

भक्तपुर नगरपालिकाको कामको मूल्याङ्कन देश विदेशबाट भइरहेको हुँदा अझ सचेत र सशक्त ढङ्गले काम गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले अरूले भन्दा फरक शैली र गुनासो नआउने ढङ्गले काम गर्न जोड दिनुभयो ।



त्यस्तै ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासिवा**ले वडास्तरमा स्वास्थ्य शिक्षाबारे अभिमुखीकरण सञ्चालन गरी जनतालाई सचेत पार्ने काममा वडा नर्सहरूले आवश्यक भूमिका खेल्नुपर्ने र वडासँग समन्वय गरी काम गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका व्यवस्थापक **विश्वजित प्रजापति**ले घरदैलो नर्सहरूबाट भइरहेको तथ्याङ्क सङ्कलनलाई अझ व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

उक्त बैठकमा ख्वप अस्पतालका घरदैलो वडा नर्सहरूले मङ्सिरको मासिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## सांस्कृतिक गुरुहरूको भेला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नगरभित्रका १० ओटै वडाका सांस्कृतिक गुरुहरूको भेला भक्तपुर नपा सभाकक्षमा पौष ६ गते भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले कला संस्कृतिलाई जगेर्ना गर्न प्रत्येक वर्ष गाईजात्राको अवसरमा सांस्कृतिक विधाहरूको मूल्याङ्कन गरी पुरस्कार दिने गरेको तथा हरेक वर्ष एक विधामा बाजा प्रतियोगिता गर्ने निर्वाचन घोषणापत्र कार्यान्वयन गर्न राय सुझाव सङ्कलन गर्ने भेलाको उद्देश्य रहेको बताउनुहुँदै विगतमा धिमाय् बाजा, धाँ बाजा, बाँसुरी बाजा, पछिमा बाजा प्रतियोगिता सम्पन्न गरेको जानकारी दिनुभयो ।

भक्तपुर नपाले हरेक काम जनताको सल्लाह र सहयोगमा भइरहेको उल्लेख गर्नुहुँदै उहाँले निर्वाचन प्रतिवद्धता बमोजिम नगरपालिकाले खेलकुद प्रतियोगिता सञ्चालन गरिरहेको बताउनुभयो । विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा ७५ ओटाभन्दा बढी विद्यालयहरूले सहभागिता जनाउनु खुशीको कुरा हो । यो हप्तालाई खेलकुद महोत्सव रूपमा लिइनुपर्छ – उहाँले भन्नुभयो ।

उहाँले भक्तपुर नगरपालिका देशकै उदाहरणीय नगरको रूपमा विकास भइरहेको सन्दर्भमा नगरवासीहरूलाई शिक्षा, खेलकुदमा जस्तै सांस्कृतिक वाद्यवादनहरूको माध्यमबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान कायम गर्न सक्ने जनशक्ति तयार गर्न समय समयमा विभिन्न प्रतियोगिता गर्दै आएको जानकारी दिनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरलाई सांस्कृतिक राजधानीको रूपमा विकास गर्दै जानुपर्ने बताउनुहुँदै नगरको कला, संस्कृति, सम्पदा संरक्षण गर्दै भविष्यमा सांस्कृतिक नगरको रूपमा विकास गर्ने सोच रहेको जानकारी दिनुभयो ।

उहाँले नगरपालिकाले जनताको सल्लाह, सुझाव तथा साथ र सहयोगबाट विकास निर्माणदेखि सम्पदा संरक्षणका कार्यहरू निरन्तर रूपमा अगाडि बढाउँदै आएको बताउनुहुँदै यस वर्ष गरिने बाजा प्रतियोगिताको लागि आवश्यक सल्लाह दिनुभएकोमा सांस्कृतिक गुरुहरूप्रति आभार प्रकट गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले योमारी पूर्णिमाको अवसरमा भक्तपुर नपाद्वारा आयोजित सांस्कृतिक पदयात्रा, योमारी प्रदर्शनी र खाद्य महोत्सवमा नगरवासीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै सांस्कृतिक गुरुहरूले टोल-टोलमा सल्लाह गरी सांस्कृतिक बाजाहरूको संरक्षणार्थ कुन प्रतियोगिता गर्दा उपयुक्त हुनेबारेमा अमूल्य सुझावको अपेक्षासहित भेला आयोजना गरिएको जानकारी दिनुभयो ।



भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छें र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको उपस्थिति रहेको सो कार्यक्रममा सांस्कृतिक गुरुहरू पञ्चलाल लाछिमस्यू, तुल्सीकाजी मानन्धर, इन्दिरा लाछिमस्यू, केदार किजु, कृष्णभक्त खत्री, कमला चगुठी, विष्णुप्रसाद प्रजापति, कृष्णकुमार सुवाल, रामभक्त कर्माचार्य लगायतले आ-आफ्नो राय सुझाव दिनुभयो ।

## सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई तीनदिने लेखा तालिम



भक्तपुर नगरपालिकाको अयोजनामा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूका शिक्षक तथा कर्मचारीहरूलाई लेखा तालिम पुस १२ गतेबाट सुरु भयो। तालिमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो। सोही क्रममा नगर प्रमुख **प्रजापति**ले तालिम पूर्ण सफलताको कामना गर्नुहुँदै नगरपालिकाले दिने अनुदान तथा आर्थिक सहयोगहरूको सही सदुपयोगको लागि भक्तपुर नपाले लेखासम्बन्धी तालिम सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो।

शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रलाई आधार बनाई संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले सामुदायिक संस्थाहरू राम्रो र व्यवस्थित भए गरिब जनताका छोराछोरीले सहज रूपमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने तथा व्यक्तित्व विकासमा समान अवसर हुने उहाँले बताउनुभयो।

विद्यालयले राख्ने हिसाब नमिल्दा बेरुजुको समस्या देखिने बताउनुहुँदै विद्यालयहरूलाई लेखासम्बन्धी कार्य सहजताको निम्ति भक्तपुर नपाले विगतका दिनदेखि नै यस्ता तालिमहरूमा जोड दिँदै आएको उहाँले प्रष्ट पार्नुभयो।

भक्तपुर नपा लेखा समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले नियमित रूपमा विद्यालयहरूमा लेखासम्बन्धी अनुगमन गर्दै आएको र सोही क्रममा प्राप्त सुझावको आधारमा तालिम सञ्चालन गरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले तालिमको आवश्यकता र सङ्घ संस्थामा बजेट खर्च र व्यवस्थापनमा लेखाको महत्त्वबारे आफ्नो धारणा राख्नुभयो।

## आँखा जाँच तालिमको प्रमाणपत्र वितरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका, सामुदायिक आँखा केन्द्र र तीलगंगा आँखा प्रतिष्ठानको संयुक्त आयोजनामा भएको सामुदायिक विद्यालयका शिक्षक शिक्षिका तथा विद्यालय नर्सहरूलाई आधारभूत आँखा जाँचसम्बन्धी तालिममा सहभागीहरूलाई पुस १२ गते एक कार्यक्रमबीच प्रमाणपत्र प्रदान गर्नुभयो।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रमुख **प्रजापति**ले आँखा मानव शरीरको महत्त्वपूर्ण अङ्ग भएको हुँदा यसको हेर विचार निकै संवेदनशील ढङ्गले गर्नुपर्ने बताउनुहुँदै शिक्षक शिक्षिकाहरू योग्य भए विद्यार्थीहरू पनि स्वाभाविक रूपमा योग्य हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाले स्थानीय निर्वाचनको घोषणाअनुरूप विद्यालयका शिक्षकहरूको लागि विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै तालिमलाई व्यवहारिक प्रयोगमा ल्याई विद्यार्थीको व्यक्तित्व विकासमा सकारात्मक भूमिका खेल्न शिक्षिकाले योगदान गर्नुपर्ने बताउनुभयो।

## सहकारी संस्थाका कर्मचारीहरूलाई कोपोमिस तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्र सञ्चालित सहकारी संस्थाका कर्मचारीहरूलाई कोपोमिस तालिम पौष १३ गते शुरु भयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**को






प्रमुख आतिथ्यमा भएको उक्त तालिमको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै उहाँले भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा अगाडि बढ्दै देशकै लागि उदाहरणीय बनिरहेको छ भन्नुभयो ।

उहाँले नगरपालिकाले सहकारीलाई समेत प्राथमिकतामा राखी सहकारीहरूलाई व्यवस्थित गर्न तालिम सञ्चालन गर्दै आएको बताउनुहुँदै तालिम प्राप्त जनशक्तिद्वारा सहकारी व्यवस्थापनमा सहज हुने तथा सहकारी संस्थाहरूले सदस्यहरूको बचतलाई सही ठाउँमा उपयोग गर्नुपर्ने बताउनुभयो ।

नगरपालिकाले पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइआएको बताउनुहुँदै सो कार्यक्रममा सहकारी संस्थाहरूलाई पनि समाजप्रति जिम्मेवार बनाउन नगरपालिकाले एक सहकारी एक सफाइ क्षेत्र जिम्मा दिई सरसफाइ अभियानको रूपमा सञ्चालन गरिरहेको उहाँले जानकरी दिनुभयो ।

कार्यक्रममा आर्थिक समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरभित्र सञ्चालित सहकारी संस्थाहरूको अनुगमनलाई निरन्तरता दिँदै आएको बताउनुहुँदै सबै मिलेर सहकारी क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो ।

भनपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी** र वडासदस्य **जितेन्द्र मुनंकर्मी**ले पनि बोल्नुभएको सो कार्यक्रममा सहकारी शाखा प्रमुख **रेभिड कुस्मा**ले प्रशिक्षण दिनुभयो ।

## श्वासप्रश्वास रोगसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर नपा वडा नं. १ को आयोजनामा श्वासप्रश्वास रोगसम्बन्धी एक दिने स्वास्थ्य शिविर पुस १६ गते वडा कार्यालय परिसरमा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले जनताको स्थिति मापन गर्ने अवसरको रूपमा भक्तपुर नपाले सबै वडाहरूमा स्वास्थ्य शिविरहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै आफ्नो रोगबारे जनता स्वयम् सचेत हुन जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालले जुनैपनि सङ्कटमा जनताको निःस्वार्थपूर्वक सेवा गर्दै आइरहेको छ भन्नुहुँदै प्रमुख प्रजापतिले शिक्षा र स्वास्थ्य क्षेत्रमा भक्तपुर तुलनात्मक रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, सदस्यहरू कल्पना शिल्पकार र गंगा बमनूले पनि बोल्नुभएको थियो ।

## बेखालमा पाटी शिलान्यास



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १० स्थित बेखाल पोखरीको दक्षिण–पश्चिमतर्फको पाटी पुनःनिर्माण कार्यको पुस १७ गते एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो ।

उक्त कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले पुर्खाहरूले सयौँ वर्ष पहिले निर्माण गरी छाडेर गएका कला–संस्कृति र सम्पदाहरूलाई व्यवस्थित रूपमा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई भक्तपुर नपाले प्राथमिकताका साथ अगाडि बढाउँदै आइरहेको बताउनुभयो ।

जनताको साथ र सहयोगमा पहिलो कार्यकालमा १२४ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको अवगत गराउनुहुँदै उहाँले मौलिक प्रविधि, श्रोत र साधनको अधिकत्तम प्रयोग गरी कला–संस्कृति संरक्षणमा निरन्तर साथ दिने भक्तपुरवासी जनता धन्यवादका पात्र हुन् भन्नुभयो ।

देशका विभिन्न क्षेत्रका सम्पदाहरू पुनःनिर्माणमा पनि भक्तपुरकै कालिगडहरूको खोजी हुने क्रम सुरु भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले ठेकेदारी भन्दा उपभोक्ता समितिलाई जोड दिँदै आइरहेको बताउनुभयो ।

त्यस्तै भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले स्थानीय जनताको पहलबाटै पाटी पुनःनिर्माणको काम गुणस्तरीय ढङ्गले समयमै सम्पन्न हुने विश्वास व्यक्त गर्नुहुँदै सामुदायिक भावनाले गरेको काममा स्थानीय जनताको अपनत्व रहने विचार राख्नुभयो ।

कार्यक्रममा १० वडाकै देवकुमार अवालले पनि बोल्नुभएको थियो ।

## ज्येष्ठ नागरिकको श्वासप्रश्वाससम्बन्धी स्वास्थ्य शिविर



*तस्बिर : मजदुर दैनिक*

भक्तपुर नपा वडा नं. ९ ले पुस १५ गते वाकुपति नारायण स्थानमा ख्वप अस्पतालको प्राविधिक सहयोगमा श्वासप्रश्वाससम्बन्धी स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

उक्त शिविरमा भनपा ९ का वडा अध्यक्ष **रबिन्द्र ज्याख्व**ले जाडो मौसममा ज्येष्ठ नागरिकलाई हुने श्वासप्रश्वाससम्बन्धी समस्या पहिचान गरी आवश्यक परामर्श दिन भक्तपुर नगरपालिकाले १० ओटै वडामा श्वासप्रश्वाससम्बन्धी शिविर सञ्चालन हुने बताउनुभयो ।

उहाँले उक्त शिविरमा श्वासप्रश्वास, दमखोकीको समस्या पहिचानको लागि स्पाइरोमेट्रीमार्फत सास तान्न र छोड्न सक्ने क्षमताको परीक्षण गरेको बताउनुहुँदै पुस १० गतेदेखि १०, ३ र ९ वडामा वडागत निःशुल्क शिविर सञ्चालन भइरहेको बताउनुभयो ।

ख्वप अस्पतालका जनरल मेडिकल फिजिसियन डाक्टर **बालकृष्ण चाँगुभारी**ले उक्त शिविरमा ६० वर्ष पूरा भएका नागरिकको दमखोकी रोगीको सुरुवाती अवस्था पत्ता लगाई फिजियोथेरापीको सहजीकरणका लागि श्वासप्रश्वास पुनःस्थापना केन्द्रमा सम्पर्क राख्न सकिने बताउनुभयो ।

उक्त शिविरमा परीक्षणको लागि आउनुभएका स्थानीय त्वचाका ७६ वर्षीया ज्येष्ठ नागरिक पूर्णलक्ष्मी प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गरेको निःशुल्क शिविरको प्रशंसा गर्नुहुँदै दमको कारण खोकीको समस्याले पहिलोपटक परीक्षण गरेको बताउनुभयो ।

त्यस्तै जँला निवासी ६४ वर्षका कृष्णराम बोहजूले भक्तपुर नगरपालिकाले यस्ता स्वास्थ्य शिविरहरू समयसमयमा गरेमा अस्पतालमा परीक्षणको लागि हुने भीड र असहजता न्यून हुने सुनाउनुभयो ।

उक्त शिविरमा वडाका जनप्रतिनिधि, कर्मचारी, वडा महिला स्वास्थ्य स्वयम्सेविका, ख्वप अस्पतालका डाक्टर तथा नर्सहरूले वडाका नागरिकको स्वास्थ्य परीक्षणको लागि सहजीकरण गरेका छन् ।

शिविरमा भक्तपुर नपाका ७, ८, ९ र १० वडाका १३७ जनाले परीक्षण गराए थिए ।


के गर्दै छ भक्तपुर नगरपालिका ?

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# विविध समाचार

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस

## स्वयम्सेविकाहरू सामाजिक कार्यकर्ताको रुपमा परिचालन हुनुपर्ने




'महिला सामुदायिक स्वयम्सेविकाको प्रतिबद्धता, स्वास्थ्य प्रवर्द्धनमा हाम्रो ऐक्यबद्धता' नाराका साथ भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा १९ औँ राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवस २०७९ मङ्सिर १९ गते सम्पन्न भयो ।

उक्त अवसरमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाका विभिन्न वडामा खटिरहेका उत्कृष्ट ३ जना सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रमाणपत्र र नगद पुरस्कारले सम्मान




गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले स्वास्थ्य स्वयम्सेविकाहरू समाजको सेवा गर्ने सामाजिक कार्यकर्ताको रुपमा परिचालन हुनुपर्ने बताउनुहुँदै स्वयम्सेविकाहरूले समुदायसँग शिष्ट र सम्मानजनक बोलीमा व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो ।

'जनताको आँखा दुरबिनसरह' भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले स्वास्थ्य स्वयम्सेविकाको काम र व्यवहारको मूल्याङ्कन समाज र समुदायबाट हुने हुँदा जनताको इमानदारीपूर्वक सेवा गर्न प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न रोगहरूसम्बन्धी स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै सामाजिक कार्यकर्ताहरू राजनीतिक कार्यकर्ताको रुपमा रूपान्तरित हुने बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले 'शिक्षा र स्वास्थ्यलाई एक सिक्काको दुई पाटा' को रूपमा अगाडि बढाइरहेको बताउनुभयो । उहाँले सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाको काम सम्मानजनक रहेको उल्लेख गर्नुहुँदै समाज र समुदायलाई सचेत बनाउने काम स्वयम्सेविकाहरूमार्फत नै भइरहेको बताउनुभयो ।



त्यस्तै वडा नं. ९ का वडाअध्यक्ष **रबिन्द्र ज्याख्व**ले नगरमा स्वास्थ्य स्वास्थ्यस्वयम्सेविका परिचालनले नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सहज भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी** र स्वास्थ्य कार्यालय, भक्तपुरका प्रमुख **कृष्णबहादुर मिजार**ले पनि स्वास्थ्य स्वयम्सेविकाको काम, कर्तव्य र अधिकारबारे प्रष्ट पार्नुभएको थियो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ६ का महिला स्वास्थ्य स्वयम्सेविका **मन्जु कुम्पाख** र ख्वप अस्पतालका **कमलकेशरी राजचल**ले पनि बोल्नुभएको थियो ।

सोही क्रममा प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट ३ जना महिला स्वास्थ्य स्वयम्सेविका वडा नं. १० का रामलक्ष्मी दुवाल पहिलो, भनपा ५ का सजना कवां दोस्रो र भनपा १ का शिवलक्ष्मी दुवाल तेस्रो लाई पुरस्कार तथा प्रशंसा-पत्र वितरण गर्नुभयो ।

## वागीश्वरी कलेजको दशौँ कलेज सभा सम्पन्न




वागीश्वरी कलेजको दशौँ कलेज सभा मङ्सिर २० गते सम्पन्न भएको छ ।

कार्यक्रमका सभापति एवं कलेज व्यवस्थापन व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले प्रगतिसँगै शत्रु बढ्ने भएकोले कमीकमजोरीलाई निरुत्साहित गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो ।

जे गर्छ अब भक्तपुरले गर्छ भन्ने जनताको विचारलाई देशव्यापी बनाउन नेमकिपाले देशको अधिकांश जिल्लामा उम्मेदवारी दिँदा कसैको विरोध नभएको स्पष्ट पार्नुभयो ।

नेमकिपाले भक्तपुरमा अवलम्बन गर्दै आएको समाजवादउन्मुख प्रणालीलाई देशभरबाट नियालिरहेको बताउनुहुँदै ठूला राजनीतिक दलको विचारहीन, सिद्धान्तहीन राजनीतिबाट देश अस्थिर हुन्छ भन्नुभयो ।

नेमकिपाको तर्फबाट बाग्मती प्रदेशका नवनिर्वाचित सांसद **सुरेन्द्रराज गोसाईं**ले छोटो समयमा धेरै उपलब्धि हासिल गर्न सक्नुमात्र वास्तविक उपलब्धि हुने भएकोले कलेजले भौतिक, शैक्षिक, प्राज्ञिक र व्यवस्थापकीय क्षेत्रमा छिटो प्रगति गर्नेमा विश्वास व्यक्त गर्नुभयो ।

आजकल कुनै पनि संस्थामा कार्यरत व्यक्तिले कति समय पुस्तकालयमा बिताउँछ भन्ने आधारमा पनि त्यस संस्थाले कस्तो जनशक्ति उत्पादन गर्छ भन्ने अनुमान गर्न सकिने भनाईलाई उद्धृत गर्नुहुँदै उहाँले समाजमा हुने गरेको अन्धविश्वासलाई चिर्नको लागि बौद्धिक वर्गले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

देशको समसामयिक विषयवस्तु, विभिन्न समस्या तथा चुनौतीहरूबारे नियमित रूपमा मासिक अन्तरक्रिया गरी कलेजलाई चिन्तनको चौतारी बनाउन जोड दिनुहुँदै उहाँले समाज परिवर्तनको लागि तयार हुने विद्यार्थी उत्पादन गर्नेतिर ध्यान दिन अनुरोध गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले युवा पुस्तालाई समेट्नका लागि अनुसन्धानमा जोड दिँदै भक्तपुरको असल अभ्यास अध्ययन गर्न पाकिस्तानबाट भक्तपुर नगरपालिकाको भ्रमण हुनुबाट भक्तपुर नपा अन्तर्राष्ट्रियस्तरमै परिचित भएको स्पष्ट पार्नुभयो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने नेमकिपाको उद्देश्यलाई पूर्ति गर्न ख्वप विश्वविद्यालय स्थापना गर्न भक्तपुरका जनता सङ्घर्षरत रहेको हुँदा हरेक कोणबाट वागीश्वरी कलेजको तर्फबाट पनि सहयोग हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले नयाँ पुस्तालाई समसामयिक विषयवस्तुबारे जानकारी गराउँदै गलत बाटोमा जानबाट रोक्ने प्रयास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**द्वारा प्रस्तुत शैक्षिक वर्ष २०७८/२०७९ को कलेजको वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७९/०८० को बजेट तथा आ.व. २०७८/०७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदन बैठकले अनुमोदन गरियो ।

कार्यक्रममा वागीश्वरी माविका प्रधानाध्यापक **कृष्णप्रसाद धन्छा** र कलेजका संयोजक **ज्ञानसागर प्रजापति**, शिक्षक **मंगलेश्वर ध्वजू**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारणसभा




भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. को १५ औँ वार्षिक साधारणसभा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**को प्रमुख आतिथ्यमा मङ्सिर २४ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि जोशीले सहकारीका

सञ्चालक तथा सदस्यहरूले इमानदारी देखाउँदै पारदर्शी ढङ्गले अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले आर्थिक कारोबारमात्र नभई समाज रूपान्तरण हुने अन्य गतिविधिलाई पनि अगाडि बढाउनुपर्ने र अहिलेको समाज सूचना प्रविधिको भएकोले यसतर्फ पनि संस्थाले ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले सहकारीकै मूल्य मान्यतामा सञ्चालन हुनुपर्ने र यसका सर्वमान्य सिद्धान्त अङ्गीकार गरी अगाडि बढ्न सुझाव दिनुहुँदै साधारणसभाको सफलताको कामना गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कर्मचारी एसोसियसनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले संस्थामा भक्तपुर नपाका कर्मचारीहरूमात्र सदस्य भएकोले अरू संस्थाभन्दा भिन्न ढङ्गले अनुशासित भई क्रियाशील हुनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखा**ले हाल संस्थाका सदस्यहरू लाभांश लिन, परिवहन (उपस्थिति भत्ता) लिन र सम्हेबजी तथा भोज खानमात्र नभई संस्थाको गतिविधि पनि जानकारी राख्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष **पुण्यराम लाखा**, सचिव **दिलिपकुमार सुवाल** तथा लेखा समितिका संयोजक **काशीलाल प्रजापति**ले संस्थाको प्रगति प्रतिवेदन वाचन गरिएको सो सभा संस्थाका अध्यक्ष **साहिला वैद्य**को सभापतित्वमा सम्पन्न भएको थियो ।

सभाको बन्द सत्रबाट दिलकृष्ण माकको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति तथा दिव्यलक्ष्मी बज्राचार्यको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति सर्वसम्मत चयन गरिएको थियो ।

## देशको अर्थतन्त्र विकासको लागि बैंकले उपयोगी कदम चाल्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशको अर्थतन्त्र विकासको लागि बैंकले उपयोगी कदम चाल्नुपर्नेमा जोड दिनुहुँदै बैंक तथा वित्तीय संस्थाहरू देशको अर्थतन्त्र विकासको लागि शक्तिशाली हतियार हो भन्नुभयो ।

भक्तपुर नपा वडा नं. १० कमलविनायकमा अवस्थित लुम्बिनी विकास बैंकको शाखा कार्यालय २०७९ मङ्सिर २६ गते उद्घाटन गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरूले जनताको विश्वास जितेर जनउत्तरदायी र पारदर्शी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

समाज सञ्चालन र आर्थिक गतिविधिको लागि पनि बैंकको ठूलो भूमिका रहेको चर्चा गर्नुहुँदै उहाँले देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने ढङ्गले काम गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

कोभिडको समयमा विश्वकै अर्थतन्त्रमा नराम्रो असर पुगेको बताउनुहुँदै उहाँले सङ्कटको समयमा सहयोग गर्ने भावनाले बैंक तथा वित्तीय संस्थाले काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा १० वडाका वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले जनतालाई सहज रूपमा बैंकिङ सेवा उपलब्ध गराउन लुम्बिनी बैंकले सहजीकरण भूमिका खेल्ने बताउनुभयो ।

त्यस्तै लुम्बिनी बैंकका सञ्चालक **केशव अधिकारी**ले देशको ६० ओटा जिल्लामा लुम्बिनी बैंकको शाखा सञ्चालनमा रहेको अवगत गराउनुभयो ।

उक्त कार्यक्रममा बैंकका शाखा अधिकृत **चिन्तामणि भट्टराई**ले पनि बोल्नुभएको थियो ।

**तःमुंज्याको पुरस्कार वितरण**

## देश जोगाउन देशभक्त जनता नै अघि बढ्नुपर्ने



भक्तपुर, १ पुस । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले सत्तारूढ दलका नेताहरूको अकर्मण्यता र अदूरदर्शिताको कारण देश झन्झन् पराधीन बन्दै गइरहेको हुँदा देश जोगाउन

देशभक्त जनता नै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

४२ औँ नेपालभाषा साहित्य तःमुंज्या र सांस्कृतिक कार्यक्रममा साहित्य विधामा उत्कृष्ट भएका साहित्यकार, मूल्याङ्कन समितिका सदस्यहरू, न्हू दँ ज्यालीमा सहभागी विभिन्न समूहहरूलाई पुरस्कार तथा मायाको चिनो प्रदान तथा सम्हेबजी कार्यक्रममा अध्यक्ष बिजुक्छेँले जनताले देश नजोगाए नेपाल नाउँ रहे पनि भूमि भारतको हुने विचार व्यक्त गर्नुभयो ।



देश नरहे स्वाभिमानी नेपालीहरू अरूको उठबसमा दास भएर जीवन बिताउनुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले देश पराधीन बन्दै गएकोमा शासक दलका नेताहरू नै दोषी भएको स्पष्ट पार्नुभयो ।

सरकारमा गएर देश र जनताको हितमा कुनै काम नगरेको हुँदा प्रतिनिधिसभाको निर्वाचनमा कुनै दलले बहुमत प्राप्त गर्न नसकेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'बहुमत प्राप्त नहुँदा अरू देशमा भए फेरि निर्वाचन हुन्थ्यो ।'

निर्वाचनको बेला देशको कुना-कन्दरामा शासक र ठूला दलका नेताहरूले जनताको मत लिन पैसा बाँडेको, भोज खुवाएको, मालसामान बाँडेको स्मरण गर्नुहुँदै अध्यक्ष रोहितले देशलाई एक एक पाइला गर्दै पराधीन बनाउँदै लगेको विचार व्यक्त गर्नुभयो ।

देशका जनता गरिब, अशिक्षित भएकाले सत्तासीन र ठूला दलका नेता तथा कार्यकर्ताले पैसा बाँडेर मत लिएको विचार व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, 'नेमकिपा त्यस्तो कुनै अराजनीतिक गतिविधि गरेर मत लिँदैन, नेमकिपा सिद्धान्तको राजनीति गर्छ, नेमकिपा इमानदारीपूर्वक देश र जनताको सेवा गर्छ, नेमकिपाले नेपालको कम्युनिस्ट पार्टी र आन्दोलनमा प्रकाशस्तम्भको रूपमा काम गरिरहेको छ ।'

कुनै पनि दलले बहुमत प्राप्त नगरेको कारण गठबन्धनको सरकार बन्नेतर्फ इङ्गित गर्नुहुँदै उहाँले पालैपालो शासन गरेर देश कसरी अघि बढ्छ भन्नुभयो ।

प्रजातान्त्रिक मूल्य, मान्यता र पद्धतिविपरीत बनाइएको तीन प्रतिशतको प्रावधान खारेज गराउन जनता एकजुट भएर अझै सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'नयाँ पुस्तालाई राम्ररी पढाउनुपर्छ, देश र जनताको हितमा निःस्वार्थपूर्वक सेवा गर्न राजनीतिमा संलग्न गराउन प्रेरित गर्नुपर्छ ।'

नेमकिपाका सचिव एवं प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले मङ्सिर ४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा धेरै मत र सदस्य जितेका पार्टीहरूले देश र जनताको हितमा काम गर्नेछैनन् भन्नुभयो ।

'बहुदलीय व्यवस्था पुनः स्थापनाको ३३ वर्षयता नेका ११ पटक, एमाले ५ पटक, माओवादी ३ पटक, राप्रपा ३ पटक सरकारको नेतृत्वमा पुगे । नेकाको सरकारले नेपालको नदीनाला सबै भारतको साझा हुने सहमति गर्‍यो, सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गर्‍यो, एमालेले टनकपुर समझदारीलाई विरोध गर्‍यो तर, नेकाको देउवा सरकारले गरेको महाकाली सन्धिलाई समर्थन गरेर देशघात गर्‍यो, माओवादीले भारतीय आश्रयमा नेपालमा सशस्त्र द्वन्द्व गर्‍यो', उहाँले भन्नुभयो ।

निर्वाचनमा आचारसंहिता उल्लङ्घन गर्ने र फौजदारी अपराधका आरोपी र प्रहरीको फरार सूचीमा परेकालाई उम्मेदवार बनाउनेहरू यी नै शासक पार्टीहरू हुन्,



सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'किसानलाई रासायनिक मलको व्यवस्था नगर्ने, युवालाई वैदेशिक रोजगारीको नाममा सस्तो ज्यामी बन्न बाध्य बनाएर प्राप्त रेमिट्यान्सबाट भारतसँग दाल, चामल, तरकारी र खाना पकाउने ग्याससमेत किन्न लगाएर व्यापारघाटा २० खर्ब रुपियाँ र सार्वजनिक ऋण २० खर्ब रुपियाँ देशलाई बोकाउने सरकारमा गएका पार्टीहरू नै हुन् ।'

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालीहरूको कला, संस्कृति, सम्पदा र भाषा जोगाउन नपाले पाठ्यक्रमको व्यवस्था गरेको बताउनुभयो ।

भनपाले सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र सरसफाइको क्षेत्रमा गरिरहेको कामबारे जान्न अन्य गाउँपालिका र नपाका जनप्रतिनिधिहरू आइरहेको पनि प्रमुख प्रजापतिले बताउनुभयो ।

आ-आफ्नो दलको सिद्धान्त र विचार छोडेर गरिएको सिद्धान्तहीन र अनैतिक गठबन्धन गरेर देशमा गलत सन्देश दिएको विचार व्यक्त गर्नुहुँदै उहाँले भारतीय शासकहरूले नेपालको जलस्रोत एकएक गरेर कब्जा गरिरहेको बताउनुभयो ।

स्वतन्त्र व्यक्तिलाई राष्ट्रपति बनाउने बखान गरेर देशमा थप राजनीतिक अस्थिरता निम्त्याउने षड्यन्त्र बुनिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'कतै यो दलको औचित्य समाप्त पार्ने खेल त होइन ?'

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले मजदुर, किसान तथा शोषित पीडित जनतालाई राजनीतिकरूपले सचेत पार्दै सङ्गठित गरिरहेको स्पष्ट पार्नुहुँदै नेमकिपाले जनचेतना जगाउने वर्गीय सङ्घर्ष गरिरहेको बताउनुभयो ।

निर्वाचित सांसदहरूको शपथग्रहण नहुँदै गठबन्धन दलका नेताहरूमा अहिले प्रम, मन्त्री, सभामुख आदि बन्नेतर्फ होडबाजी भइरहेको चर्चा गर्नुहुँदै सांसद गोसाईंले नेपालभाषा साहित्य तःमुंज्या पनि भाषिक र साहित्यिकसँगै वर्गीय आन्दोलनको एक दबु हो भन्नुभयो ।

नेमकिपाले प्राप्त गरेको मत स्वच्छ विचारको मत हो, देश जोगाउने र बनाउने मत हो, धाक-धम्की, पैसा र लोभलालचले प्राप्त गरेको अरू दलको मत देश बनाउने मत होइन, उहाँले भन्नुभयो ।

(तस्बिर फेसबुक)

## नेमकिपाका सैंजू र काफ्ले प्रदेशसभा सदस्य

मङ्सिर ४ मा सम्पन्न बागमती प्रदेशसभा सदस्य निर्वाचनको क्रममा नेपाल मजदुर किसान पार्टीले पाएको कूल ६८,८२२ मतको आधारमा समानुपातिकतर्फ दुईजना प्रदेश सदस्य निर्वाचित भएका छन् ।



सृजना सैंजू



गीता काफ्ले

पार्टीले यसअघि नै निर्वाचन आयोगमा बुझाएको बन्द सूचीमा रहेकाहरूमध्ये जनजातिको तर्फबाट सृजना सैंजू र खस आर्यको सूचीबाट गीता काफ्लेको नाम सिफारिस गरेपछि उहाँहरूलाई आयोगले पुस ३ गते प्रदेशसभा सदस्यको प्रमाणपत्र प्रदान गरेको हो ।

## वागीश्वरी कलेजका विद्यार्थीहरुद्वारा भक्तपुर नपाको अवलोकन



वागीश्वरी कलेजमा स्नातक तह अन्तर्गत बीए दोस्रो र तेस्रो वर्षमा ग्रामीण विकास विषय लिई अध्ययनरत विद्यार्थीहरूले स्थानीय तहको शैक्षिक र प्रशासनिक व्यवस्थासम्बन्धी अध्ययनको सिलसिलामा पौष ४ गते भक्तपुर नगरपालिकाको अवलोकन भ्रमण गरेको छ ।

अवलोकनको क्रममा आयोजित कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षण लगायत विकास निर्माणसम्बन्धी विविध गतिविधिहरूको बारेमा चर्चा

गर्नुभएको थियो भने प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले नगरपालिकाको सङ्क्षिप्त परिचय, सेवा प्रवाह र शाखागत कार्यहरूको बारेमा जानकारी प्रदान गर्नुभयो ।



कार्यक्रममा वागीश्वरी कलेजका शिक्षक र विद्यार्थीहरू गरी ४५ जना सहभागी रहेको थियो ।

### इन्जिनियरिङ कलेजमा पुरस्कार वितरण

## सिद्धान्त बेच्ने शासक दलहरूले व्यक्तिगत लाभको निम्ति काम गर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको संयुक्त आयोजनामा कलेजद्वारा विभिन्न समयमा आयोजित खेलकुद प्रतियोगिता र अतिरिक्त क्रियाकलापका विजयी खेलाडीहरूलाई पुस ७ गते कलेजको सभाहलमा मेडल तथा पुरस्कार वितरण गर्नुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख **प्रजापति**ले खेलकुदले विद्यार्थीहरूमा फरक किसिमको उत्साह प्रदान गर्ने बताउनुहुँदै विद्यार्थीहरूले पढाई सँगसँगै खेलकुदलाई पनि व्यवस्थित ढङ्गले अगाडि बढाउन सके व्यक्तित्व विकासमा टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर नपाले यही पुस ५ देखि ९ गतेसम्म सञ्चालन गरेको नगरव्यापी विद्यालयस्तरीय प्रतियोगितामा २५ सयभन्दा बढी खेलाडीहरू सहभागी भएको अवगत गराउनुहुँदै उहाँले खेलाडीहरू देशभक्त हुनुपर्ने बताउनुभयो ।

पुँजीवादी सिद्धान्त र समाजवादी सिद्धान्तबीचको भेदबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले आफ्नो सिद्धान्त बेचेर फाइदाको राजनीति गर्ने शासक दलहरूले देशको हितमा भन्दा व्यक्तिगत लाभ र हितको निम्ति काम गर्नेबारे सचेत पार्नुभयो ।



उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्यद्वय **सुजन माक** र **सुनिल दुवाल**ले कलेज स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीहरूले आफ्नो कार्यक्षेत्रमा इमानदारीपूर्वक काम गरी देशको सेवामा काम गर्न प्रेरणा दिनुभयो ।

उक्त कार्यक्रममा कलेजका उपप्राचार्यहरू **रत्नशोभा प्रजापति** र **रबिन्द्र फाँजु** र कलेजका **सञ्जय मानन्धर**ले विद्यार्थी जीवनमा खेलकुदको महत्त्वबारे प्रष्ट पार्नुभयो ।

## प्रममा दाहाल नियुक्त



मङ्सिर ४ गतेको चुनावबाट सङ्घीय संसद्मा कुनै दलको बहुमत नआएकोले राष्ट्रपति विद्यादेवी भण्डारीबाट संविधानको धारा ७६ (२) बमोजिम संयुक्त सरकार गठनका

लागि गरेको आह्वानअनुसार सात दल र स्वतन्त्र गरी १६९ सांसदको समर्थनमा पुष्पकमल दाहाललाई प्रधानमन्त्री नियुक्त गरिएकोछ। ११ पुसमा प्रम पदको शपथ ग्रहणसँगै सानो मन्त्रीमण्डल गठन भएको छ।

चुनावी गठबन्धन गरेका कारण दाहाल कांग्रेससँगै मिलेर जाने पक्षमा थिए। तर नेकाले प्रम नछोड्ने अडान लिएपछि दाहाल 'नाटकीय' ढङ्गमा ओली निवास पुगे र आलोपालो प्रधानमन्त्री हुने समझदारीमा प्रममा नियुक्त भए। स्मरणीय छ, विगतमा आलोपालो प्रधानमन्त्री हुने सहमति कार्यान्वयन नभएको भन्दै दाहाल, माधव नेपाल आदि नेकासँग मिल्न गई नेकपा विभाजित र नेकाको सरकार गठन भएको थियो ।

सत्ताकै कारणले फुटेको एमाले र माओवादी केन्द्रलाई अहिले फेरि सत्ताले नै एक ठाउँमा ल्याएको छ।

## प्रअ गङ्गाधर हाडाको निधन



मेधा मावि भक्तपुरका प्रधानाध्यापक गङ्गाधर हाडाको पुस ११ गते सोमबार बिहान विद्यालय जाँदै गर्दा स्थानीय बाराही स्थानको उकालोमा अन्दाजी साढे नौ बजेतिर निधन भएको थियो। पुस १३ गते स्थानीय हनुमानघाटमा उहाको अन्त्येष्टि गरिएको छ।

मोटरसाइकलमा स्कूल जाँदै गर्दा गाह्रो भएपछि स्थानीय एक पसलमा रोकेर उहाँले पानी माग्नुभएको थियो। बोटलको बिर्कोसमेत खोल्न नसकी उहाँ त्यही ढल्नुभएको थियो। उहाँलाई उपचारार्थ तत्काल भक्तपुर अस्पताल पुऱ्याइएको थियो तर बाटैमा निधन भएको अस्पतालले जनाएको थियो। चिकित्सकहरूका अनुसार उहाँको निधन उच्च रक्तचापका कारण भएको हो।

नेपाल शिक्षक महासङ्घ भक्तपुरको पूर्वअध्यक्ष रहेका उहाँ विगत डेढ दशकदेखि मेधा माविको प्रधानाध्यापकमा हुनुहुन्थ्यो। विद्यार्थीको अभावले स्कूल नै बन्द हुने अवस्थामा पुगेको कन्या माविलाई उहाँकै नेतृत्वमा मेधा मावि बनाउनुका साथै देशकै उत्कृष्ट विद्यालय बनाउन उहाँ सफल हुनुभएको हो ।

२०२३ साल मङ्सिरमा जन्मिनुभएका उहाँका श्रीमती, एक छोरा र एक छोरी छन्।

२०४७ सालमा भक्तपुरको सूर्योदय माविबाट शिक्षण पेशामा लाग्नुभएका उहाँले ज्ञानविजय आवि, आदर्श मावि र बोडे मावि हुँदै कन्या माविमा आउनुभएको थियो।

आफ्नो आस्थामा दृढताका साथ उभिने, शिक्षण पेशामा समर्पित भएर लाग्ने र व्यवहारमा अत्यन्त मिलनसार, मृदुभाषी हाडाको निधनले शिक्षा क्षेत्रमा अपूरणीय क्षति पुगेको अनुभव गरिएको छ।

## उपप्रमुख रजनी जोशी र जनप्रतिनिधिहरुद्वारा श्रद्धाञ्जली



भक्तपुर नपाका उपप्रमुख रजनी जोशी र जनप्रतिनिधिहरूद्वारा पुस १३ गते मेधा माविका प्रधानाध्यापक दिवङ्गत गङ्गाधर हाडाप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

अन्त्येष्टिअघि उहाँको पार्थिव शरीरलाई मेधा विद्यालयको प्राङ्गणमा राखिएको थियो। उहाँका आफन्त एवं शिक्षा क्षेत्रका विभिन्न व्यक्तिहरूले श्रद्धाञ्जली अर्पण गरेका थिए। श्रद्धाञ्जलीपश्चात् वंशगोपाल, नासमना, टौमढी, सुकुलढोका, इनाचो हुँदै हनुमानघाटसम्म शवयात्रा निकालिएको थियो ।

## भ्याली बोर्डका सदस्यहरुद्वारा मेलम्ची आयोजनाको स्थलगत निरीक्षण

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड)का कार्यकारी समितिका पदाधिकारीहरूले नेपालको राष्ट्रिय गौरवको आयोजना सिन्धुपाल्चोकको मेलम्ची खानेपानी आयोजनाको पुस १३ गते स्थलगत निरीक्षण गर्नुभयो।



काठमाडौँ उपत्यकाको खानेपानीको स्थायी समाधानको लागि एशियाली विकास बैंकको ऋण लगानीमा तयार भएको मेलम्ची खानेपानी आयोजनाबाट गत वर्षदेखि खानेपानी आपूर्ति शुरु भएको थियो । तर २०७८ साल असार १ गते आएको बाढीले मेलम्ची खानेपानी आयोजनाको महत्त्वपूर्ण निर्माणस्थल डुवानमा पर्नुका साथै अधिकांश संरचनाहरूमा क्षति पुऱ्याएको थियो । यो वर्ष मङ्सिर महिनादेखि उपत्यकामा पानी वितरण शुरु भएको छ । त्यो अस्थायी रूपमा मात्र भएकोले स्थायी समाधानका लागि उपयुक्त विकल्पबारे अध्ययन गर्न भ्याली बोर्ड, केयुकेएलका पदाधिकारी तथा प्राविधिक टोलीले स्थलगत निरीक्षण गरेको हो । स्थलगत निरीक्षणको क्रममा आयोजनाको महत्त्वपूर्ण भाग पुरिएको अवस्थामा रहेको र त्यसलाई पन्छाउने तथा अस्थायी रूपमा मात्र पानी पठाउने व्यवस्था गरिएको सहभागीहरूले बताएका छन् ।



उक्त आयोजनाको लागि हालसम्म रु. ३०.५ अर्ब खर्च भइसकेको र दैनिक १७ करोड लिटर पानी आपूर्ति हुने आयोजनाका पदाधिकारीहरूले बताउनुभयो । कूल २७ किमी सुरुङ खनेर लामो समय पछिमात्रै उपत्यकाका जनताले पानी खान पाएकोमा गत वर्षको बाढीको कारण जनता निरास भएका थिए । उपत्यकाको लागि हाल दैनिक ४० करोड लिटर पानीको आवश्यकता रहेको काठमाडौँ उपत्यका खानेपानी लि.को भनाइ छ । याँग्री र लार्केको पनि यसमा जोडिएको खण्डमा अर्को ३४ करोड लिटर दैनिक थपिने छ । त्यसको लागि ९ किमी सुरुङ खन्नुपर्ने आयोजनाको भनाइ छ । बजेटको व्यवस्था भए ३ वर्षभित्र उक्त सुरुङ खनिसक्ने र उपत्यकाको लागि पर्याप्त पानीको व्यवस्था गर्न सकिने आयोजनाका पदाधिकारीहरूको भनाई छ । यसको लागि नेपाल सरकारले ध्यान दिनुपर्नेमा सबैको जोड रहेको छ ।

सरकारले मेलम्ची खानेपानी विकास समिति खारेज गरेपछि अर्को विकल्प नदिएको कारण कुनै पनि काम अघि नबढेको र कर्मचारीहरूले समेत श्रावण महिनादेखि तलब खान नपाएको गुनासो भ्याली बोर्डका पदाधिकारी तथा सदस्यहरू समक्ष कार्यरत कर्मचारीहरूले गुनासो गरे ।



निरीक्षणकै क्रममा आयोजित स्वागत कार्यक्रममा बोर्डका सदस्य **सुनिल प्रजापति**ले मेलम्चीको पानी काठमाडौँ उपत्यकामा वितरण भएसँगै खानेपानी समस्या केही हदसम्म समाधान भएको बताउनुहुँदै मेलम्ची आयोजनालाई सङ्घ सरकारले नै प्राथमिकतामा राखी आयोजनाको कार्य अगाडि बढाउनुपर्ने बताउनुभयो । सो क्रममा बोर्डका अध्यक्ष बालेन्द्र शाह, अर्का सदस्यहरू ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन र मध्यपुर नपाका प्रमुख सुरेन्द्र श्रेष्ठले मेलम्चीको पानी वितरण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आयोजनाको कार्यलाई निरन्तरता दिइनुपर्ने बताउनुभयो । भ्याली बोर्डमा उपत्यकाका काठमाडौँ, ललितपुर, भक्तपुर, मध्यपुर र कीर्तिपुर नगरपालिकाका प्रमुखहरू सदस्य हुने कानूनी व्यवस्था छ ।

मेलम्ची आयोजनाका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले आयोजनाबारे प्रस्तुतीकरण दिनुहुँदै मेलम्ची आयोजनाका विभिन्न अवधिका उपलब्धिहरू, हालसम्म निर्माण सम्पन्न भएका मुख्य संरचनाहरू, हालसम्मको खर्च र आगामी दिनमा गर्नुपर्ने तथा गर्न सकिने कार्यहरूबारे प्रष्ट पार्नुभयो । उहाँले मेलम्ची खानेपानी विकासलाई पुनः

ब्युँताउनुपर्नेमा जोड दिनुहुँदै वर्षातको समयमा पानी पथान्तरण गर्न मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गर्नुपर्ने र आयोजनाको दोस्रो चरण (यांग्री र लार्के) कार्यान्वयन यथाशक्य सुरु गर्नुपर्ने धारणा राख्नुभयो ।

यसका साथै भ्रमण टोलीमा बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणा, नेपाल सरकार खानेपानी मन्त्रालयका सहसचिव मिनु श्रेष्ठ, वडाध्यक्ष तथा सरोकारवाला कर्मचारीहरूको समेतको सहभागिता रहेको थियो । टोलीले मेलम्ची आयोजनाको हेडवर्क्स/टनेल/पानी प्रशोधन केन्द्र आदि संरचनाहरूको अवस्था तथा समग्र मेलम्ची खानेपानीको अवस्थाबारे बुझ्न स्थलगत अध्ययन/अवलोकन भ्रमण गरेको हो ।

## 'भक्तपुरका जनताको बेजोड एकता भक्तपुरलाई उदाहरणीय बनाउने सुत्र हो'




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले (क्षेत्रगत) अन्तर्गत महेश्वरी बैंक्वेटमा भएको सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को २८ औँ वार्षिक साधारणसभाको पुस ९ गते पानसमा दीप प्रज्ज्वलनका साथ उद्घाटन गर्नुभयो ।

साधारणसभाको पूर्ण सफलताको कामना गर्नुहुँदै प्रमुख **प्रजापति**ले सहकारी संस्थाहरूले सहकारीको आफ्नै मूल्य, मान्यता र सिद्धान्तको आधारमा सबै सदस्यहरूको हितमा काम गर्न जरुरी रहेको उल्लेख गर्नुभयो ।

उहाँले संस्थाका सदस्यहरूलाई समय–समयमा देशको राजनैतिक विषयवस्तुमा प्रशिक्षण सञ्चालन गरी आफ्ना सदस्यहरूको सांस्कृतिक स्तर उठाउने र सीपमूलक तालिमहरू सञ्चालन गरी देशलाई आत्मनिर्भर बनाउन विशेष भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर आज देशको सफा नगर र शिक्षामा अगाडि बढेको नगरको रूपमा परिचित हुनुमा नगरपालिका मात्रै नभई यहाँका राजनैतिक दलका कार्यकर्ताहरू, सामाजिक कार्यकर्ताहरू विभिन्न सङ्घ-संस्थाहरू, सहकारीहरूको पनि उत्तिकै योगदान रहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका जनताको बेजोड एकता, कसैसँग नझुक्ने निर्भिकता र स्वाभिमानीपूर्वक गौरवपूर्ण जीवन जिउने सोचले नै भक्तपुरलाई सफलतापूर्वक अगाडि बढाउने सूत्रको रूपमा रहेको धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले कोरोना महामारीको बेला अक्सिजन प्लान्ट राख्न यहाँका स्थानीय जनता, सङ्घ-संस्था र सहकारीका मित्रहरूले गर्नुभएको अमूल्य सहयोग अविस्मरणीय रहेको बताउनुहुँदै सङ्कटको बेला सबै एक भएर सामना गर्नुपर्छ भन्ने उदाहरण कोरोना महामारीले छाडेर गएको र यस्ता सङ्कटलाई एक अवसरको रूपमा बदल्न नगरपालिका निरन्तर दृढ र सङ्कल्पित भएर लागिरहने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सिद्धि गणेश साकोसका सञ्चालक कृष्णगोविन्द लाखाजुले बढी लाभांश दिने प्रलोभन देखाई सदस्य सङ्ख्या उल्लेख्य बढाउने, छोटो समयमा अर्बौंको पैसा जम्मा गर्ने र सहकारी सिद्धान्त विपरीत सञ्चालकहरू स्वयम्ले घर जग्गा कारोबारमा लगानी गर्ने जस्ता विकृतिहरू देखिएको हुँदा त्यस्ता सहकारी संस्थाहरूबाट सदस्यहरू सजग हुनुपर्ने धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा साकोसका सञ्चालक रामलक्ष्मी शिल्पकारले अध्यक्षको तर्फबाट आ.व. २०७८-७९ को प्रगति तथा आ.व. २०७९/८० को प्रस्तावित कार्यक्रम, सञ्चालक राजाराम दुवालले कोषाध्यक्षको तर्फबाट आ.व. २०७८/७९ को आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०७९/८० को अनुमानित बजेट प्रस्तुत गर्नुभएको थियो भने लेखा सुपरीवेक्षण समितिका सदस्य हेरा ख्याजुले समितिका संयोजकको तर्फबाट लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभएको थियो ।

सोही क्रममा प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट असल बचतकर्ता र ऋणीलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## सहकारी संस्थाहरू लेनदेनमा मात्र सीमित हुन नहुने

'सहकारी संस्थाहरू आर्थिक लेनदेनमा मात्रै सीमित नरही सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमहरू



सञ्चालनमा जोड दिनुपर्छ ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पुस १६ गते सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि. को १५ औँ वार्षिक साधारणसभाको उद्‌घाटन सत्रमा व्यक्त गर्नुभएको हो ।

उहाँले सहकारीको नाउँमा रकम ठग्ने प्रवृत्ति बढ्दै गएको प्रति सचेत हुन आग्रह गर्नुहुँदै भन्नुभयो, धेरै ब्याज दिने प्रलोभन देखाई केही सहकारीहरूले रकम असुलिरहेका छन् । तिनीहरू भागेको अवस्थामा सदस्यहरूको विचल्ली हुन्छ । समुदायमा आधारित भरपर्दो सहकारीसँग मात्रै कारोबार गरेमा पश्चाताप गर्नुपर्ने छैन ।

प्रमुख अतिथि प्रजापतिले महिला र पुरुषबीचको समानता शब्दमा होइन व्यवहारमा देखाउन महिलाहरूलाई शिक्षा र रोजगारीमा प्राथमिकता दिनु आवश्यक छ भन्नुभयो ।

कृषिप्रधान देशमा वर्षको अर्बौं रुपैयाँको दाल, चामल, गहुँ जस्ता खाद्यान्न र तरकारीसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्थालाई सरकारमा जाने पुँजीवादी दलहरू जिम्मेवार रहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले पैसा कमाउने गलत नियत राखेर सञ्चालन गरेका सहकारीहरूबाट सर्वसाधारण जनता सचेत हुनुपर्ने बताउनुहुँदै नेपाल वैदेशिक ऋणमा थिच्दै उम्कनै नसक्ने बिन्दुमा पुऱ्याउन विश्व बैंक, एसियाली विकास बैंकजस्ता साम्राज्यवादीहरूका आर्थिक हतियारहरू सक्रिय रहेको स्पष्ट पार्नुभयो ।

संस्थाका सल्लाहकार **नाति कवां**ले सहकारीले आलुको बीउ उत्पादन गरी किसानहरूलाई वितरण गरिसकेको र आगामी दिनमा पनि यस्ता गतिविधिहरू निरन्तर गरिरहने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा जिल्ला बचत सङ्घका प्रतिनिधि कृष्णाश्वरी मचामसी, सल्लाहकार विष्णुभक्त मारिखुलगायतले सहकारीको प्रगतिको निम्ति शुभकामना दिनुभयो । सो कार्यक्रममा ७० वर्ष नाघेका ४५ जना ज्येष्ठ नागरिकहरूलाई प्रमुख अतिथि प्रजापतिबाट सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष सानुकाजी त्वानाबासुको अध्यक्षतामा सम्पन्न उद्‌घाटन सत्रमा सानुकाजी चिकंबन्जारले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# महान् खेलाडी पेलेको निधन



विश्व फुटबलका 'बादशाह', 'कालो मोती', फुटबलको 'राजा' फुटबलका जादुगर, फुटबलका 'श्रीपेचबिनाका सम्राट' फुटबलका सर्वकालीन महान् नायक जस्ता विशेषणले सम्मानित विश्व प्रसिद्ध पेले उपनामले चिनिएका एड्सन आरान्तेस डो नास्सिमेन्टो (Adson Arantes do Nascimento-1840 October 23-2022 december 29) को ८२ वर्षको उमेरमा लामो समयदेखि क्यान्सरसँग सङ्घर्ष गर्दै पुस १४ गते मध्यरातमा निधन भयो ।

पेले तिनै खेलाडी हुन्, जसले फुटबललाई सुन्दर खेल बनाए । आज विश्व फुटबलको जुन चहलपहल छ, त्यो सबै पेलेकै कारण थियो भन्दा कुनै अतिशयोक्ति हुने



छैन ।

उत्तरी रियो दी जेनेरियोको मध्यम परिवारमा जन्मिएका पेलेका बुबा अर्धव्यावसायिक फुटबल खेलाडी थिए । उनले अभावग्रस्त वचपनमा नाङ्गा खुट्टाले झुम्राको बल खेले र फुटबलको सुन्दरतम् कला सिके ।

१५ वर्षको उमेरमा साओ पाउलोमा डेब्यू गरेका पेलेले १९५८, १९६२ मा लगातार दोस्रो पटक र १९७० मा गरी तीनपटक ब्राजिललाई विश्वकप दिलाए । विश्व फुटबलमा अर्को कुनै त्यस्तो खेलाडीले तीन पटक विश्वकप उपाधि जित्ने सौभाग्य पाएका छैनन् । १९६२ पछि कुनै पनि देशले लगातार दोस्रो पटक उपाधि जित्न सकेका छैनन् । पहिलो पटक जित्दा उनी १७ वर्षका मात्र थिए । आजको दिनसम्म उनले सबैभन्दा कान्छो उमेरमा विश्वकप फाइनल खेल्ने र विश्वकप फाइनलमा गोल गरेको कीर्तिमान यथावत् छ ।



सन् १९७० को विश्वकप फिफाले पहिलो पटक रङ्गीन टेलिभिजनमा प्रत्यक्ष देखाएको थियो, जहाँ पेलेले अन्तिम विश्वकपमा जादुगरी खेल प्रदर्शन गरेका थिए । त्यसले टेलिभिजन प्रत्यक्ष प्रसारणमा ठूलो क्रान्ति ल्यायो । इटालीविरुद्धको फाइनलमा पेलेले हेडबाट गरेको गोललाई विश्वकपको उत्कृष्ट गोलहरूमा राखिएको छ ।

जब उनले एक हजारौँ गोल गरे, त्यसलाई उनले ब्राजिलका गरीब बालबालिकाका निम्ति समर्पित गरे ।

एड्सन बाट पेले भएकोबारे बताइन्छ कि उनका बुबाको टोलीबाट खेल्ने एक जनाको नाम बेले थियो । तर उनी बेलेलाई पेले भन्थे र पछि उनकै नामकरण पेले



गरियो ।

उनले न्युयोर्कमा १९७७ को अक्टोबर १ मा आफ्नो खेलजीवनको अन्तिम खेल खेलेका थिए ।

फिफाको तथ्याङ्कअनुसार उनले कूल १ हजार ३ सय ६३ खेल खेल्दै १ हजार २ सय ८१ गोल गरे, जुन पेलेको अर्को कीर्तिमान थियो ।

एक दर्जनजति फिल्ममा समेत अभिनय गरेका पेले एकमात्र खेलाडी हुन् ।

सन् १९९४ देखि १९९८ सम्म पेले ब्राजिलको खेलकुदमन्त्री बनेका थिए । त्यसअघि कुनै अश्वेत नागरिक ब्राजिलमा त्यो पदसम्म पुगेका थिएनन् । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले सन् १९९९ मा **'शताब्दी-खेलाडी'** उपाधि र सन् २००० मा विश्व फुटबलको सर्वोच्च संस्थाले पेलेलाई **'शताब्दीको उत्कृष्ट खेलाडी'**मा चुनेको थियो ।




ब्राजिलका राष्ट्रपति लुलासँग पेले (२८ जुन २००८)

उनलाई ब्राजिलको सरकारले राष्ट्रिय सम्पत्ति घोषणा गरेको छ । फुटबल, ब्राजिल र पेले एकअर्काका पर्यायवाची हुन् ।

पेलेको सम्मानमा तीन दिन शोक मनाउन ब्राजिलियन सरकारले तीन दिन बिदा दिएको छ ।

**पेलेप्रति हार्दिक श्रद्धाञ्जली !**

# संक्षेपमा

## सैनिक आवासीय महाविद्यालयका प्रमुख सेनानी सन्तोष कार्कीको बिदाइ



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. १ स्थित सैनिक आवासीय महाविद्यालयका प्रमुख सेनानी सन्तोष कार्कीलाई मङ्सिर २६ गते बिदाइ गर्नुभयो ।

## वक्तृत्वकला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ९ को आयोजनामा भएको लैङ्गिक हिंसाविरुद्ध अभियानअन्तर्गत भक्तपुर नगरव्यापी कक्षा ११ र १२ का विद्यार्थीहरूबीच वक्तृत्वकला प्रतियोगिता र विजेताहरूलाई मङ्सिर २७ गते पुरस्कार वितरण कार्यक्रम भयो ।

## देगमना फल्चा उद्घाटन






भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वडा नं. ३ स्थित नवनिर्मित देगमना फल्चाको मङ्सिर २७ गते उद्घाटन गर्नुभयो ।

## विज्ञान प्रदर्शनी





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट भनपाद्वारा सञ्चालित ख्वप कलेज, देकोचामा भइरहेको विद्यालयस्तरीय विज्ञान प्रदर्शनीको पौष ३ गते अवलोकन गर्नुभयो । सो प्रदर्शनीमा भक्तपुर नगरक्षेत्रका ख्वप मावि, बासु मावि, मेधा मावि, तारा मावि, श्री पद्म मावि, वागीश्वरी मावि, एभरेष्ट ई. स्कूल, अक्स्फोर्ड

प्राक्टिकल स्कूल र इमेज स्कूल गरी ९ ओटा विद्यालयहरूले भाग लिएका थिए भने सो प्रदर्शनीबाटै उत्कृष्ट प्रदर्शनी छनोट गरी प्रदेशस्तरीय विज्ञान प्रदर्शनीमा भाग लिन पठाइनेछ । एक दिने सो प्रदर्शनीको दुई हजारभन्दा बढी विद्यार्थीहरूले अवलोकन गरेका थिए ।

## नि:शुल्क स्वास्थ्य शिविर



*तस्बिर : मजदुर दैनिक*

भक्तपुर नगरपालिका वडा नं. १० बाट पुस १० गते आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा ६० वर्ष नाघेका ज्येष्ठ नागरिक र श्वासप्रश्वासका रोगीहरूको सुगर लेभल, ब्लड प्रेसर तथा फोक्सो जाँच गरी औषधि सिफारिस गर्नुका साथै थप उपचार आवश्यक भएकालाई ख्वप अस्पताल आउन सुझाव दिइयो ।

शिविरमा ख्वप अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम्सेविकाहरूले सेवा पु ऱ्याउनु भएको थियो भने आवश्यक व्यवस्था वडाका जनप्रतिनिधि र कर्मचारीहरुले गरेका थिए ।



उक्त शिविरमा ११० जनाको स्वास्थ्य जाँच गरिएको जानकारी वडा कार्यालयले दिएको छ ।

## सैनिक महाविद्यालय पुरस्कार वितरण

